## अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

सामान्य अर्थमा नयाँ कुराको खोजी गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न अनुसन्धान गरिन्छ । व्यवस्थित एवम् तर्क सङ्गत प्रक्रियाको अवलम्बन गरी नयाँ तथ्य पत्ता लगाउने वा पुरानै तथ्यको पुनर्व्याख्या गर्ने काम अनुसन्धानले गर्दछ । अनुसन्धानको पर्यायवाची शब्दका रूपमा शोध, गवेषण, खोज, खोजी, सोधखोज जस्ता शब्दहरूको प्रयोग हुन्छन् । यसरी कुनै पनि विषयमा गहन अध्ययन गरी त्यसमा रहेको ज्ञानरूपी सत्य वा सारवस्तुको खोजीलाई अनुसन्धान भनिन्छ । लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखा परेको नवीन पद्धति हो । लैङ्गिकता भन्नाले महिला र पुरुषको सामाजिक, सांस्कृतिका अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँछ । यो महिला र पुरुष दुबैका विभिन्न भूमिका, व्यवहार, दृष्टि, आदर्श, अवस्थाको अध्ययन गर्ने विषय हो । लैङ्गिक अध्ययनको विकास सन् १९८० को दशकपछि विकसित भएको विषय हो । वास्तवमा लैङ्गिक अध्ययन महिला र पुरुषबिचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक समानता तथा असमानता, विभेद, दमन, शोषण आदिको अध्ययन विश्लेषण गर्ने विषय हो । यो सामाजिक विज्ञानमा देखा परेको नयाँ विषय हो । जसले सामाजिक तथा सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्राविधिक आदि पक्षहरूमा महिला तथा पुरुषको अवस्था स्थितिको विश्लेषण गर्दछ (अर्याल, २०६८ : १) । समग्रमा भन्नुपर्दा नारी र पुरुष जन्मैदेखि छुट्टा छुट्टै जैविक संरचना लिएर यस सांसरिक समाजमा आएका हुन्छन् । यसरी जैविक संरचनाको आधारमा नारी पुरुषबिच विद्यमान भिन्नतालाई लिङ्ग भनिन्छ । लिङ्गअन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ ।

सामान्य बुझाइमा लैङ्गिक शब्दले लिङ्ग (सेक्स) लाई नै बुझाउँछ । लिङ्ग शब्दले नै लैङ्गिकता शब्दलाई व्यक्त गरेको हुन्छ । यी दुबै अङ्ग्रेजी शब्द (सेक्स /जेन्डर) लाई बुझ्न दुई ओटा अवधारणामा राखेर बुझ्ने प्रयत्न गरेमा बढी स्पष्ट हुन्छ । जसमा सेक्सलाई

प्राकृतिक लिङ्ग र जेन्डरलाई सामाजिक लिङ्गअन्तर्गत राखेर अध्ययन गर्न सकिन्छ (खनाल, २०६८ : ४८) । यसर्थ लिङ्ग (सेक्स) प्राकृतिक हो । यो जन्मजात हुन्छ ।

लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह र दूराग्रहबाट माथि उठेर दिगो मानवहित खोज्ने विषय हो । यो एक पक्षीय र मनगढन्ते दृष्टि, अध्ययनबाट टाढा रही सर्वपक्षीय (महिला र पुरुष ) हित र भलो खोज्ने विषय हो । लैङ्गिक रूपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने विषय हो । नत यसको उद्देश्य पितृसत्तात्मक समाजको निर्माण गर्नु हो, न पुरुषहरूलाई परास्त गरी महिला राज्य सिर्जना गर्नु हो । बरु महिला पुरुषको सहयात्राद्वारा लैङ्गिक समतामूलक, उन्नत र दीगो समाजको निर्माण गर्नु हो (अर्याल, २०६८ : १) । यसरी लैङ्गिक अध्ययन भन्नाले लैङ्गिक अर्थात महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई बुझिन्छ ।

## १.२ समस्याकथन

अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका लागि सिलसिलामा 'समस्या' भन्नाले अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु भन्ने बुझ्नुपर्छ ( बन्धु, २०६५ : १७ ) । कुनै पनि अनुसन्धानमूलक कार्यमा समस्या पहिचान गर्ने कार्य निकै जटिल कार्य मानिन्छ । समस्याको पहिचान गरेमात्र अनुसन्धानलाई निश्चित गन्तव्यमा पुऱ्याउँन सकिन्छ । *'ताप'* उपन्यासमा लङ्गिकता कस्तो कस्तो तरिकाले प्रयोग भएको छ ? उक्त कुराको कौतुहलता नै शोधपत्रको प्रमुख समस्याको रूपमा रहेको छ । यसको अतिरिक्त *ताप* उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ? उपन्यासमा के कस्तो लैङ्गिक चेतना प्रस्तुत भएको छ ? यसमा प्रयुक्त लैङ्गिकताको भाषा कस्तो रहेको छ ? भन्ने विभिन्न समस्याहरूको अध्ययन शोधमा गरिएको छ । यसै अवस्थालाई केन्द्रमा राखी निम्नलिखित प्राज्ञिक समस्याको विश्लेषण गरी शोधको समस्या समाधान गरिएको छ :

क) *'ताप'* उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ?

ख) *'ताप'* उपन्यासमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ ?

ग) *'ताप'* उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

कुनै पनि शोधकार्यको उद्देश्य सम्बद्ध शोधसमस्याहरूको प्रामाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोध समस्याले शोधार्थीलाई स्पष्ट बाटो देखाउने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटो देखाउँछ । त्यसैले शोध समस्या शीर्षकमा केन्द्रित हुन्छ भने उद्देश्य समस्यामा केन्द्रित हुन्छ । कुनै पनि कार्य सफलतापूर्ण ढङ्गबाट गर्नुपूर्व निर्धारित उद्देश्यको आवश्यक पर्दछ । अनुसन्धान जस्तो जटिल र कठिन कार्यमा उद्देश्य एक महत्त्वपूर्ण पक्ष हो । उद्देश्यले कार्यलाई निश्चित दिशासम्म पुऱ्याउने काम गर्दछ । समस्यामा भनिएका प्राज्ञिक प्रश्नहरूको समाधान नै अनुसन्धानको उद्देश्य हो (बन्धु, २०७० : १७) । शोधको समयमा शोधार्थीहरूलाई जब समस्या आइपर्दछ तब त्यहाँ उचित किसिमको समाधानको बाटो पनि खोजिन्छ, जुन समाधान नै उद्देश्य हो । समस्याको उपयुक्त पहिचान गर्न सके मात्र अनुसन्धानलाई गन्तव्यमा पुऱ्याउन सकिन्छ । तसर्थ *'ताप'* उपन्यासमा लैङ्गिकताको विश्लेषण गर्नु शोधको उद्देश्य रहेको छ । यी समस्याहरूको समाधान गर्नका लागि प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू उल्लेख गरिएको छ :

क) '*ताप*' उपन्यासमा लैङ्गिक अवस्थाको पहिचान गर्नु,

ख) '*ताप*' उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु,

ग) लैङ्गिक दृष्टिले *ताप* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

शोधपत्रमा शोधार्थीले आफूले गर्न लागेको शोधको औचित्यमाथि प्रकाश पार्नु नै शोधको सान्दर्भिकता र उपादेयता हो । अनुसन्धानको माध्यमबाट आफूले अध्ययन वा अनुसन्धान गर्ने मापदण्ड के कस्तो छ भनी उपयुक्त तथ्य र कारण पत्ता लगाई प्रस्तुत गर्नु अनुसन्धानको मुख्य सान्दर्भिकता हो । नेपाल एक पितृसत्तात्मक विचारधाराले जरो गाडेको अल्पविकसित राष्ट्र भएकोले यहाँ अझसम्म पनि महिला र पुरुषबिच समान हैसियत कायम गर्न सकिएको छैन । लैङ्गिकतासम्बन्धी अनेकौं दृष्टिकोणबाट महिला र पुरुषबिच समान अधिकार प्राप्त गर्नका लागि धेरै सिद्धान्तहरू र प्रयासहरू भइरहेको अवस्थामा महिलाले अहिले पनि पुरुषप्रधान समाजमा पिल्सिएर बाँच्नु परेको नारीको अवस्थासम्बन्धी लैङ्गिक समालोचनाको सैद्धान्तिक अवधारणा र प्रायोगिक पक्ष निर्क्यौल गर्न यो शोध औचित्यपूर्ण

रहेको छ । लैङ्गिक अध्ययनको दृष्टिकोणबाट *ताप* उपन्यासको विश्लेषण गरिने हुनाले प्रस्तुत शोधको सान्दर्भिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) लैङ्गिक समानताको स्थितिको बारेमा जानकारी लिन,

ख) उपन्यासकारलगायत विभिन्न पाठ्यपुस्तकमा पनि *ताप* उपन्यासको लैङ्गिक अध्ययन उपयोगी हुने,

ग) लैङ्गिक समानतालाई सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको विश्लेषण गर्न सहयोग पुऱ्याउने,

घ) लैङ्गिक समानताको बारेमा जान्न चाहने व्यक्ति, संस्था, शोधकर्ता, सरकारी तथा गैरसरकारी क्षेत्रलाई जानकारी मिल्ने,

ङ) शिक्षण सिकाइमा लैङ्गिक चेतना, जिज्ञासु, पाठक तथा अध्ययनकर्ताहरूको अध्ययनमा उपयोगी हुने,

च) समाज परिवर्तनका लागि महिला र पुरुषको समान भूमिका भएकाले महिलालाई पनि मानवीय व्यवहारले हेर्न सहयोग पुऱ्याउने,

छ) पितृसत्तात्मक धारणामा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गराउन सहयोग मिल्ने,

ज) *ताप* उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी पाइ लैङ्गिक असमानताबाट छुट्कारा दिलाउन सहयोग पुग्दछ ।

## १.५ शोधको परिसीमा

अनुसन्धान नयाँ ज्ञानको प्राप्तिका लागि गरिने प्रयोगमूलक र व्यावहारिक कार्य हो । शोधकार्य एउटा जटिल, कठिन र चुनौतीपूर्ण कार्य हो । जुनसुकै अध्ययन अनुसन्धानको क्षेत्र, परिवेश तथा सामग्री आदिमा सम्भाव्यता व्यापक र विस्तृत हुन्छन् तर अध्ययनको क्रममा सम्पूर्ण पक्षलाई समेट्न कठिन हुने हुँदा अध्ययनको क्षेत्र र सीमालाई निश्चित रूपमा बाँधिनु पर्छ । त्यसैले लैङ्गिकताको क्षेत्र व्यापक भएकाले प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरी अध्ययन गरिएको छ :

क)	प्रस्तुत शोधकार्य *'ताप'* उपन्यासको रहेको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ ।

ख)	लैङ्गिक समालोचना र दृष्टिकोणका सैद्धान्तिक आधार निर्धारण, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समानता र समता, सांस्कृतिक चेतना, महिला शिक्षा आदिमा केन्द्रित रहेको छ ।

ग)	लैङ्गिक दृष्टिले *'ताप'* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

## १.६ शोधको रूपरेखा

शोधपत्रको  संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकताअनुसार विभिन्न परिच्छेद वा अध्याय र त्यसअन्तर्गत विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ । शोधकार्यको संरचनालाई पूर्णता दिन, व्यवस्थित बनाउन र मर्यादित तुल्याउनका लागि शोधपत्रलाई सात आध्यायमा विभाजन गरी निम्न लिखित ढाँचामा प्रस्तुत गरिएको छ :

अध्याय एकको परिचय खण्डमा अध्ययनको पृष्ठभूमि राखिएको छ । उक्त शोधलाई पूर्णता दिनका लागि निश्चित समस्या कथन राखिएको छ । ती समस्या समाधानका लागि उपयुक्त अध्ययनको उद्देश्य निर्धारण गरिएको छ । ती उद्देश्यमा केन्द्रित भएर शोधकार्य गर्नुको औचित्य बारे उल्लेख गरिएको छ । उक्त अध्ययनलाई उद्देश्यअनुसार गन्तव्यमा पुऱ्याउनका लागि अध्ययनको सीमा निर्धारण गरिएको छ र अन्त्यमा शोध वा अध्ययनको रूपरेखा निर्धारण गरिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जसअन्तर्गत शीर्षकसँग सम्बन्धित पहिले पुस्तक, पत्रपत्रिका र त्यसपछि शोध कार्यको अवलोकन गरिएको छ । यसका साथै पूर्वअध्ययन कार्य गर्नुको महत्त्व उल्लेख गरिएको छ । त्यसपछि सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । जसमा लैङ्गिकताको परिचय, महत्त्व, समता, उत्पादक भूमिका आदिको चर्चा गरिएको छ ।

त्यस्तै अध्याय तिनमा अध्ययनविधि र प्रक्रिया रहेको छ । जसमा अध्ययनविधि, सामग्रीका स्रोत, सामग्री सङ्कलन विधि, विश्लेषण प्रक्रिया उपशीर्षक रहेको छ । अध्याय चार, पाँच र छमा शोधमा राखिएका उद्देश्यहरुको विश्लेषण रहेको छ भने अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । अन्त्यमा सन्दर्भ सुची, व्यक्तिवृत्त रहेको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

## २.१ परिचय

अनुसन्धानको सिलसिलमा सम्बन्धित विषय शीर्षकमा यस भन्दा अघि भए गरेका कार्यहरूको अध्ययन गरी तिनको सारांश वा समीक्षात्मक टिप्पणी प्रस्तुत गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । पूर्वकार्यको पुनरावलोकनले सम्बन्धित विषयमा हालसम्म के कति खोज भएको छ र के कति खोज हुन बाँकी छ भन्ने कुराको जानकारी प्रदान गर्दछ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यस अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । त्यसैले आफूले अनुसन्धान गर्न लागेको विषयवस्तुको बारेमा पूर्वकार्यको जानकारी नितान्त आवश्यक मानिन्छ । पूर्वकार्यको अवलोकनबाट आफूले अध्ययन अनुसन्धान गर्न बाँकी चुनौतीपूर्ण कार्यहरू के कति छन् र सम्बन्धित क्षेत्रमा कुन कुन समस्याहरू रहेका छन् भन्ने कुराको निर्क्यौल गर्न सकिन्छ । समस्याहरूको सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट गरी परिभाषीकरण गर्न र पुनरावृत्तिका सम्भावनालाई जोगाउन सहयोग पुऱ्याउछ । यस अध्ययनका क्रममा पनि लैङ्गिक अध्ययनसँग सम्बन्धित भई गरिएको विभिन्न किसिमका पूर्वकार्यका पुनरावलोकन गर्न सहयोग मिल्छ । जसले अनुसन्धान कार्यलाई निर्धारित लक्ष्यमा पुऱ्याउन सहयोग गर्दछ । यस अध्ययनका क्रममा पनि लैङ्गिक अध्ययनसँगै सम्बन्धित भई गरिएका अध्ययन अनुसन्धानसँग सम्बन्धित लेख, रचना, समालोचनात्मक ग्रन्थ, पत्रपत्रिकामा प्रकाशित लेखलाई पूर्वकार्यका रूपमा तल प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तक तथा पत्रपत्रिकाको पुनरावलोकन

कृष्णचन्द्रसिंह प्रधान *नेपाली उपन्यास र उपन्यासकार* (२०३७) शीर्षकको समालोचना ग्रन्थमा यौनमनोविश्लेषण र अस्तित्वको खोजी गर्न केन्द्रित उपन्यासमा समीक्षा गरेको भेटिन्छ । लैङ्गिक रूपमा आवाज उठाइएको पाइदैन् तर नारीमा रहेको यौन चाहाना र स्वतन्त्र अस्तित्त्वको खोजी देखाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाको '*तीन घुम्ती*'

पारिजातको *'शिरिषको फूल'* आदि उपन्यासहरूमा रहेको स्वतन्त्र जीवनको खोजीलाई उठान गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

शर्मा (२०५५) द्वारा *समकालीन समालोचना : सिद्धान्त र प्रयोग'* मा लिङ्ग प्राकृतिक कुरा नभएर समाज र सांस्कृतिकबाट परिभाषित स्वभाव र व्यवहारको रूपमा पाइने कुरा उल्लेख गर्दै पुरुष र महिलाका गुणहरू पुरुषमा निर्भरता, असङ्कोच तथा दृढता जस्ता कुरा रहने हुनाले उसलाई पुलिङ्ग र स्त्री जातिमा सरलता, सहनशीलता तथा सङ्कोचले युक्त रहने भएकाले स्त्री लिङ्ग भनिएको हो भन्ने कुरालाई उठान गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

गौतम (२०५९) द्वारा *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* नामक समालोचना ग्रन्थमा बालकृष्ण समको *'प्रल्हाद'* नाटकको स्त्रीवादी पठन र बहुसांस्कृतिकवादका सैद्धान्तिक अवधारणा र *'प्रल्हाद'* नाटकमा रहेको नारीपरक सौन्दर्यशास्त्रीय चेतना र वास्तविकतालाई प्रस्तुत गरेका छन् । समाजशास्त्रीय तथा सैद्धान्तिक भाषा वैज्ञानिक तथा संरचनावादी, स्त्री समलैङ्गिक आदि पक्ष उठान गरी नरको अधिनमा नारी, पौरख, कठोरता, नारी दोस्रो दर्जा, स्त्रीलेखन बुझाएर र मिलेर आदि विविध शीर्षकमा समीक्षा गरेका छन् । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षाशास्त्र विभाग, महिला शिक्षा शाखा, सानोठिमी, भक्तपुरबाट प्रकाशित 'महिला शिक्षा' वार्षिक प्रकाशन, अंक ३ वर्ष ३ (२०५९) मा महिला शिक्षाको ऐतिहासिक पृष्ठभूमि, महिला शिक्षा  नवौं र दसौं योजनामा लैङ्गिक समानता र महिला सशक्तीकरण, नेपालमा लैङ्गिक असमानता हटाउन आवश्यक शिक्षा, लैङ्गिक विभेद न्यूनीकरणको लागि बालिका शिक्षाको महत्त्व आदि शीर्षकमा लेखहरू रहेका छन् । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

चौलागाई र अन्य (२०६०) द्वारा लिखित *लैङ्गिक अध्ययन* पुस्तकमा लैङ्गिकता र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, लैङ्गिक विकास, नेपालमा महिलाको

अवस्था तथा लैङ्गिक मुद्दा  र बहस जस्ता पक्षहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट सैद्धान्तिक तथा व्यावहारिक रूपमा प्रस्तुत गरिएको छ । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

एटम (२०६१) ले *समालोचनाको स्वरूप* ग्रन्थमा *अनुराधा* उपन्यासमा नारीवादी शीर्षकको लेखनमा नारीवादको सैद्धान्तिक पृष्ठभूमि, नारीमुक्तिको आन्दोलनका साथै नेपाली सिर्जना एवम् समालोचनाका सन्दर्भमा नारीवाद पक्षहरू, नारीवादी स्रष्टाहरूको भूमिका निरूपण गरेको छन् । पितृसत्तात्मक मानसिकता नारी मानसिकताका प्रत्यारोपणका पक्षहरू *'अनुराधा'* मा खोतल्दै उक्त उपन्यास नारीवादी सफलतामा नपुगी परपीडन, आत्मरति, स्थिरत्यामोह, खण्डित व्यक्तित्व जस्ता फ्रायडेली मान्यतामा अडेको निष्कर्ष निकालेका छन् । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

आचार्य (२०६१) ले *लैङ्गिक अध्ययन* पुस्तकमा लैङ्गिक अध्ययनका अवधारणा, सामाजिक लिङ्ग र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, सामाजिक लिङ्ग र विकास, नेपाली महिलाको अवस्था, नेपालमा लैङ्गिक मुद्दा संलग्नतामा वास्तविकता उठान गरेका छन् । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

श्रेष्ठ (२०६१) द्वारा 'महिला शिक्षा' वार्षिक पत्रिकामा सबैका लागि शिक्षा लैङ्गिक समानता शीर्षकमा लैङ्गिक समानता कायम गर्न सन् २००२ मा गरिएको सबैको लागि शिक्षाको सामूहिक प्रतिबद्धताअन्तर्गत निर्धारण गरिएको ५ वटा लक्ष्यहरू मध्ये सबैजसो महिला र बालिका शिक्षालाई महत्त्व दिएको पाइन्छ तर पूर्ण लैङ्गिक समानताको पक्षचाँही पाँच नम्बरको उद्देश्यले समेटेको छ । यसलाई पुरा गर्न तत्कालीन श्री ५ को सरकारले सन् २०१५ सम्म लैङ्गिक विभेदलाई हटाउन छात्रवृत्तिको व्यवस्था, विद्यालय सुधार कार्यक्रम, महिला शिक्षा नियुक्तिको व्यवस्था, बाल विकास केन्द सञ्चालनको व्यवस्था, शैक्षिक सामग्रीहरूमा लैङ्गिक दृष्टिकोणले सुधार गर्नुपर्ने कार्यक्रम उल्लेख गरेकी थिइन् । त्यस्तै समुदाय परिचालन कार्यक्रम, महिला प्रतिनिधिको अनिवार्य व्यवस्था, शिक्षक तालिम छात्रवृत्तिको व्यवस्था, लैङ्गिक विभेद तथ्याङ्कको व्यवस्था, नेटवर्किङ कमिटीको व्यवस्था,

विद्यालय पुरस्कारको व्यवस्था र डाइरेक्टर फन्दको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरू उल्लेख गरेकी थिइन् ।

खनाल (२०६६) द्वारा लिखित 'पहेलो गुलाफ' कथामा लैङ्गिक चेतना शीर्षकको लेखमा लैङ्गिक समालोचनाको परिचय दिदै समाजमा नारीलाई पुरुषका साहायक, उपेक्षित, कमजोर र दोस्रो दर्जाको रूपमा राखी पुरुषले चरम शारीरिक शोषण गरेको कुरालाई उल्लेख गरेको पाइन्छ । उक्त लेखमा लैङ्गिकता प्राकृतिक लिङ्ग नभई समाज र सांस्कृतिक परिवेशबाट निर्मित पुरुष र महिलासम्बन्धी व्यवहार र धारणालाई बुझिने कुरा उल्लेख गर्दै समाजमा पुरुषले नारीलाई भोग विलासको साधनको रूपमा लिने र त्यस्ता पुरुषहरूलाई गोही, स्याल, झुसिलकिरा, बिरालो, चील आदिको प्रतीकात्मक गरी पुरुष निष्ठुरता, स्वार्थीपन र कामुकताको चर्चा गरेका छन् । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

अर्याल (२०६८) द्वारा लिखित *लैङ्गिक तथा महिलावादी अध्ययन* नामक समाजशास्त्रीय तथा मानवशास्त्रीय विश्लेषणमा महिलावादी अध्ययनले महिलाको अध्ययन गर्दछ । विभिन्न सिद्धान्तहरूको अवस्थाहरू आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक पक्षहरूको अध्ययन तथा विश्लेषण गरी भविष्यका लागि अवलम्वन गर्नुपर्ने रणनीतिको खोजी गरेको छ । महिलाहरूलाई विभिन्न पक्षमा गरिएको भेदभाव, असमानता, शोषणको विश्लेषण गर्दै समाधानका उपायहरू खोजेको छ । समाजमा महिलाको स्थान ज्यादै न्यून रहेको छ । महिला उच्च आर्थिक उत्पादन तथा निर्णायक तहमा पुग्न सकेका छैनन् भनी महिलावादी अध्ययनमा महिलाको सर्वाङ्गीण पक्षको विकासमा केन्द्रित रहेको पाइन्छ । महिलाको स्तर, उन्नति, लैङ्गिक समानता र महिलाको गुणात्मक जीवनको निर्माणका लागि व्यवहारिक रूपान्तरणको प्रयासमा केन्द्रित रहेको पाइन्छ ।

जोशी (२०६८) द्वारा 'लैङ्गिक हिंसा र महिला अधिकार' शीर्षकमा सन् १९४८ को संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषण पत्रले महिला र पुरुषलाई समान किसिमको अधिकार प्रदान गरेको छ । महिला र पुरुषको समान सहभागिताबाट मात्रै समाज निर्माण हुने भएकाले महिला र पुरुष सँगसँगै हातेमालो गर्दै अगाडि बढ्नुपर्ने र महिलाको सहभागिताबिना समाज अगाडि नजाने तथा यस सन्दर्भमा महिला विकास सम्बन्धी अवधारण सन् १९५० - १९६० सम्म रहेको र यसले महिला विकासको अवधारण

अगाडि सारेको कुरा उल्लेख गरेका छन् । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

पाण्डे (२०६९) द्वारा लिखित *नेपाली उपन्यासमा लैङ्गिकता* नामक समालोचनात्मक ग्रन्थमा लैङ्गिक विभेदीकरणको सामाजिक पक्षलाई केन्द्रित मुद्दा बनाएर विवेचना गरे पनि यस ग्रन्थमा प्रत्येक उपन्यासका निम्ति विशेष रूपमा अलग अलग वैचारिक पक्ष किटान गरेको पाइन्छ । यसमा लैङ्गिक विभेदीकरण उत्पन्न गरेको सामाजिक समस्या एकै नासका छैनन् । नेपाली जनजीवनमा लैङ्गिक विभेदीकरणका अनेकौं जराहरू फैलिएका छन् त्यसलाई विभिन्न पाटाबाट अवलोकन गर्ने र केलाउने काम यस पुस्तकमा भएको पाइन्छ । यस बाहेक उपन्यासका विषयवस्तुहरू र पात्रहरूलाई आधार बनाएर नेपाली समाजमा लैङ्गिक विभेदीकरणको सामाजिक यथार्थलाई बलियो सैद्धान्तिक आधारमा समेत हेरिएको छ । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

बुभा (२०६९) द्वारा लिखित *महिला* नामक ग्रन्थमा महिलाको स्वाधिनताको लागि उसको दासतालाई परिस्थितिजन्य मानेर अग्रसर हुनुपर्दछ । जुन परिस्थितिबाट महिलाको दासता कायम भएको छ त्यसको उन्मूलन नै उसको दासताको उन्मूलन हो । लेखिकाले महिलाको वर्तमान स्थितिलाई परिस्थितिजन्य बनाएकी छन्. । उक्त लेखको अध्ययनले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक ढाँचा तयार गर्न सहयोग गरेको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

कुनै खोज अनुसन्धान गर्नको लागि यस अघि भएका कार्यहरूले सहयोग गर्ने हुँदा अध्ययनसँग सम्बन्धित शोधपत्रहरूको समीक्षा गरिएको छ । यसै सन्दर्भमा लैङ्गिक अध्ययन गर्ने क्रममा प्रस्तुत शीर्षकसँग सम्बन्धित भएर गरिएका शोधकार्यहरूको समीक्षा प्रस्तुत गरिएको छ :

गैरे (२०६६) द्वारा '*माइतघर* उपन्यासको लैङ्गिक अध्ययन' भएको छ । उक्त *माइतघर* उपन्यासमा लैङ्गिक चेतनाको निर्क्यौल गर्न उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट नारीवाद, बालमनोविज्ञान, सांस्कृतिक चेतना जस्ता मान्यताको क्षेत्र विस्तार गरी *माइतघर* उपन्यासमा लैङ्गिकताको प्रयोगको सर्वेक्षण गर्दा *माइतघर* उपन्यासलाई मात्र

आधार बनाइएको छ । उक्त शोधकार्यमा सामग्री सङ्कलन पुस्तकालयीय प्रक्रियाबाट प्रयोग गरिएको पाइन्छ । उक्त शोधकार्यमा *माइतघर* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा अन्य लैङ्गिकतासम्बन्धी लेख रचनालाई द्वितीयक सामग्री स्रोतका रूपमा लिइएको पाइन्छ । उक्त माइतघर उपन्यासमा प्रस्तुत लैङ्गिक चेतनाको स्थिति पहिल्याउने कोसिस गरिएको पाइयो । उक्त शोधकार्यमा मान्छेले नदेखेका भित्री मनस्थितिको चिरफार प्रशस्त भएको छ । प्रस्तुत अध्ययनको शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा लैङ्गिक विभेद पाइयो । सशक्तीकरणको हिसाबले हेर्दा महिलाले पनि पढ्नुपर्छ भन्ने प्रोत्साहन दिइएको पाइयो । सशक्तीकरणको हिसाबले हेर्दा महिला सक्रिय पाइएन । परम्परावादी दृष्टिकोणबाट महिलालाई हेर्ने गरेको सानीको चरित्रबाट पाइयो । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

श्रेष्ठ (२०६७) द्वारा '*तिन घुम्ती* उपन्यासको लैङ्गिक अध्ययन' भएको छ । उक्त '*तिन घुम्ती*' उपन्यासमा लैङ्गिक चेतनाको निर्क्यौल गर्नु, उपन्यासमा लैङ्गिक चेतनाको प्रयोगबाट थपिएको नवीनताको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *'तिन घुम्ती'* उपन्यासका भाषाको मूल्याङ्कन गर्नु, उपन्यासको लैङ्गिक चेतनासम्बन्धी अध्ययन विश्लेषण गरेर सुझाव दिनु रहेको पाइन्छ । *'तिन घुम्ती'* उपन्यासमा लैङ्गिकको सर्वेक्षण गर्दा *'तिन घुम्ती'* उपन्यासलाई मात्र आधार बनाएको, सीमित क्षेत्रमा अध्ययन भएको पाइन्छ । उक्त शोधकार्यको सामग्री सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको पाइन्छ । उक्त शोधकार्यमा *'तिन घुम्ती'* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लैङ्गिकतासम्बन्धी लेखलाई द्वितीय सामग्रीको रूपमा लिइएको पाइयो । उक्त उपन्यासमा लैङ्गिक चेतनाको स्थिति पहिल्याउने कोसिस गरिएको पाइयो । उक्त शोधकार्यमा मान्छेको भित्री मनको चिरफार, बाहिरी समाजको भन्दा मान्छेको भित्री मनको चिरफार गर्ने फ्रायडीय मनोविज्ञानका आधारित उपन्यास रहेको पाइयो । प्रस्तुत शोधकार्यमा लैङ्गिक भूमिकाको आधारमा समानता र राजनीतिमा लैङ्गिक समानता हिसाबले असमानता रहेको निष्कर्ष निकालिएको छ । समानताको हिसाबले हेर्दा उक्त अध्ययनमा पुरुष पात्रभन्दा महिला पात्रलाई बढी स्वतन्त्रता र प्रोत्साहन दिइएको पाइयो । महिला सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा महिलालाई परम्परावादी तरिकाले हेर्न नहुने कुरा इन्द्रमायाको जीवनमा आएका तिनओटा मोडबाट स्पष्ट देखिएको निष्कर्ष उक्त अध्ययनमा निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

अधिकारी (२०६८) द्वारा 'लैङ्गिक दृष्टिकोणले माध्यमिक तहको सामाजिक विषयको विश्लेषण' गरिएको छ । यस अध्ययनमा सामाजिक विषय अध्ययन गराउने शिक्षकहरूको लैङ्गिक दृष्टिकोणबाट उक्त पाठ्यवस्तुप्रति कस्तो भनाइ छ ? विद्यार्थी र विषयविज्ञको लैङ्गिक दृष्टिकोणबाट पाठ्यपुस्तकप्रति कस्तो धारणा छ ? पाठ्यवस्तुमा समावेश गरिएका चित्र, विषयवस्तु र संवादले महिला र पुरुषलाई समान रूपमा समावेश गरेका छन् ? जस्ता समस्या समावेश गरिएको छ । अध्ययनले लैङ्गिक असमानता भएमा पहिचान गरी न्यूनीकरण गर्न सहयोग गर्ने, शिक्षकलाई आफ्नो शिक्षणमा विषयवस्तुमा लैङ्गिकताको बारेमा के कति मात्रामा गम्भीर हुन जरुरी छ भन्ने कुराको जानकारी लिन मद्दत गर्ने देशकै सम्पूर्ण विद्यालयको पाठ्यपुस्तकमा रहेको लैङ्गिक समानता र विभेदको केही हदसम्म प्रतिनिधित्व गर्ने हुनाले पाठ्यक्रम र पाठ्यपुस्तक निर्माणकर्तालाई सहयोग हुने अपेक्षा राखिएको छ । जसमा मा.वि. तहको सामाजिक अध्ययन पुस्तकमा भएका विभिन्न पक्षहरूका लैङ्गिक अवस्था पहिचान गर्नु उद्देश्य राखिएको छ । उक्त शोधकार्यका आधारमा नेपाली चित्रकला, हाम्रा राष्ट्रिय विभूतिबाट राष्ट्रका लागि भएका योगदान, नेपाली वीर वीराङ्गनाहरूको योगदान, चेलीबेटी बेचबिखन र देह व्यापार, संवाद, मानव अधिकार अभ्यास आदिका आधारमा विश्लेषण गरिएको छ । अध्ययनको निष्कर्षमा सामाजिक अध्ययनका २२ ओटा पाठहरूमा ७ ओटा पाठमा मात्र लैङ्गिक समानता पाइएको, संवादमा महिला पात्रलाई सहभागी पात्रको रूपमा मात्र लिइएको, पितृसत्तात्मक सोचलाई बढी प्राथमिकता दिइएको, पुस्तक पुरुष विद्वान्हरूद्वारा मात्र तयार गरिएको जस्ता कुरा प्रस्तुत गरिएको छ । साथै सुझावमा लैङ्गिक विभेद अन्त्य गर्ने खालका विषयवस्तु समावेश गर्नुपर्ने, लैङ्गिक समानताका सन्देशमूलक चित्रहरू समावेश गर्नुपर्ने कुरा सुझाव दिइएको छ अनि लैङ्गिक विभेदलाई हटाउन विभिन्न कार्यक्रम ल्याउनुका साथै पाठ्यपुस्तक निर्माणमा महिलाविज्ञलाई समेत समावेश गर्न सुझाव दिइएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

महरा (२०६८) द्वारा 'निम्न माध्यमिक तह छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अध्ययन' भएको छ । उक्त अध्ययनमा उद्देश्यहरूमा निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समाविष्ट पाठमा महिला र पुरुषको भूमिका पत्ता लगाउनु, उक्त पाठ्यपुस्तकमा समावेश

पाठको विषयवस्तु, चित्र, नमुना अभ्यास भाषामा रहेको लैङ्गिक अवस्था पत्ता लगाउनु, उक्त पाठ्यवस्तुमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी निष्कर्ष तथा सुझाव गर्नुजस्ता उद्देश्यमा केन्द्रित रहेको पाइयो । उक्त अध्ययन जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा मुद्रित निम्न माध्यमिक तह कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा सीमित रहेको, निर्दिष्ट पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तु, चित्र, नमुना, अभ्यास र भाषाका लैङ्गिक स्थितिको चित्रणमा सीमित रहेको पाइयो । उक्त शोधकार्यको लागि पुस्तकालयीय अध्ययन प्रक्रियाको प्रयोग गरिएको पाइयो । उक्त शोधकार्यमा जनक शिक्षा सामग्री केन्द्रद्वारा मुद्रित कक्षा छ र सातको हाम्रो नेपाली किताबलाई प्राथमिक सामग्रीको रूपमा तथा उक्त अध्ययन विषय क्षेत्रसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, विद्वान्हरूको राय सुझावलाई द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएको पाइयो । उक्त शोधकार्य कक्षा छ को नेपाली पाठ्यपुस्तकलाई पाँच विधाअन्तर्गत २२ पाठ र कक्षा सातको नेपाली पाठ्यपुस्तकमा २३ पाठमध्ये १८ र २० पाठमा लैङ्गिक दृष्टिले अध्ययन गरी व्याख्या विश्लेषण गरिएको पाइयो । उक्त शोधकार्यमा पाठ्यपुस्तकको शैक्षिक पक्षहरू (विषयवस्तु, चित्र, भाषा र नमुना अभ्यास) लाई विस्तृत रूपमा अध्ययन गरी व्याख्या विश्लेषण गरेको देखिन्छ । उक्त शोधकार्यमा निम्न माध्यमिक तहको कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु, चित्र, नमुना अभ्यास भाषामा लैङ्गिक दृष्टिले असमान रहेको निष्कर्ष निकालिएको छ । साथै लैङ्गिक विभेद जनाउने शब्दावली, वाक्य केही उखानका टुक्कासमेत प्रयोग गरिएको पाइन्छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

पौड्याल (२०६९) द्वारा '*एक चिहान* उपन्यासको लैङ्गिक अध्ययन' गरिएको छ । उक्त अध्ययनका उद्देश्यहरूमा लैङ्गिकताको परिचय दिन, *'एक चिहान'* उपन्यासको लैङ्गिक स्थितिको पहिचान गर्नु, '*एक चिहान'* उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, उक्त उपन्यासमा प्रयोग गरिएको भाषाको मूल्याङ्कन गर्नु रहेको देखिन्छ । उक्त अध्ययन *'एक चिहान'* उपन्यासको लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहेको पाइन्छ । उक्त शोधकार्यमा प्राथमिक सामग्रीको रूपमा *'एक चिहान'* उपन्यासलाई र द्वितीय सामग्रीको रूपमा लैङ्गिकतासम्बन्धी लेख रचना, समालोचनासम्बन्धी पुस्तकलाई लिइएको छ । यस अध्ययनमा पुस्तकालयीय विधिलाई प्रमुख प्रक्रियाको रूपमा लिइएको छ । उक्त शोधकार्य

*'एक चिहान'* उपन्यासमा समाजमा रहेको अन्धविश्वास, कुरीति, कुसंस्कार, अन्याय अत्याचार, शोषण जस्तो कुराको जरो गाड्ने विचारको क्रमिक रूपमा निराकरण गनुपर्दछ र स्वच्छ, स्वतन्त्र समाजको निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नु उक्त अध्ययनमा विश्लेषणीय पक्ष रहेको छ । उक्त शोधकार्यमा *'एक चिहान'* उपन्यासमा लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादन भूमिका, सामाजिक भूमिका, आर्थिक भूमिका, महिला र पुरुषका समानता नरहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

पौडेल (२०७०) द्वारा '*अनावृत्त* उपन्यासको लैङ्गिक अध्ययन' भएको छ । उक्त अध्ययनको उद्देश्यहरूमा *'अनावृत्त'* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *'अनावृत्त'* उपन्यासको लैङ्गिक चेतना प्रस्तुत गर्नु, लैङ्गिक दृष्टिले *'अनावृत्त'* उपन्यासमा रहेको भाषिक मूल्याङ्कन गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको थियो । उक्त शोधकार्य प्रभा कैनीको *'अनावृत्त'* उपन्यासको लैङ्गिक पक्षमा केन्द्रित थियो । उक्त अध्ययन लैङ्गिक समालोचना र दृष्टिकोणको आधारमा निर्धारण, नारीवाद महिला सशक्तीकरण, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका, सांस्कृतिक चेतना, महिला शिक्षा आदिमा केन्द्रित रहेको छ । उक्त अनुसन्धान कार्यमा पुस्तकालयीय अध्ययन प्रक्रियाको प्रयोग गरिएको छ । उक्त अध्ययनमा प्राथमिक स्रोतको रूपमा प्रभा कैनीद्वारा लेखिएको उपन्यास *'अनावृत्त'* रहेको छ भने द्वितीय स्रोतको रूपमा लैङ्गिक चेतनासँग सम्बन्धित लेख रचना, शोधपत्र र पुस्तकहरूबाट सामग्री सङ्कलन गरिएको छ । उक्त अध्ययनमा लैङ्गिक दृष्टिकोणबाट हेर्दा उत्पादक भूमिका र अनुत्पादक भूमिकामा महिला पुरुषको समान सहभागिता नभएको देखाइएको छ । पात्रगत तुलनामा पुरुष पात्रभन्दा महिला पात्र बढी रहेको देखिन्छ । उक्त अध्ययनमा सुरुमा महिला पात्रले पितृसत्तात्मक सोचको समर्थन गरेको पछि विचार परिवर्तन भई पितृसत्ताको विरोध गरी स्वः अस्तित्व सहित बाँच्ने प्रयास गरेको कुरा उल्लेख गरेको देखिन्छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

भण्डारी (२०७१) द्वारा '*अनुराधा* उपन्यासको लैङ्गिक अध्ययन' गरिएको छ । यसमा लैङ्गिक दृष्टिले *'अनुराधा'* उपन्यासको उद्देश्यमा लैङ्गिक अवस्थाको पहिचान गर्नु, *'अनुराधा'* उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु र *'अनुराधा'* उपन्यासको भाषिक

अध्ययन गर्नु रहेको छ । यस उपन्यासमा अनुराधालाई मुख्य र गतिशील पात्रको रूपमा प्रस्तुत गरिएको छ र अनेक पीडा खपेर बस्दा पनि अन्त्यमा जबरजस्ती विवाह गरिदिन लाग्दा विद्रोह गरेको देखाएर नारी सशक्तीकरणको पक्षमा आवाज उठाएको पाइन्छ । साथै यस शोधपत्रमा हरेक क्षेत्रमा महिला पुरुष समान भएको र पात्रगत दृष्टिमा महिला र पुरुष लगभग समान रूपमा सहभागी रहेको साथै पितृसत्तात्मक सोचको विरुद्ध अनुराधाको विद्रोह देखाएर नारी अस्तित्वको लागि र स्वतन्त्रताको लागि विद्रोह गर्न सकिने कुरा देखाइएको साथै लैङ्गिक समानताको पक्षमा खासै उपन्यास सफल हुन नसकेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

सुवेदी (२०७२) द्वारा 'साल्गीको बलात्कृत आँसु' कथाको लैङ्गिक अध्ययन भएको छ । उक्त *'साल्गीको बलात्कृत आँसु'* कथामा रहेका लैङ्गिक अवस्थाको पहिचान गर्नु, कथाको लैङ्गिक चेतना प्रस्तुत गर्नु, कथामा प्रयुक्त भाषाशैलीको मूल्याङ्कन गर्नु उद्देश्यहरू राखिएको छ । *'साल्गीको बलात्कृत आँसु'* कथामा लैङ्गिक सर्वेक्षण गर्दा *'साल्गीको बलात्कृत आँसु'* कथालाई मात्र आधार बनाएको, सीमित क्षेत्रमा अध्ययन भएको पाइन्छ । उक्त शोधकार्यको सामग्री सङ्कलन पुस्तकालयीय अध्ययनबाट गरिएको पाइन्छ । उक्त शोधकार्यमा *'साल्गीको बलात्कृत आँसु'* कथालाई प्राथमिक सामग्रीका रूपमा लैङ्गिकतासम्बन्धी लेखलाई द्वितीयक सामग्रीको रूपमा लिइएको पाइयो । यस कथाको लैङ्गिक अध्ययन गर्दा लैङ्गिक भूमिका (उत्पादनमूलक, अनुत्पादनमूलक), चारित्रिक भूमिका वैचारिक पक्ष, लैङ्गिक चेतना, लैङ्गिक भाषा आदिका आधारमा अध्ययन विश्लेषण गरिएको छ । कथामा लैङ्गिक भूमिकाको आधार हेर्दा यहाँ उत्पादक भूमिका, अनुत्पादक भूमिका, सामाजिक भूमिका, राजनीतिक, सांस्कृतिक र आर्थिक भूमिकाको महिला र पुरुषको समान सहभागिता पाइएन । सशक्तीकरणका दृष्टिबाट हेर्दा महिलालाई पछाडि पारेको पाइएको छ । कथामा महिला पात्र शोषण, दमन, अन्याय अत्याचारमा परेको र स्वतन्त्र जीवन बाँच्नको लागि सङ्घर्ष र विद्रोह गर्ने प्रयास गरेको पाइएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

सिलवाल (२०७२) द्वारा *शान्ति* उपन्यासको लैङ्गिक अध्ययन भएको छ । उक्त अध्ययनको उद्देश्यहरूमा *शान्ति* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको पहिचान गर्नु, *शान्ति*

उपन्यासको लैङ्गिक चेतनाको विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *शान्ति* उपन्यासमा रहेको भाषाको मूल्याङ्कन गर्नुमा अध्ययन केन्द्रित रहेको थियो । उक्त शोधकार्यमा लीलाध्वज थापाको *शान्ति* उपन्यासको लैङ्गिकतामा केन्द्रित रहेको थियो । उक्त अध्ययनमा महिला सशक्तीकरण, लैङ्गिक समता र समानता, लैङ्गिक भूमिका आदिमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा प्राथमिक स्रोतको रूपमा लीलाध्वज थापाद्वारा लेखिएको उपन्यास *शान्ति* रहेको छ भने द्वितीय स्रोतको रूपमा लैङ्गिक चेतनासँग सम्बन्धित लेख रचना, अनुसन्धानात्मक शोधपत्र, विभिन्न पत्रपत्रिका, नारीवादी समालोचना र पुस्तकहरूबाट सामग्री सङ्कलन गरिएको छ । लैङ्गिक भूमिका हेर्दा उत्पादक, अनुत्पादक, सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक भूमिकामा महिला र पुरुषको समान सहभागिता नभएको पाइन्छ । पात्रगत तुलनामा महिला र पुरुष पात्र समान रहेको देखिन्छ । उक्त अध्ययनमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको देखाइएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

अर्याल (२०७२) द्वारा *अनीता* उपन्यासको लैङ्गिक अध्ययन' भएको छ । उक्त अध्ययनको उद्देश्यहरूमा *अनीता* उपन्यासमा रहेका लैङ्गिक अवस्थाको पहिचान गर्नु, *अनीता* उपन्यासको लैङ्गिक चेतना विश्लेषण गर्नु, लैङ्गिक दृष्टिले *अनीता* उपन्यासमा प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु रहेको छ । उक्त अध्ययन लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । उक्त अध्ययनमा लैङ्गिक चेतना, नारीवाद, महिला सशक्तीकरण, लैङ्गिक समता र समानता, लैङ्गिक अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्या आदिमा केन्द्रित रहेको छ । उक्त अनुसन्धान कार्यमा पुस्तकालयीय अध्ययन गरिएको छ । उक्त अध्ययन लैङ्गिक दृष्टिकोणबाट हेर्दा महिला र पुरुषको भूमिका समान नरहेको देखाइएको छ । अधिकांस पात्र पितृसत्तात्मक सोचबाट ग्रसित, पराम्परावादी मान्यता र आदर्शवादी सोचाइ नभएका व्यक्तिबाट महिला हिंसा, कुसंस्कार रुढिवादी परम्पराको विरोध गरी बदलिने सक्ने परिस्थितिको सिर्जना अनीताको दोस्रो विवाहबाट देखाइएको छ । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

पौडेल (२०६८) द्वारा 'माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक चेतनाको अध्ययन' भएको छ । उक्त अध्ययनका उद्देश्यहरूमा लैङ्गिक माध्यमिक ( कक्षा ९ र १०) को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा लैङ्गिक

अवस्था दर्शाउनु, उक्त विधामा प्रयुक्त भाषाको लैङ्गिक दृष्टिले मूल्याङ्कन गर्नु, कथाका माध्यमद्वारा लैङ्गिक चेतनाको प्रयोग पहिल्याउनु जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको देखिन्छ । उक्त अध्ययनको सीमाङ्कनमा पाठ्यक्रम विकास केन्द्र पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशित कथा ९ र १० को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तकलाई अध्ययनको केन्द्रविन्दु बनाइएको पाइन्छ । साथै कथा विधामा लैङ्गिक चेतना र लैङ्गिक दृष्टिले भाषिक प्रयोगमा मात्र सीमित रहेको पाइयो । उक्त शोध कार्यमा प्राथमिक सामग्रीका रूपमा जनक शिक्षा सामग्रीका रूपमा जनक शिक्षा सामग्री केन्द्र लिमिटेडद्वारा कक्षा ९ र १० का पाठ्य पुस्तकहरू तथा अन्य प्रकाशित पुस्तकहरू अध्ययन गरिएको पाइयो । उक्त अध्ययनमा समाजमा विद्यमान लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषबिच समानता कायम गर्न, समतामूलक समाजको अवधारणा विद्यार्थीमा पुग्ने खालका सामग्रीहरू र कथाहरू समावेश गरी लैङ्गिक विभेदरहित पाठ्यसामग्री पाठ्यपुस्तकमा समाविष्ट गर्न आवश्यक रहेको निष्कर्ष निकालिएको पाइयो । उक्त पूर्वकार्यले प्रस्तुत शोध अध्ययनका लागि सैद्धान्तिक आधार निर्माण गर्न सहयोग गरेको छ ।

विभिन्न खोज तथा अध्ययन पश्चात् लैङ्गिक अध्ययनसँग सम्बन्धित भएर अध्ययन अनुसन्धानहरू पर्याप्त मात्रामा नरहेको वा न्यून मात्रामा शोधकार्य भएका छन् । नेपाली शिक्षा विभागबाट लैङ्गिक अध्ययन सम्बन्धित शोधकार्यहरू अत्यन्तै न्यून मात्रामा रहेका छन् । अन्य उपन्यासमा लैङ्गिक अध्ययन अनुसन्धान भइसकेका तर *'ताप'* उपन्यासमा लैङ्गिक अध्ययन सम्बन्धित अध्ययन सम्भवतः अहिलेसम्म नभएकाले यस शीर्षकमा अध्ययन गर्न आवश्यक महसुस गरिएको छ ।

## २.२ पूर्वकार्य पुनरावलोकनको महत्त्व

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिडाउन प्रत्यक्ष रूपमा सम्बन्धित पूर्वअध्ययनहरूको विशेष महत्त्व हुन्छ ।

अनुसन्धान कार्य औपचारिक रूपमा वस्तुगत र वैज्ञानिक ढङ्ग अपनाएर ज्ञानको पूर्व अध्ययनको आधारशीलामा टेकेर त्यसैको खोजकार्य, नवीन ज्ञानको प्राप्तिका लागि गरिनु

पर्ने अनुसन्धान हो । अनुसन्धान कार्य गर्दा सम्बन्धित विषयमा के कति शोधकार्यहरू भए र ती अनुसन्धनात्मक कार्यले समस्या समाधान गर्न सके वा सकेनन् भनी पत्ता लगाउने महत्त्वपूर्ण आधार नै पूर्वअध्ययन हो । अनुसन्धानकर्ताले आफूले गर्न लागेको अनुसन्धान कार्यलाई पूर्वकार्यसँग तुलना गरेर विशिष्ट मौलिक र नवीन एवम् औचित्य सावित गर्नमा पूर्वकार्यको अध्ययन आवश्यक हुन्छ । अनुसन्धानकर्ताले गर्न लागेको अनुसन्धान कार्य के कति नयाँ वा पुरानो छ, महत्त्वपूर्ण र सान्दर्भिक छ वा छैन भन्ने कुराहरूको जानकारी पूर्व अध्ययनबाट नै जानकारी प्राप्त गर्न सकिन्छ । अनुसन्धान कार्य गर्दा के कस्ता विधि र प्रक्रियाहरू अपनाउने, तथ्याङ्कहरू सङ्कलन कसरी गर्ने, सङ्कलन गरिएका तथ्याङ्कहरूलाई कसरी व्यवस्थित गर्ने तथा सम्पूर्ण शोधकार्य गर्दा आउन सक्ने समस्याहरूको समाधान गर्नमा पूर्वअध्ययनले सहयोग गर्दछ ।

## २.३ लैङ्गिक अध्ययनको सैद्धान्तिक प्रारूप

लैङ्गिकताले महिला र पुरुषको सामाजिक, सांस्कृतिक भूमिकालाई प्रष्ट्याउछ भने महिला वा पुरुषबिचको समान एवम् असमान कार्यका सम्बन्धमा लैङ्गिक अध्ययनले चासो लिएको हुन्छ । यसको अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरू के कति कारणले सिर्जना गरिएका हुन् र कसरी यसको समाधान गर्न सकिन्छ भन्ने कुराहरू समेत लैङ्गिक अध्ययनमा गरिन्छ । महिला विरुद्धका हिंसा, अधिकार, उत्पीडन, पितृसत्ता, दमन, शोषण, मुक्ति, लैङ्गिक समानता र समता, सशक्तीकरण आदि सम्बन्धमा व्यापक अध्ययन लैङ्गिक अध्ययनअन्तर्गत गरिन्छ । लैङ्गिक अध्ययनले महिलाको सामाजिक तथा सांस्कृतिक लगायत अन्य स्थान पुरुषका भन्दा कम छ, निम्न छ भने त्यसको कारण खोज्दै पुरुषसरह महिलाको हैसियत बढाउन विभिन्न नीति तथा कार्यक्रमलाई जोड दिन्छ । तसर्थ लैङ्गिक अध्ययन मानवतावादी, समतामूलक अध्ययन हो ।

### २.३.१ लैङ्गिकताको परिचय

लिङ्गको आधारमा महिला र पुरुषमा सामाजिक, सांस्कृतिक मूल्य र मान्यता सिर्जना गर्नु नै लैङ्गिकता हो । सुरुसुरुमा लैङ्गिकताको कुरालाई कतिपयले लिङ्ग (सेक्स) को पर्यायवाची शब्दको रूपमा बुझ्ने गरेको पाइन्छ तर लिङ्ग र लैङ्गिकता एउटै कुरा होइन यी दुई नितान्त भिन्न कुरा हुन् । लैङ्गिकतालाई अङ्ग्रेजीमा जेन्डर भनिन्छ । जेन्डर

शब्द अङ्ग्रेजीमा फ्रान्सबाट आएको हो । लिङ्ग भन्ने कुरा जैविकीय हो भने जेन्डर सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रूपमा निर्धारित भएको पाइन्छ (पाण्डे, २०६९ : १ - २) । लिङ्गका आधारमा महिला र पुरुषका भूमिका सामाजिक, सांस्कृतिक दृष्टिकोणबाट निर्धारित कुराहरू नै लैङ्गिकता हो ।

लैङ्गिक अध्ययनको विकास सन् १९८० को दशकमा भएको हो । यसले महिला र पुरुषका सामाजिक भूमिकाहरूलाई बुझाउँछ । जैविक संरचनाका आधारमा गरिने सबै किसिमका असमानता, भेदभाव र शोषणको विरोध गर्दछ । पुरुषलाई मगज र महिलालाई शरीर मान्ने प्रकृतिमा सत्यता नभएको ठहर गर्दछ । महिला र पुरुष एक अर्काका अभिन्न, परिपुरक र विकल्परहित प्राणी हुन् (अर्याल, २०६८ : १ ) । लैङ्गिक अध्ययन महिला र पुरुषले गर्ने सामाजिक, सांस्कृतिक आर्थिक, शैक्षिक, मनोवैज्ञानिक, राजनीतिक भूमिका, मूल्यमान्यता, विभिन्न स्रोत र साधनका पहुँच एवम् नियन्त्रणको अध्ययन गर्ने विषय हो ।

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखा परेको नवीन पद्धति हो । लैङ्गिक अध्ययन मूलतः महिला र पुरुषका जैविक अन्तरहरूमा केन्द्रित रहेर गरिने अध्ययन हो । लैङ्गिकता भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक, सांस्कृतिक रूपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग अलग हुने गर्दछन् भने लिङ्गका आधारमा महिला र पुरुष दुबैबाट समाजले केही कुरा अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यति अपेक्षाकृत भूमिका नै लैङ्गिकता हो (श्रेष्ठ र अन्य, २०६६ : १ ) । तसर्थ लैङ्गिक अध्ययन भन्नाले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक भूमिकाको अध्ययन गर्ने सामाजिक विज्ञानलाई बुझिन्छ ।

### २.३.२ लिङ्ग र जेन्डरको परिचय

लिङ्ग र जेन्डर एउटै अवधारणा होइनन् । कतिपयले यी दुईलाई एउटै रूपमा व्याख्या गरेका छन् । लिङ्ग मानिसको शारीरिक संरचना तथा भूमिकासँग सम्बन्धित छ भने जेन्डर सामाजिक सांस्कृतिक संरचना तथा भूमिकासँग सम्बन्धित छ । अर्यालले आफ्नो पुस्तकमा लैङ्गिक तथा महिलावादी अध्ययनमा मनौवैज्ञानिक रोबर्ट स्टोलरको *'सेक्स एन्ड जेन्डर'* पुस्तकमार्फत् सेक्स र जेन्डरको फरक अवधारणालाई स्पष्ट रूपमा प्रकाश पारेका छन् । यी दुईको विस्तृत व्याख्या यस प्रकार छ :

### २.३.२.१ लिङ्ग

लिङ्गले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाँउछ । जैविक विशेषतालाई झल्काउँछ । यो स्थिर, प्राकृत र नैसर्गिक हुन्छ । लिङ्गको संरचनालाई हेरेर लिङ्ग वा भाले र पोथी अर्थात् पुरुष र महिलाले निर्धारण गरिन्छ । लिङ्गको निर्माण फरक फरक हर्मोन र जिनद्वारा हुन्छ । पुरुषमा xy जिन हुन्छ भने महिलामा xx जिन हुन्छ । लिङ्गले शारीरिक विशेषताहरूलाई प्रतिनिधित्व गर्दछ । विश्वभरी नै महिलाले गर्भधारण गर्ने, पुरुषले गर्भधारण गराउने, महिलाले बच्चा जन्माउने, स्तनपान गराउने गर्दछन् । लिङ्गका आधारमा महिला र पुरुषको विशेषताहरू यस प्रकार छन् :

| **महिला** | **पुरुष** |
|---|---|
| स्त्री लिङ्ग योनी हुनु | पुरुष लिङ्ग पेनिस हुनु |
| स्तन हुनु | स्तन नहुनु |
| दारी, जुङ्गा र छातीमा रौं नआउनु | दारी, जुङ्गा र छातीमा रौं आउनु |
| डिम्ब उत्पादन गर्ने | शुक्रकिट उत्पादन गर्नु |
| महिनावारी हुने | महिनावारी नहुने |
| गर्भधारण गर्ने | गर्भधारण गराउने |
| बच्चा जन्माउन सक्ने | बच्चा जन्माउन नसक्ने |
| स्तनपान गराउने | स्तनपान नगराउने |
| xx क्रोमजोम हुने | xy क्रोमजोम हुने |

(अर्याल, २०६८ : २ - ३)

माथि उल्लिखित तालिकाअनुसार महिला र पुरुषबिचमा धेरै मात्रामा शारीरिक समानता भए तापनि केही शारीरिक गुणहरू फरक फरक शारीरिक गुणको आधारमा उनीहरूको शारीरिक परिचय फरक हुन्छ । महिला र पुरुषको शारीरिक परिचय नै लिङ्ग हो ।

### २.३.२.२ जेन्डर

जेन्डर भनेको प्राकृतिक नभएर समाजद्वारा नियोजित भूमिका, मूल्य मान्यताको समुच्च रूप हो । जेन्डर शब्द महिला र पुरुषको सामाजिक पक्षसँग सम्बन्धित छ । यसले महिला र पुरुषले के के अनुभव गर्दछन् समाजमा तिनीहरूको सम्बन्ध र भूमिका कस्तो छ भन्ने बुझाँउछ । समाज तथा परिवारमा महिला र पुरुषले सामाजिकीकरण प्रक्रियाअनुसार विभिन्न कुराहरू सिक्दछन् । समाज तथा सङ्गठनमा कस्तो व्यवहार गर्ने भन्ने बारे जान्दछन् । लैङ्गिकता भनेको समाज, समुदाय तथा सामाजिक सांस्कृतिक एकाइहरूद्वारा महिला र पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरेका काम, कर्तव्य, जिम्मेवारीहरू हुन् । उदाहरणका रूपमा परम्परागत समाजमा छोरी नम्र, लज्जालु, घरायसी काममा पोख्त हुनुपर्ने आदि कुरा सिकाइन्छ भने आधुनिक समाजमा छोरी यी गुणहरू हुनुपर्दछ भन्ने जरुरत छैन् । छोरीलाई सानैदेखि घाँस काट्ने, डोको, हँसिया, पुतली, भाडाकुँडा खेलाउन दिइन्छ भने छोरालाई बन्दुक, गाडी, हवाइजहाज जस्ता खेलाउन दिइन्छ । यसरी बच्चैदेखि छोराछोरीबिच गरिने विभेदपूर्ण सामाजिकीकरणका व्यवहारले गर्दा उनीहरूले पछि फरक फरक भूमिका निर्वाह गर्दछन् (अर्याल, २०६८ : ३ - ४ ) । समाजमा जात, वर्ग, उमेर, समुहअनुसार महिला र पुरुषका यिनै मूल्य, मान्यता, व्यवहार आदिलाई नै जेन्डर भनिन्छ । हाम्रो नेपाली समाज तथा सांस्कृतिक रूपमा पुरुष र महिला हुनुसँग परम्परागत रूपमा जोडिएर आउने केही व्यवहार निम्नानुसार छन् :

| **पुरुष** | **महिला** |
|---|---|
| सक्रिय | निस्क्रिय |
| आक्रमक | सहजता |
| विवेकी | सहनशील |
| बलियो | अधिनस्थ |
| स्वतन्त्र | भावनात्मक |
| दृढ र कडा स्वभाव | कमजोर |
| प्रभुत्वशाली | नरम र उदार स्वभाव |

| | |
|---|---|
| तथ्याङ्क | कलात्मक |
| यान्त्रीकता | समन्वयात्मक |
| संस्कृत | प्राकृत |
| निर्णायक | सहायक |

(चौलागााई र अन्य, २०६६ : ३)

उपर्युक्त तालिका आधारमा विश्लेषण गर्दा कुनै पनि समाजमा परम्परा, संस्कृति, रीतिरिवाज, चालचलनका रूपमा महिला र पुरुषबाट केही व्यवहार तथा भूमिकाको अपेक्षा राखेका हुन्छ भने यस्ता व्यवहारहरू सामाजिक तथा सांस्कृतिक रूपले निर्माण हुने गर्दछन् तापनि हाम्रो समाजमा यस्ता व्यवहारहरू पनि जन्मजात नै निर्धारण हुन्छ भन्ने भ्रम अद्यावधिक पाइन्छ । शारीरिक बनावटको आधारमा महिला र पुरुषले गर्ने कामको बाडफाड उनीहरूबिचको शक्तिसम्बन्ध र सामाजिक मान्यता नै जेन्डर हो ।

### २.३.३ लैङ्गिक अध्ययनको क्षेत्र

लैङ्गिक अध्ययन एक बृहत् विषय हो । यो सामाजिक तथा सांस्कृतिक क्षेत्रका विविध पक्षसँग सम्बन्धित रहेको छ । यो एउटा व्यापक विषय हो । जसले मानव अस्तित्वका हरेक क्षेत्रमा लैङ्गिक स्थितिको अध्ययन गर्दछ । सामान्यतः लैङ्गिक अध्ययनको क्षेत्र सीमाङ्कन गर्न कठिनाइ भएपनि यसको प्रकृति, सिद्धान्त, पृष्ठभूमि र प्रवृत्तिलाई विश्लेषण गर्दा लैङ्गिक अध्ययनको क्षेत्रअन्तर्गत सामाजिक, सांस्कृतिक संरचना, एकाइ, अन्तरक्रिया, मूल्य, मान्यता, पहुँच, स्थिति, विवाह, परिवार तथा वैवाहिक सम्बन्ध, संस्कार, पितृसत्तात्मक धारणा, लिङ्ग तथा लैङ्गिक अवधारणा साथै जाति, जातीयता, कानुनी संरचना, विभेद, धर्म, धार्मिक मूल्य मान्यता र लैङ्गिक सम्बन्धमा अध्ययन गरिन्छ । साथसाथै महिलावादी आन्दोलन पृष्ठभूमि, मुद्दा, विकासका मुद्दा लैङ्गिक सम्बन्ध अध्ययनका क्षेत्रहरू पर्दछन् (अर्याल, २०६८ : १२ - १३) । यद्यपि लैङ्गिक अध्ययन एउटा सर्वाङ्गीण र व्यवस्थित सामाजिक विज्ञान भएको हुनाले यसअन्तर्गत महिला र पुरुषसँग सम्बन्धित विभिन्न विषय र क्षेत्रको अध्ययन यसअन्तर्गत पर्दछन् र अध्ययन गरिन्छ ।

### २.३.४ लैङ्गिकताका विशेषताहरू

लैङ्गिकताका विशेषताहरूलाई (खनाल, सन् २०१२ : ९६) ले निम्नानुसार प्रस्तुत गरेका छन् :

क) लैङ्गिकता एक परम्परागत चरित्र हो, जसले महिला र पुरुषबिचको फरकलाई अति महत्त्वपूर्ण र बहुमूल्य चालचलन र क्रियाकलापको आधारमा बनेको आपसी सम्बन्ध भन्ने बुझिन्छ ।

ख) लैङ्गिकता एक ऐतिहासिक अवधारणा हो तापनि भूमिका र सम्बन्धहरू समयअनुसार निरन्तर परिवर्तन भइरहने भएकाले यो विकासक्रम संशोधन हुने गर्दछ ।

ग) लैङ्गिकता एक संस्थागत अवधारणा हो, जुन महिला र पुरुषकाबिच व्यक्तिगत या नीति स्तरमा मात्र नभई एक सामाजिक पद्धतिअन्तर्गत भएका मूल्य, मान्यता, कानुन तथा धार्मिक परिवेशअन्तर्गत रहेको हुन्छ ।

५) लैङ्गिक भूमिकाहरू र लैङ्गिक सम्बन्ध ठाँउ, जाति, सामाजिक, आर्थिक, परिवेश र संस्कृतिका आधारमा फरक फरक हुन्छन् र लैङ्गिक विश्लेषणअन्तर्गत यी विविधताहरू समेट्न जरुरी हुन्छ ।

समग्रमा भन्नुपर्दा लैङ्गिकता एक परम्परागत चरित्र हो । जुन समय परिस्थितिअनुसार परिवर्तन र संशोधन हुने नयाँ ठाउँ, जाति, परिवेशअनुसार फरक फरक हुनु नै लैङ्गिकताको विशेषता हो ।

### २.३.५ लैङ्गिक अध्ययनका आधारभूत मान्यता

लैङ्गिक अध्ययन एक व्यवस्थित सामाजिक अध्ययन हो । यसले महिला र पुरुषको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, शैक्षिक आदि अवस्था स्थितिको अध्ययन गर्दछ । समाजमा महिला र पुरुषबिच रहेका असमानता एवम् विभेदका आयामहरू पत्ता लगाउँदै निराकरणको खोजी गर्दछ । समाजमा महिला र पुरुष दुबैले महत्त्वपूर्ण भूमिका निभाउँछन् । विभिन्न जिम्मेवारीहरू सम्पादन गर्दछन् तर कार्यसम्पादनबाट प्राप्त गर्ने फाइदा असमान हुन्छन् । विशेष गरी महिला सुविधाहिन समुदायमा रहेका हुन्छन् । तिनीहरूले उचित ढङ्गले कार्य मूल्याङ्कन हुनुपर्दछ भन्ने मान्यता छ । पुरुषप्रधान समाजमा महिला र पुरुषबिच

असमान शक्ति सम्बन्ध रहेको हुन्छ । यस्तो शक्ति सम्बन्धलाई समानान्तर अवस्थामा रूपान्तरण गर्न महिलाहरूको संरक्षण गर्नुपर्दछ । सशक्तीकरणका विभिन्न कार्यहरू सञ्चालन गर्नुपर्दछ । महिलाको पहुँच वृद्धि गर्ने विशेष कार्यक्रमलाई जोड दिनुपर्दछ । लैङ्गिक अध्ययनको अर्को मान्यता हो, सामाजिकीकरण प्रक्रिया । महिला र पुरुषको सामाजिकीकरण प्रक्रिया असमान हुने भएकाले उनीहरूले फरक ढङ्गले कार्य गर्दछन् । समाजले महिला र पुरुषलाई फरक ढङ्गले हेर्दछ । महिला र पुरुषको जीवन अवसर फरक हुन्छ । लिङ्ग जैविकीय र जेन्डर सामाजिक रूपमा संरचित हुन्छ । जेन्डर सामाजिक सम्बन्ध र समस्याहरूसँग सम्बन्धित हुन्छ । महिला दमनको स्रोत पितृसत्ता हो । जेन्डर मानव इतिहासदेखि संरचित हुन्छ, समय र स्थानअनुसार जेन्डर फरक हुन्छ, यो अध्ययन महिला र पुरुषको भेदभाव, शोषण र दमनको विरुद्ध जेन्डरको भूमिका महिला र पुरुषको सहमतिअनुसार परिवर्तन हुन्छ (अर्याल, २०६८ : १३) । समग्रमा भन्नुपर्दा यसले महिला र पुरुषबिच समानान्तर समता हुनुपर्दछ भन्ने कुरालाई जोड दिन्छ । यसले महिलाको मात्र वकालत नगरी पुरुषको पक्षमा पनि आवाज उठाउँछ । महिला र महिलासँग सम्बन्धित पक्षहरूमा मात्र नभई महिला र पुरुषसँग हरेक पक्षमा यो अध्ययन केन्द्रित रहेकाले यो बृहत् अवधारणाको रूपमा देखापरेको छ । सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक, मनोवैज्ञानिक क्षेत्रका कुराहरू जेन्डरको माध्यमले अध्ययन गरिन्छ ।

### २.३.६ लैङ्गिक भूमिका

प्रकृतिले छुट्याएको लिङ्गका आधारमा समाजले नै लिङ्गको भूमिका निर्धारण गर्ने गर्दछ । प्रत्येक समाजमा रहेका सामाजिक, सांस्कृतिक मान्यता परम्परा तथा विश्वासका आधारमा महिला र पुरुषले परिवार तथा समुदायमा के के गर्न सक्दछन् वा गर्नुपर्दछ वा गर्नु हुदैन भन्ने टुङ्गो लगाएको हुन्छ (खनाल, २०१२ : ९८) । समाजमा महिला र पुरुषले आफ्नो कार्य क्षेत्रअनुसार फरक फरक भूमिका निर्वाह गर्दछन् । नारी र पुरुषको बिचमा भएको भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । समाज अर्थात सामाजिक र सांस्कृतिक एकाइहरूले यी पुरुषले गर्ने यी महिलाले गर्ने भनी निर्धारण गरेका कार्य तथा भूमिका नै लैङ्गिक भूमिका हुन् । समय परिस्थितिअनुसार लैङ्गिक भूमिकामा परिवर्तन आउन सक्ने हुनाले लैङ्गिक भूमिका प्राकृतिक नभई समाजद्वारा बनाएका व्यवहार हुन् । महिलाहरूलाई घरको सबै काम गनुपर्ने र पुरुषलाई नोकरी, व्यापार, खेतीपाती गर्नुपर्ने कार्यहरू विभाजन

हुन्छन् (अर्याल, २०६८ : १८) । यसरी महिला र पुरुषलाई समाजले निर्धारण गरेको छुट्टाछुट्टै कार्यको प्रकृतिको स्वरूप नै वास्तवमा लैङ्गिकता हो । अधिकांश समाजमा महिलाहरू घरभित्रको कार्य एवम् प्रजनन र हेरचाहसम्बन्धी  कार्यमा संलग्न छन् भने पुरुषहरू घर बाहिरका अन्य कार्यमा संलग्न छन् । यसरी समाजले निर्धारण गरेको लैङ्गिक भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### २.३.६.१ उत्पादक भूमिका

उत्पादक भूमिका भनेको आय, आम्दानीका लागि गरिने भूमिका हो । यसअन्तर्गत खेती किसानी, पशुपालन, व्यापार व्यवसाय, जागीर, मजदुरी, बेचविखन, सामान उत्पादन, वितरण आदि पर्दछन् । यस्ता भूमिकाले आर्थिक महत्त्व राख्दछन् । यसरी उत्पादनशील भूमिका निर्वाह गर्दा आय आर्जन हुने हुँदा यो भूमिकालाई राम्रो मानिन्छ । उत्पादनशील भूमिकामा महिला पुरुषको समान सहभागिताको अवस्था छैन् । पुरुषले बढी ज्याला, रोजगारी, आय आर्जनमा पहुँच छ भने महिलालाई समान काममा पनि निम्न ज्याला हुने क्षेत्रमा सीमित गर्दछन् (अर्याल, २०६८ : १८) । यसर्थ उत्पादन भूमिकामा समाजले महिलालाई भन्दा पुरुषलाई बढी मान्यता दिएको पाइन्छ ।

### २.३.६.२ पुनरुत्पादन भूमिका

पुनरुत्पादन भूमिकालाई अनुत्पादनमूलक भूमिका भनिदै आए पनि यी भूमिकाले उत्पादन भूमिकामा सहयोग पुऱ्याउँछन् । प्राकृतिक पुनरुत्पादन भूमिकाअन्तर्गत गर्भधारण गराउने, गर्भधारण गर्ने, बच्चा जन्माउने, स्तनपान गराउने आदि भूमिका पर्दछन् । सामाजिक पुनरुत्पादन भूमिका अन्तर्गत खाना बनाउने, बालबच्चा स्याहारसुसार गर्ने वा हुर्काउने, परिवारका अन्य सदस्यहरूको हेरचाह गर्ने, सरसफाइ गर्ने, खाद्यान्न तथा इन्धन संकलन गर्ने आदि घरधन्दा पर्दछन् । मानव जीवनका लागि अपरिहार्य यस्ता भूमिका महिलाद्वारा सम्पादन गरिदै आएका छन् । यस्ता भूमिकाले आर्थिक उपार्जन हुने भएकाले अनुत्पादनमूलक मानिन्छ (अर्याल, २०६८ : १८) । पुनरुत्पादन भूमिका महिलाद्वारा मात्र सम्पादन गरिदै आएको छ । घरायसी काम, स्याहार सुसारको काम, सरसफाइका काम, बच्चा जन्माउने, हुर्काउने जस्ता कार्य नै पुनरुत्पादन भूमिकाअन्तर्गत पर्दछन् ।

### २.३.६.३ सामुदायिक भूमिका

सामुदायिक भूमिकामा समुदायले प्रगति र भलाइका लागि स्वयंसेवकका रूपमा गरिने कार्य पर्दछन् । सामुदायिक भूमिका विभिन्न किसिमका छन् । पहिलो हो सामुदायिक सेवा व्यवस्थापन । यसअन्तर्गत समुदायको स्रोत र साधनको संरक्षण, सम्बर्द्धन गर्ने कार्य पर्दछन् । बाटो निर्माण, कुलो बनाउने, वन जङ्गल संरक्षण जस्तो प्रायजसो महिलाहरूले गर्दछन् । त्यस्तै दोस्रो हो सामुदायिक सामाजिकीकरण । यसअन्तर्गत समुदायका सस्कार, चाडपर्व, पूजा आजामा गरिने कार्यहरू पर्दछन् । विवाह, भोजभतेर , दशैं, तिहार आदिमा सघाउने कार्य । तेस्रो हो सामुदायिक राजनीतिक भूमिका । स्थानीय तथा राष्ट्रिय निर्वाचनमा भाग लिने, चुनाव लड्ने आदि कार्य पर्दछन् । शक्ति र पहुँचको प्रयोग गरिने भूमिकाहरू यसअन्तर्गत पर्दछन् । यस्तो भूमिकाहरू सम्मानित र उच्च भूमिका हुन् । यस्तो भूमिकामा महिलाको उच्च पहुँच कम रहेको पाइन्छ (अर्याल, २०६८ : १९) । यद्यपी पुरुषहरू छोरा भएर जन्मिएकै कारण तिनीहरूलाई बढी महत्त्वको काममा संलग्न गराउने, तिनीहरूको कामलाई बढी महत्त्वपूर्ण काम ठानिनु विडम्बनाको कुरा हो । सृष्टिका शक्ति महिला र पुरुष दुबै समाजका हरेक दृष्टिले बराबरीको अवस्थामा बाँच्न पाउनुपर्छ ।

### २.३.७ पितृसत्ता

शाब्दिक रूपमा पितृसत्ताले सर्वोच्चता पुरुषको प्रभुत्वलाई जनाउँछ । यसले परिवारमा पुरुष वा पिताको शासनलाई पनि जनाउँछ । परिवार र समाजमा बाबुको सर्वेसर्वा चल्ने बाबुको नियन्त्रण र आदेशमा परिवारका सदस्य रहने, बाबुको वंश चल्ने व्यवस्था नै पितृसत्ता हो (अर्याल, २०६८ : २९) । सामान्यत पितृसत्तात्मक समाजका शिक्षा, सञ्चार, राजनीतिक, आर्थिक, कानुनी, धार्मिक, सामाजिक तथा सांस्कृतिक, पारिवारिक, पैतृक, महिलाको गतिशीलता, निर्णायक आदि पक्षमा  पुरुषको प्रभुत्व हुन्छ । पितृसत्ता सामाजिक प्रणालीको रूपमा रहेको हुन्छ । समाजका विभिन्न एकाइहरू पितृसत्तात्मक प्रणालीका आधार स्तम्भका रूपमा काम गरिरहेका छन् । यी एकाइहरूद्वारा पितृसत्तात्मक मूल्यमान्यताको सामाजिकीकरण एवम् हस्तान्तरण हुदै आएको छ । नेपाल पनि एक पितृसत्तात्मक मुलुक हो । कमला भासिनले भनेजस्तै नेपाली महिलाको उत्पादन, पुनरुत्पादन, यौनिकता, गतिशीलता, स्रोत तथा सम्पत्तिमा पहुँच छैन अर्थात यी सबै पक्षमा पुरुषको नियन्त्रण रहेको छ । पितृसत्तात्मक समाजभित्र महिलाप्रति लक्ष्य गरेर धर्मको

व्याख्या गरिएको छ । महिलालाई सीमित क्षेत्रमा राख्न विभिन्न चाडपर्व, उत्सव, जात्रा, मेला, प्रथा, संस्कारमा महिला प्रति भेदभाव गरिएको छ । महिलालाई गहना पोते तथा अन्य मनोरञ्जनका साधनमा सीमित गरी उनीहरूमाथि शोषण गरिएको छ (अर्याल, २०६८ : ३३) । श्रीमान्लाई परमेश्वरका रूपमा पूजा गर्ने, श्रीमान्को सुस्वास्थ्य र दीर्घायुको निम्ति ज्यानको प्रवाह नगरी संस्कार कार्य गर्नुपर्ने मूल्य मान्यताहरू पितृसत्तात्मक समाजमा सिर्जना गरिएको छ । यस्तो पितृसत्तात्मक समाजका कुसंस्कारप्रति महिला चेतनशील हुन सके मात्र  यस्तो समाजको कठोर व्यव्स्थामा खुकुलोपन आउँछ ।

### २.३.८ लैङ्गिक चेतना

मानव सभ्यताको प्रारम्भमा सूक्ष्म अवस्थामा रहेका महिलाहरू वर्तमान अवस्थामा आइसक्दा पितृसत्तात्मक दमन शोषणका विरुद्धमा आवाज उठाउन सक्ने अवस्थामा रहेका छन् । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कला, साहित्य आदि जस्ता क्षेत्रमा  महिलाको भूमिकालाई वास्ता गरेको हुँदैन । यस्तो  समाजको वैकल्पिक रूप प्राप्त गर्नको लागि महिलाहरू जागृत भएको देखिन्छ । त्यही अवस्थाबाट नै नारीवादीको उदय भएको पाइन्छ । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुषसरह अवसर उपभोग गर्न पाउनुपर्छ भनी देखापरेको आन्दोलन वा दर्शन नै महिलावाद हो (श्रेष्ठ र अन्य, २०६६ : १८) । पुरुषप्रधान समाजभित्र युगौं देखिको उत्पीडनले पिल्सिएका नारी जातिको पूर्व स्वतन्त्रता र मुक्तिको खोजीका लागि महिलाहरू आफै सचेत भई विद्रोह गर्न गरिने कार्यलाई लैङ्गिक चेतना भनिन्छ ।

### २.३.९ लैङ्गिक समानता र समता

सामान्य अर्थमा लैङ्गिक समानता भन्नाले महिला र पुरुष समान हुनुपर्छ भन्ने बुझिन्छ । हाम्रो समाजको संरचनागत रूपमा लैङ्गिक असमानता विद्यालय छ जुन लैङ्गिक भूमिकाले निम्ताएको हो । लैङ्गिक भूमिका जसलाई लैङ्गिक योजनाद्वारा नै परिवर्तन गर्न सकिन्छ । त्यसैले (महिला र पुरुष) लैङ्गिक भूमिकालाई हेरफेर गरेर भए पनि महिला वा पुरुष जुन पछाडि छ त्यसलाइृ उकासेर समझमा ल्याउनु लैङ्गिक समानताको हो । सामान्यतः पुरुषभन्दा महिला नै पछि परेका छन् । त्यसैले हरेक पक्ष र क्षेत्रमा पुरुष सरह महिलालाई समान अधिकार दिनुपर्छ भन्ने मान्यता लैङ्गिक समानताको छ (श्रेष्ठ र अन्य,

२०६६ : २३ - २४) । साधारण अर्थमा भन्नुपर्दा लैङ्गिक समानता भन्नाले महिला र पुरुषको लागि एकै तह अधिकार उत्तरदायित्व हो । यसले लैङ्गिक भेदभाव बिना सबै क्षेत्रमा बराबर सहभागिताको माग गर्छ ।

लैङ्गिक समता भन्नाले समन्याय हो जुन न्यायिकतासँग सम्बन्धित छ । समता समानतालाई व्यक्त गर्ने प्राकृतिक अवस्था हो । समता भनेको त्यस्तो समानता हो जसलाई नैसर्गिग रूपमा प्राप्त गर्न सकिन्छ । जुन मानवको प्राकृतिक आत्माबाट मुखारित हुने र विवेकशीलताको तर्क नै समता हो (श्रेष्ठ र अन्य, २०६६ : २४) । यसर्थ प्राकृतिक संरचना अनुरूप महिला र पुरुषबिचमा सह-अस्तित्व र समान एवम् विवेकशील व्यवहार कायम हुनु नै लैङ्गिक समता हो ।

### २.३.१० लैङ्गिक भेदभाव

साधारण अर्थमा भेदभाव भन्नाले एक अर्काप्रति असमान व्यवहार गर्नु अर्थात् एक पक्षलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक जस्ता तहहरूमा प्रोत्साहित गर्नु र अर्को पक्षलाई निरुत्साहित गर्नु भन्ने बुझिन्छ । कुनै पनि समाज र संस्कृतिले मानव-मानवबिचका लागि फरक फरक व्यवहारहरूको इङ्कित गर्नु नै लैङ्गिक भेदभाव हो । संसारमा प्राय सबै समाज कुनै कुनै लैङ्गिक भेदभावबाट छुट देखिन सकेको छैन । यद्यपी महिला विरुद्ध हुने भेदभावले चाँही बढी महत्त्व पाएको छ । अझ नेपाली समाज र संस्कृतिमा त महिलामाथि हुने भेदभाव असङ्ख्य रूपमा देखिन्छन् । जसको पुष्टि 'पोथी बास्नु हुँदैन', 'शंक उदाए केटी कुदाए', 'छोरी मरी ठुलो घर परी' भन्ने विभिन्न प्रचलित सामाजिक कथनबाट हुन्छ (श्रेष्ठ र अन्य, २०६६ : २७) । यसर्थ लैङ्गिक भेदभाव भन्नाले व्यक्तिगत आधारमा एक अर्काप्रति गरिएको भेदभावपूर्ण व्यवहार हो ।

### २.३.११ सशक्तीकरण

सशक्तीकरण शब्द अङ्गेजी शब्द इम्पावरमेन्टको नेपाली रूपान्तरण हो । साधारण अर्थमा सशक्तीकरण भन्नाले शक्तिशाली भन्ने अर्थ लाग्छ । शाब्दिक रूपमा सशक्तीकरण शब्दभित्र शक्ति पनि अन्तर्निहित रहेकाले यसले शक्ति एवम् व्यक्तिगत प्रक्रियालाई जनाउँछ । शक्ति सम्पन्न हुने गुण लिएर जन्मेको मानिसलाई शक्ति सम्पन्न बनाउने, विभिन्न बाधा तथा अड्चन नियन्त्रणका कारण सशक्त बन्ने अवसरबाट बञ्चित भएका र

तुल्याइएकाहरूलाई विभिन्न शक्तिमा पहुँच वृद्धि गर्ने अर्थात् असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्ने प्रक्रिया हो (अर्याल, २०६८ : ४८) । सशक्तीकरण सामाजिक सम्बन्धको रूपान्तरण प्रक्रिया हो । शक्ति सम्बन्धमा साझेदारी हो, विभेद, दमन, शोषण विरुद्धको जागृति हो ।

सशक्तीकरण एउटा त्यस्तो प्रक्रिया हो जसले मानिसमा अन्तर्निहित क्षमतालाई जागृत गराउँछ । यसले मानवीय जीवनलाई गतिशील बनाउँछ, मानिसलाई ब्युताउँछ । यो समाजमा रहेका कुसंस्कार, कुरीति, विभेदको अन्त्य गरी समानततर्फ उन्मुख हुने प्रक्रिया हो । आत्मनिर्भरता, सञ्जाल निर्माण, सांगठनिक सशक्तता लविङ्ग जस्ता प्रक्रियाहरू सशक्तीकरणमा समावेश भएका हुन्छन् । महिला पुरुषबिच स्रोत साधनमा रहेको असमानता सामाजिक-सांस्कृतिक असमानता, विभेद र परम्परागत र अव्यवस्थित समग्र सांगठनिक स्वरूपलाई समानता न्यायिक आधारतर्फ रूपान्तरण गर्ने प्रक्रिया हो (अर्याल, २०६८ : ४९) । यसर्थ यो एउटा विकास प्रक्रिया हो । जसले महिलालाई व्यावहारिक तथा रणनीतिक आवश्यकताहरू पूरा गर्न सशक्त बनाउँछ ।

### २.३.१२ जेन्डरको भाषा

जेन्डरको भाषा भन्नाले लैङ्गिक आधारमा प्रयोग हुने अथवा महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा बुझिन्छ । लैङ्गिक वा सामाजिक लिङ्ग भनेको समाज, समुदाय तथा सामाजिक, सांस्कृतिक एकाइहरूद्वारा महिला र पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरिएका कुराहरू नै जेन्डर भित्र पर्दछन् । जेन्डर प्राकृतिक नभएर समाजद्वारा नियोजित मूल्य मान्यता र जिम्मेवारीको समुच्चय रूप हो । समाजका महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा वा शब्दहरू परम्परागत रूपमा विकसित, परिवर्तित र संस्कार र समाजको साझा सम्पत्तिको रूपमा विकसित भएको पाइन्छ । समाजमा महिला र पुरुषले बोल्ने भाषामा व्याकरणात्मक कोटिअन्तर्गत क्रियामा पनि फरक पाइन्छ । महिला र पुरुषले एक अर्कालाई सम्बोधन गर्ने शब्दमा पनि फरक रहेको पाइन्छ । हाम्रो समाज पितृसत्तात्मक सोच बोकेको समाज हो । समाज पुरुषहरूद्वारा शोषित रहेको पाइन्छ । त्यही मान्यताअनुसार समाजले चाहेको आदर्श बोकेर हिडेका महिलालाई सम्मान प्रशंसा गरिन्छ भने त्यस्तो नभएमा निन्दा गरिन्छ । जुनसुकै समाजमा पनि पुरुषहरूभन्दा महिलाहरूलाई प्रयोग गरिने भाषा तल्ला स्तरको भएको पाइन्छ । यी शब्दहरू समाज विकाससँगै जनमानसमा हुँदै अगाडि बढेको

पाइन्छ भने महिला र पुरुषलाई सम्बोधन गर्दा हजुर, तपाइँ जस्ता शब्दको प्रयोग गर्दछन् भने पुरुषले प्रयोग गर्दा तँ, तिमी जस्ता शब्द प्रयोग गरेको पाइन्छ ।

सामाजिक साहित्यिक क्षेत्रमा पनि महिलाहरूलाई विभेद गरेको पाइन्छ । हरेक क्षेत्रमा महिलालाई कमजोर, सहायक र उपेक्षित पात्रको रूपमा र पुरुषलाई मुख्य बलियो पात्रको रूपमा उभ्याउनु पनि लैङ्गिक विभेद नै हो । त्यसैले सबै ठाउँमा महिला र पुरुष समान हुनुपर्दछ भन्ने विचार जेन्डरको भाषामा राखिन्छ । परम्परागत रूपमा समाजमा महिला र पुरुषलाई जनाउन प्रयोग गरिने भाषा निम्न प्रकृतिको रहेको पाइन्छ :

| **महिलालाई प्रयोग गरिने भाषा** | **पुरुषलाई प्रयोग गरिने भाषा** |
|---|---|
| गएकी छे, आएकी छे, भनिछे, दिन्छे, सुन्दरी, च्वाँक, भोगेकी छे, चेत खाएकी छे, रण्डी, वेश्या, ब्युटी, रूपवती, भालु, श्रीमती, सुश्री आदि । | गएको छ, आएको छ , भनेछ, निकाली दिन्छ, खाएको छु, ह्यान्डसम, भलादमी, सुन्दर, साँडे, ब्वासो, चण्डाल, साले, श्रीमान् आदि । |

(पौडेल, २०६९ : ३४)

माथि उल्लिखित तालिकाअनुसार महिला र पुरुषलाई प्रयोग गर्ने भाषामा भिन्नता रहेको पाइयो । यसै गरी घरपरिवार, इष्टमित्र आदिमा सम्बोधन गर्दा पनि महिला र पुरुषका लागि प्रयोग गरिने शब्दहरू फरक छन् । जसलाई तल निम्नानुसार उल्लेख गरिएको छ :

| **महिलालाई प्रयोग गरिने शब्द** | **पुरुषलाई प्रयोग गरिने शब्द** |
|---|---|
| हजुरआमा, आमा, माता, ममी, काकी, सानिमा, छोरी, बुहारी, भाउजू, केटी, श्रीमती, सौता, जेठानी, आइमाई, स्वास्नी, बहिनी, दिदी, बुढी, गृहणी, अर्धाङ्गिनी, प्रेमिका, ठुलीआमा, माइजु, सासु, फुफू आदि । | हजुरबुबा, बुबा, बा, पिता, ड्याडी, ठुलोबुबा, दाइ, काका, सानोबा, छोरो, केटो, श्रीमान्, जार, जेठाजू, लोग्ने, बुढो, प्रेमी, मामा, सालो, जेठान, ससुरा, फूपाजू आदि । |

(पौडेल, २०६९ : ३४)

माथि उल्लिखित तालिकाअनुसार नातागत सम्बन्धमा पनि महिला र पुरुषलाई गर्ने सम्बोधनमा भिन्नता पाइन्छ ।

**सामाजिक चलनचल्तीका उखानका टुक्काहरू**

| **महिलालाई** | **पुरुषलाई** |
|---|---|
| छोरीको जन्म हारेको कर्म<br>छोरी मरी ठुलै घर परी | छोरा पाए खसी छोरी पाए फर्सी<br>छोरालाई काखा छोरीलाई पाखा |

समग्रमा भन्नुपर्दा भाषिक दृष्टिले महिलालाई प्रयोग गरिने शब्द र पुरुषलाई प्रयोग गरिने शब्दमा धेरै विविधता रहेको पाइन्छ । लैङ्गिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा समानता हुन आवश्यक देखिन्छ ।

## अध्याय तिन

# अध्ययनविधि र प्रक्रिया

### ३.१ अध्ययनविधि

शोधकार्यलाई विधिवत रूपमा सम्पन्न गर्नका लागि गरिने तरिका, पद्धति वा प्रक्रियालाई नै शोधविधि भनिन्छ । शोधकार्यमा शोधविधिको महत्त्व र उपादेयता सर्वोपरी रहेको हुन्छ । कुनै पनि अनुसन्धानको वास्तविक मूल्याङ्कन शोधविधि बाट नै हुन्छ । शोधविधि भनेको शोधकार्यलाई अगाडि बढाउँने उपयुक्त बाटो हो । अनुसन्धान खासगरी एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यस विषयसँग सम्बन्धित निश्चित विधिको उपयोग गरिएको छ । सम्बन्धित अध्ययनलाई पूर्णता दिनका लागि वर्णानात्मक, पुस्तकालयीय अध्ययन कार्य र व्याख्यात्मक ढाँचाको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन *ताप* उपन्यास लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ । जसमा लैङ्गिक भूमिकाअन्तर्गत उत्पादक, पुनरुत्पादक र सामुदायिक भूमिकालाई र लैङ्गिक समानता कायम गर्न उपयुक्त सारांश, निष्कर्ष तथा उपयोगिताको पनि अध्ययन गरिएको छ ।

### ३.२ सामग्रीका स्रोत

कुनै पनि अध्ययन अनुसन्धानको लागि सामग्रीका स्रोतहरूको महत्त्वपूर्ण स्थान हुन्छ । कुनै पनि अध्ययनलाई सही गन्तव्यमा पुऱ्याउँनका लागि लैङ्गिक अध्ययनसँग सम्बन्धित विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेख, रचनाका साथै शोधपत्रहरू सङ्कलन गरी सो सामग्रीहरूको अध्ययन गरी शोधकार्यलाई अगाडि बढाइएको छ । यस अध्ययन सामग्रीको स्रोत दुई किसिमका रहेका छन् :

#### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य *'ताप'* उपन्यासको अध्ययनमा केन्द्रित रहेकाले प्राथमिक सामग्रीअर्न्तगत उपन्यासकार शारदा शर्माद्वारा लिखित *'ताप'* उपन्यासलाई नै प्राथमिक सामग्रीका रूपमा अध्ययन विश्लेषण गरिएको छ ।

#### ३.२.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोतका रूपमा लैङ्गिक चेतना र दृष्टिकोणबारे गरिएको अनुसन्धानात्मक अप्रकाशित शोधपत्रहरू, लैङ्गिक अवधारणासँग सम्बन्धित

पाठ्यपुस्तक, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू, लैङ्गिकता अध्ययनसँग सरोकार राख्ने नारीवादी समालोचनात्मक लेखनका साथै विषयगत समस्या समाधानका लागि सम्बन्धित विषयका विद्वान्, विशेषज्ञ र शोध निर्देशकको राय, सुझाव तथा परामर्श लिइएको छ ।

## ३.३ सामग्री सङ्कलन प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई अगाडि बढाउनका लागि उपयुक्त प्रक्रियाको आवश्यकता पर्दछ । अनुसन्धानमा कुन विधि अपनाउने भन्ने कुरा अनुसन्धानको प्रकृतिमा भर पर्दछ । उपयुक्त अनुसन्धान प्रक्रियाको छनोट र प्रयोगले अनुसन्धानलाई सहज, सरल र विश्वसनीय बनाउनु मद्दत गर्दछ । प्रस्तुत अनुसन्धान कार्य मुख्य समस्यासँग सम्बन्धित भई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउँन पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ ।

## ३.४ विश्लेषण प्रक्रिया

यस शोध अध्ययन शारदा शर्माद्वारा लिखित *ताप* उपन्यासमा प्रस्तुत गरिएको लैङ्गिक स्थितिलाई पहिल्याउने कोसिस गरिएको छ । प्रस्तुत उपन्यासको विश्लेषण गर्न सर्वप्रथम लैङ्गिक आधारहरू निर्धारण गरिएको छ । लैङ्गिक क्षेत्रहरू निर्धारण गरिसकेपछि कुनै पनि कृति विश्लेषणका प्रारूपहरू निर्माण गरिन्छ । ती प्रारूपहरू तयार गरी ती प्रारूपका आधारमा प्रस्तुत उपन्यासमा रहेका विभिन्न उदाहणहरू खोजी तिनीहरूको विश्लेषण गरी प्रस्तुत उपन्यासको समग्र मूल्याङ्कन गरिएको छ । *ताप* उपन्यासमा लैङ्गिकताको भाषा, सशक्तीकरण, लैङ्गिक समानता र समता, सामुदायिक, पुनरुत्पादक, उत्पादक भूमिका आदि प्रतिमानहरूको निर्माण गरी ती प्रतिमानका आधारमा कृतिको विश्लेषण गरेर मूल्याङ्कनसहित निष्कर्ष निकालिएको छ । उक्त अध्ययन गुणात्मक अनुसन्धान भएकाले वर्णानात्मक र विश्लेषणात्मक  विधिको पयोग गरिएको छ । जसका लागि पुस्तकालयीय अध्ययन कार्यबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक ग्रन्थहरू पढेर त्यसबाट लैङ्गिक विश्लेषणका आधारहरू तयार गरिएको छ । निर्मित लैङ्गिक आधारको कसीमा प्रस्तुत उपन्यासभित्र रहेका उदाहरणहरू खोजी तिनीहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## अध्याय चार

# ताप उपन्यासमा रहेको लैङ्गिक अवस्था

उपन्यास मानव सभ्यताका विविध पक्षहरूमाथि आधारित घटना शृङ्खलाको यथार्थ वा अतिरञ्जनात्मक बृहत् गद्यपरक आकारको कलात्मक अभिव्यक्ति मात्र नभई मानव सभ्यता निर्माणको पथप्रदर्शक पनि हो । उपन्यासभित्र मानवीय जीवनको सुख दुःख, माया प्रीति, सपना विपना, आशा निराशा, करुणा सहानुभूति, दया माया, आपत विपत्का साथै यथार्थ, आदर्श, विसङ्गत, स्वच्छन्द आदि विभिन्न पक्षहरूको समावेश हुन सक्छ । सङ्क्षेपमा भन्ने हो भने उपन्यासभित्र मानव जीवनका यावत पक्षहरू समाविष्ट भएका हुन्छन् ।

प्रस्तुत *ताप* उपन्यास एक मौलिक सामाजिक यथार्थवादी विषयवस्तुमा आधारित छ । उपन्यास ग्रामीण र शहरी परिवेशमा वर्तमानमा घट्ने घटनालाई आधार मानेर लेखिएको छ । प्रस्तुत उपन्यास अलि फरक खालको उपन्यास हो ।  फरक यस अर्थमा की यसमा बौद्ध, गुम्बा तथा आश्रमहरूसँग सम्बन्धित कथावस्तु छ । उपन्यासमा प्रमुख पात्रका रूपमा महारानी चन्द्रिका, प्रभाकर, सुजता, माता उपासिका, मुक्ति, यमन, पराशर कुँवर, रुबेल, मनद स्वामी, बद्री, चम्पालगायतका अन्य पात्रहरू छन् । यस उपन्यासमा महारानी चन्द्रिकाका माध्यमबाट विभिन्न प्रकारका तापहरूबाट बच्न मानिसहरूले गर्ने सफल तथा असफल प्रयासहरूलाई दर्शाइएका छन् । यस उपन्यास शुरुमा बौद्ध दर्शनलाई आत्मसात गरी गुम्बाको सेरोफेरोबाट शुरु भई बिचमा माओवादी जनयुद्धको प्रसङ्ग जोड्दै अन्त्यमा आश्रममा योगा, ध्यान गरेर पनि मानिसमा रहेको तापबाट मुक्ति नमिलेपछि मुक्ति नमिलेपछि  मुक्ति खोजीमा महारानी चन्द्रिका जीवनदेखि सन्यास लिदै गन्तव्यविहिन यात्रामा हिडेकोमा कथानक अन्त्य भएको छ । यस उपन्यासमा इतिहास र वर्तमानको समय त्रासदीका प्रहार भेटिन्छन् । आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूले अध्यात्मिक सामाजिक आकाङ्क्षा र यौन तिर्सनका तरङ्ग फेला पर्दछन् । यसको भाषा मिठो र कथा भन्ने शैली आकर्षण छ ।

*ताप* शारदा शर्माको पहिलो उपन्यास हो । शर्मा (२०६९) द्वारा लिखित *ताप* उपन्यासमा बौद्ध धर्मसँग सम्बन्धित विविध जानकारी तथा इतिहास र वर्तमानको समय त्रासदीका प्रहार भेटिन्छन् । यो १३ अध्याय र ३२५ पृष्ठ सङ्ख्यामा संरचित साङ्ग्रिला बुक्स,

बागबजार, काठमाडौंबाट प्रकाशित भएको हो । *ताप* (२०३९) उपन्यास शर्माको पहिलो र वि.सं. २०७० को पदमाश्री साहित्य पुरस्कार पाउन सफल सामाजिक उपन्यास हो । शारदा शर्माको जन्म वि.सं. २०१५ कार्तिकमा पश्चिम नेपालको पहाडी जिल्ला स्याङ्जामा भएको हो । उनीले कविता, कथा, निबन्ध विधामा कलम चलाएकी छिन् । यसका साथै पछिल्लो समयमा उनीले उपन्यास लेखन पनि शुरु गरेकी छिन् । कविताबाट आफ्नो लेखन प्रारम्भ गरेकी शर्माले त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा स्नातक र नेपाली भाषा साहित्यमा स्नातकोत्तर गरेकी छन् । लामो समय नेपाल परिवार नियोजन सङ्घसँग सम्बद्ध रहेकी शर्मा पछिल्लोपल्ट अन्तर्राष्ट्रिय परिवार नियोजन सङ्घसँग सम्बद्ध रहेकी शर्मा पछिल्लोपल्ट अन्तर्राष्ट्रिय परिवार नियोजन सङ्घ, दक्षिण एसिया क्षेत्रीय कार्यालयमा सल्लाहकार छन् ।

विक्रमको चालिसको दशकदेखि नै कवि, कथाकारका रूपमा अभिरुचिका साथ पढिएकी शारदा शर्मा नारीसुलभ कोमलतासहितको सुललित शब्दविन्यास र बौद्धिक वैचारिक सघनताका कारण सुरुदेखि नै विशेष चर्चामा रहेकी छिन् । २०३९ सालमा *'नहार्ने योद्धालाई मेरो बधाई'* शीर्षकको कविता प्रकाशित गरी आफ्नो औपचारिक साहित्यिक यात्रा आरम्भ गरेकी शर्माले कविता, कथा, निबन्ध र समालोचनाका क्षेत्रमा कलम चलाएकी छिन् । उनका *'विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्र'* (२०५५), समालोचना, *'सीमान्त अनुभूति'* (२०४४), *'युद्धोपरान्त'* (२०४९) र *'स्वर्णसूत्र'* (२०५३) तिनओटा कविता सङ्ग्रह : *'आस्थाको भग्नावशेष'* (२०४९) कथासङ्ग्रह र *'अग्निस्पर्श'* (२०६३) निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् । उनले *'संवत्सर'* र *'नियोजन'* जस्ता पत्रिकाको सम्पादन पनि गरेकी छन् । शर्माको भाषा सजिलो र मन छुने किसिमको हुन्छ ।

## ४.१ कथानक

प्रस्तुत *ताप* उपन्यास शारदा शर्मा (२०६९) द्वारा लिखित सामाजिक उपन्यास हो । यस उपन्यासमा महारानी चन्द्रिका, प्रभाकर, सुजाता, मुक्ति, यमन, कैवल्य, उपालिका, यमन लगायतका अन्य पात्रहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । पूर्वस्मृति शैलीमा *ताप* उपन्यासले कथावस्तु सुरु भएको छ ।

सुजाता नागार्जुन गुम्बामा बस्ने एक भिक्षुणी हुन् । उनले त्यस गुम्बामा गर्ने कार्यहरूले वर्णनबाट कथानक सुरु भएको छ । सुजाता महारानी चन्द्रिका र प्रभाकरकी छोरी

हुन् । चन्द्रिकाको पुरा नाम पूर्णचन्द्रिका राज्यलक्ष्मी राणा हो । श्री ३ महाराज वीरशमशेरका छोरा रुद्रशमशेर र उनकी कान्छी रानी डम्बरकुमारीका छोरा शङ्करशमशेरकी छोरी हुन् । देशमा प्रजातन्त्र ल्याउन सहयोग गरेको आरोपमा आफ्नै भाइद्वारहरूबाट खेदिएर शङ्करशमशेर सपरिवारसहित शिमला आउँछन् । त्यहीँ उसले बिहे गरी छोरा उदय र छोरी चन्द्रिकाको जन्म हुन्छ । छोरा उदय कलेज पढ्न बेलायत जान्छ तर छोरी चन्द्रिकालाई चाहीँ राजपरिवारकी छोरी सडकमा हिड्नु हुँदैन भनी घरबाहिर गएर पढ्ने अनुमति दिइएन । मेट्रिकसम्म स्कुल नै नगई घरमै गुरुहरूबाट शिक्षा लिई जिजुमुमाको स्वर्ग भएपछि भने उनले व्याचलरसम्म स्थानीय कन्या कलेजमा पढ्छिन् । त्यसपछि उनकी आमाले छोरी बिस वर्ष पुगी सकी बिहे गरिदिने भन्दा उनले म पनि बेलायत गएर दाइसँग पढ्छु भनी विद्रोह गरेर बेलायत मास्टर गर्न जान्छिन् । बेलायतमा उनकी सानीमुमा र सानोबुबाकोमा कलेज सुरु नहुञ्जेलसम्म बस्छिन् । त्यहाँ बस्दा उनका सानो बुबा अरविन्दले उसमाथि गिद्धे नजर लगाएपछि ऊ त्यहाँबाट निस्किएर डेरामा एस्ली नाम गरेको साथीसँग बस्न थाल्छिन् । एक दिन उनीहरूको कोठामा एस्लीले भाइ प्रभाकरलाई खान बोलाउँछे र चन्द्रिकासँग परिचय गराइदिन्छे । चन्द्रिका र प्रभाकर बिच कुराकानी, भेटघाट हुँदै गएपछि एक दिन एस्लीले प्रभाकरले तिमीलाई मन पराउँछ तिमीहरू बिहे गर भन्छे । त्यसपछि उनीहरूले बिहे गर्छन् । राणा राजपरिवारकी छोरी सामान्य केटोसँग बिहे गरेकोमा चन्द्रिकाकी आमा रिसाउँछिन् । तर बाबु भने आदर्शवान् केटो पाएकोमा खुसी हुन्छ । प्रभाकरले बेलायतमा माइक्रोबायोलोजी विषयमा पीएचडी गरेको हुन्छ । उसका परिवार नेपालमा भएकाले विवाहपश्चात् उनीहरू नेपाल आउँछन् । प्रभाकरका परिवार ताहाचलमा चार आना जमिनमा बनेको सानो एकतले घरमा बस्थे । घरमा सासु, अविवाहित देवर र दुईटी नन्द थिए साथै आमाजूका छोरीहरू त्यहीँ बसी पढ्थे । उनीहरूले चन्द्रिका र प्रभाकरलाई सानो कोठा खाली गर्दिन्छन् । सबैको भान्सा भने एउटै थियो । चन्द्रिकाका निम्ति यस्तो बसाइ सहज त पटक्कै थिएन, तर यो प्रभाकरको घर थियो, ऊ खुशी नै थिई । चन्द्रिका क्षेत्रीकी छोरी भएकाले उसले पकाएको भात सासूले खादिन थिइन् । भान्सामा सबै कुरा तयार गर्नु, बेलुका सासु लगायत नन्द, केटाकेटीको खुट्टामा तेल लगाई मालिस गर्नु जस्ता कार्यहरू उसले गर्नुपर्थ्यो । प्रभाकरले पनि नेपालमा आफ्नो क्षमता र योग्यताअनुरूपको काम नभेटेपछि केही नगरी चिन्तित भएर घरै बस्थ्यो । चन्द्रिकाको केही कुरा प्रभाकरले मान्न

छोडेको थियो । उसको बाबु सानैमा बितेकाले आमाले एक्लै हुर्काएकाले आमाको पक्षमा लाग्थ्यो । एक दिन गाउँबाट अरू मान्छे आएपछि चन्द्रिका र प्रभाकरकै कोठामा आएर भान्जीहरू बस्न थाले । आफ्नो कोठा पनि आफ्नो नरहेपछि चन्द्रिकाले प्रभाकरलाई डेरामा गएर बसौँ भनी तर प्रभाकरले मानेन । चन्द्रिका गर्भवती हुँदा समेत प्रभाकरले वास्ता नगरेपछि चन्द्रिकाले वकिल बोलाइ सम्बन्ध विच्छेद गर्छे । त्यसपछि प्रभाकर भने बेलायत नै फर्कन्छ ।

चन्द्रिकाले छोरी सुजातालाई जन्म दिन्छे । त्यसपछि ऊ ‘महिला हिंसासम्बन्धी प्रोजेक्ट’ आईएनजिओमा काम गर्दै काठमाडौँमा घर बनाउँछे र छोरीलाई हुर्काउँछे । चन्द्रिकाले जीवनमा धेरै सङ्घर्ष गरेर ऊ सामन्ती वर्गमा गनिने भएकी छ । उनले छोरीलाई पढ्नका लागि अमेरिका पढाउँछे । पढाइ सकेर अमेरिकाको जीवनशैलीदेखि वाक्क भएर सुजाता नेपाल फर्कन्छे । उसले प्राइभेट युनिभर्सिटीमा पढाउन थाल्छिन् । त्यहाँ उनी आलोकसँग नजिक हुन्छे । पछि आलोकले घरमा बिहे गर्न कर गरिरहनु भएको छ भन्दा उसले अहिले नै बिहे गर्ने सोच नभएको भनेपछि आलोकले अर्कै केटीसँग बिहे गर्छ । आलोकको बिहेपश्चात् सुजातालाई त्यहाँ पढाउन मन लाग्दैन र काम छोड्छे । ऊ फेरी आईएनजीओमा काम गर्न थाल्छिन् । त्यहाँ पनि शिरीषसँग नजिकको सम्बन्ध हुँदाहुँदै पनि शिरीषले अर्कै केटीसँग बिहे गर्छ । त्यसपछि ऊ साथीहरूसँग डिस्को, पब जाने, राती अबेलासम्म रेस्टुरेन्टमा कुनै केटा साथीसँग बस्ने गर्न थालेकी छे । आमा पनि कामको सिलसिलामा धेरै समय विदेश तिरै हुने भएकाले पनि सुजाता आफू खुसी गर्दै हिड्छे । आमाले सम्झाउँन खोज्दा उल्टै उसले आफ्नो बाबुलाई अन्याय गरेको, आफूलाई बाबुसँग भेट्न पाउने हकबाट बञ्चित गरेको आरोप लगाइ सधै झगडा गर्ने, आमाको कुरा नसुन्ने, नमान्ने गर्छे । एक दिन सुजाताको ब्याचलर पढ्दो साथी मुक्तिसँग सुजाताको भेट हुन्छ । मुक्तिसँग कुराकानी गर्दा ऊ पहिले माओवादी लाग्नुको कारण बताउँछ । मुक्तिको बाबु शिक्षक हुनुहुन्थ्यो । उसका एक बहिनी, आमा, बुबा सानो सुखी परिवार थियो । मुक्तिको बाबु कुनै पार्टीको सदस्य नभएर पनि प्रजातन्त्रको वकालत गर्नुहुन्थ्यो । दुःखी, गरिब, निमुखाका पक्षमा आफ्नो मत जाहेर गर्ने चेतनशील शिक्षकमा गनिनुहुन्थ्यो । एक दिन बेलुका चार जना सेनाहरू आएर सानो सोधपुछ गर्नु छ भनेर लगेर हत्या गरी पर्सिपल्ट समाचारमा सेनासँग मुठभेडमा मारिएको माओवादी मास्टर भनी खबर सुनिन्छ । यस्तो

अत्याचारको विरोध गर्दै मुक्तिले पत्रिकामा बाबु निर्दोष भएको समाचार छपाउँछ । यो खबर पाएपछि सेनाले उसका घरमा आएर आमालाई र उसलाई बन्दुकका कुन्दाले हानी पिट्छ र बहिनीलाई पनि बलात्कार गर्छन् । त्यसपछ मुक्ति यो कायर जीवन जीउनुभन्दा आत्महत्या गर्छु भन्ने सोच्दै गर्दा माओवादीले प्रतिशोध लिन उक्साउँछ र बहिनी र ऊ दुवै माओवादीमा लाग्छन् । त्यसपछि माओवादीले जनसेनासँग लडाइ गर्न सुरु गर्छन् । यसमा कयौँ जनताहरूले त्रासदीको जीवन भोग्न बाध्य हुन्छन् । वि.सं. २०५८ जेठ १९ मा राजपरिवारको दरबार हत्याकाण्ड पश्चात् ज्ञानेन्द्र राजा भएपछि माओवादी र सरकार बिच वार्ता बस्छ र त्यो वार्ता पुरा हुँदैन । त्यसपछि मुलुकभर माओवादी र शाही सेनाको युद्ध सुरु हुन्छ र संकटकाल घोषणा हुन्छ । संकटकालमा सेनाले गरेका अपराधको कुनै सुनुवाइ नहुने भएकाले जनताले माओवादी र सेना दुवै पक्षबाट त्रासदी भोग्नु पर्‍यो । गरिब, निमुखा जनताको घरमै गएर हत्या, बलात्कार, चोरी, पिटाइ गर्ने कार्य सधैं भैरहन्थ्यो । एकदिन एक गरीब परिवारको घरमा माओवादीको समुह गई छोरो सेनामा भर्ति भएकोमा बाबुलाई हत्या गरी छोरीलाई बलात्कार गर्छन् । त्यस घटनाले मुक्तिलाई आफ्नो परिवारको झल्को आउँछ र यस्तो जीवनदेखि भागेर काठमाडौँ आउँछ ।

एक दिन मुक्ति र सुजाता राती डिस्कोबाट फर्कदा लाजिम्पाटमा सेनाले बाइक रोक्छन् र आँखा पट्टी बाधेर जेलमा लगेर सुजातालाई भने थुन्छन् । मुक्तिलाई भने कहाँ लान्छन् थाहा हुँदैन । सुजातालाई माओवादी भनी दुई, तिन महिनासम्म पिट्दै थुनामा राख्छन् । उता चन्द्रिका भने छोरीको खोजीमा आफूले गर्न सकेसम्म आफ्ना चिनजान, नातागोता, नेता, सरकार सबैसँग सहयोग मागी सुजाताको खोजी गर्छे तर पत्ता लाग्दैन । छोरीको पिरले काम पनि छाड्छ, बाहिर जान पनि छोडेर कोठामै बस्छे । उता तिन महिनापश्चात् सुजाता माओवादी नभएको सेनाले थाहा पाएपछि सुजाताको आँखामा पट्टी बानेर छोड्न लैजान्छन् र चार जनाले जङ्गलमा लगी बलात्कार गरी बेहोसी अवस्थामा छाडिदिन्छन् ।

चन्द्रिका सामन्त वर्गकी मान्छे आफूले गर्न सक्ने सबै उपाय गर्दा पनि छोरी नभेटिएपछि उनलाई अक्युट डिप्रेसन हुन्छ । चन्द्रिकाको यस्तो अवस्था देखेर उसको साथी यमनले उसलाई चन्द्रागिरीको काखमा रहेको कैवल्य आश्रममा ध्यानमा जान सल्लाह दिन्छ । त्यसपछि उनी त्यही आश्रममा बसी ध्यान गर्न थाल्छिन् । सुरु सुरुमा उनलाई ध्यानमा

एकाग्र हुन सारै गाह्रो हुन्छ । ध्यानमा बस्दा पनि मनमा छटपटीको तापले सताइरहने भएकाले ऊ गुरुको चरणमा गएर गुरुसँग विमर्श गर्छे । शरीरलाई हेर्दा हेर्दा म यति थाक्छु र यति दिक्क लाग्छ गुरुदेव, अचेल मलाई शङ्का हुन थालेको छ । यो मार्गले साँच्चै कतै पुऱ्याउँछ के ? मेरो जीवनमा यति दुःखहरू हुन् त्यसलाई भुलेर म कसरी बाँच्ने आट गर्न सक्छु ? मेरो दुःखको अन्त्य कहाँ छ प्रभु ? भनी प्रश्न गर्दा गुरुले भन्नुभयो “संसार तिन किसिमका तापले ग्रस्त छ । तापबाट दुःख पैदा हुन्छ । तिनलाई अधिभौतिक, अधिदैविक र आध्यात्मिक *ताप* भन्छन् देवी ! आध्यामिक ज्ञान र साधनाले नै हामीलाई सबै किसिमको तापबाट मुक्त गर्छन् ।” भन्नुभयो । यो कुरा सुनेपछि चन्द्रिकालाई बडो शान्ति मिलेको अनुभव भइरहन्थ्यो । एक दिन आश्रममा बसिरहेको बेला डेढ वर्षपछि चन्द्रिकालाई सुजाता जिउँदै भएको खबर प्राप्त हुन्छ । ऊ खुसीले अत्तालिदै आश्रममा नभनी यमनसँग विश्रान्ति मानसिक उपचार केन्द्रंमा जान्छे । त्यहाँ उसकी छोरी सुजाताको अवस्था ज्यादै दयनीय हुन्छ । उसले छोरीलाई मनपर्ने लुगा किलिप, चक्लेट लगेकी हुन्छे तर सुजाता उनलाई देख्ने बितिकै यी सामानहरू फाल्दै मेरो बाबुको हत्यारा तिमी नै हो भनी कराउन थाल्छे । चन्द्रिकालाई देखेपछि सुजाताको हालत झन बिग्रन्छ र डाक्टरले जान अनुरोध गर्छ । त्यहाँबाट निस्कदा चन्द्रिका लाचार आमा भएकी छे । छोरीको यस्तो अवस्थामा आफूले केही गर्न नसकेको भन्दै रुदै आश्रम फर्कन्छे । ऊ आश्रम पुग्दा उनले बिनाखबर आश्रम बाहिर गएको आरोपमा आश्रमबाट निस्कन गुरुको आदेश आउँछ । चन्द्रिकाले जीवनमा धेरै दुःख, कष्ट, पीडा भोग्नुका साथै सामान्य जिजीविषाको लागि पनि अत्यन्तै कष्ट भोग्नु परेको छ । ऊ जीवन पाएको तापबाट मुक्तिको खोजीको लागि आश्रम आएर सन्यासी भएकी हुन्छे तर आश्रममा पनि माता उपासिकाको जीवनको दुःखद कहानी सुनेपछि त्यहाँ पनि शान्ति नमिल्दो रहेछ भनी आश्रमबाट विदा हुन्छे । आश्रमबाट ऊ घर नगई हिमाल पारीको मुस्तानको पिसाङ गाउँमा एउटा प्राइमरी स्कुलका केटाकेटीका बिचमा बसेर तिनलाई सिँगान पुछ्नु, कथा भन्नु र तिनका फुटेका पोक्चे गालाहरूमा म्वाइँ खाँदा उसको मातृत्व छोइन्छ ।

अब उसको महारानी परिचय हराएको छ । गाउँका सरल मान्छेका सुख र दुःखको साक्षी बन्दा आजसम्म कतै नभेटेको सन्तुष्टि त्यहाँ मिलेको छ । ऊ विसाङ बजारको साइबर क्याफेमा इन्टरनेटमा जान्छिन् । इमलेमा यमनको मेसेज हुन्छ खोल्दा सुजाता

सामान्य भएको, जीवनप्रति उसका जिज्ञासा गहिरिएर गएको र केही दिनमा ऊ गुम्बामा आनी सुलक्षणासँग जाँदैछे भन्ने खबर हुन्छ । त्यसका साथै मुक्ति सुजाताको एकोहोरो प्रेमी रहेको र सुजातालाई आफ्नो मनको कुरा कहिल्यै नभनेको र सुजाताको यो हालत देखेर मुक्तिले आत्महत्या गरेको खबर पनि हुन्छ । यी खबर पढी सक्दा चन्द्रिका विचार शून्य हुन्छे । क्याफेबाट बाहिर निस्केर मर्स्याङ्दी माथि झोलुङ्गो पुलमा उभिएर सुसाउँदै बेगले बगिरहेको पानी नियालिरहन्छे निक्कै बेर । जीवनमा घरीघरी स्वप्न र यथार्थ बिच भिन्नता पहिल्याउन कठिन हुन्छ । यतिखेर त्यस्तै अनुभव भइरहेथ्यो । संसारको यथार्थ अन्योल नै हो । साँझको समय पानीमा लाग्यो मेरो टलपल -टलपल गर्दै जून बगिरहन्थ्यो । लाग्यो - मेरो मन यही पानी उस्तै हो, आजसम्म सधै त्यहाँ जूनका तस्विर बने र बगे । पानीमा देखिने तस्विर सत्य जस्ता देखिए पनि ती हुन, समाउन मैले कहिल्यै सकिनँ भनी सोचिरहँदा कथावस्तुको अन्त्य भएको छ ।

## ४.२ चरित्रपरक अध्ययन

उपन्यासलाई जीवन्त र गतिशील बनाउने काममा त्यसभित्र आउने पात्रहरूले महत्त्वपूर्ण स्थान हुन्छ । *ताप* उपन्यासमा महारानी चन्द्रिका, सुजाता, सुलक्षण, माता उपासिका, रुबेल, चम्पा, शिवानी, हिमाली, माया, एस्ली, शिवानी, माता प्रजापति, गौतमी, रुबेल आदि स्त्री पात्र हुन् भने प्रभाकर, मुक्ति, यमन, पराशर कुँवर, गुरु कैवल्य, मदन स्वामी, आकाश, आलोक, शिरीष, अरविन्द, शङ्कर, छोडेन रिन्पोछे, पुरुष, बद्री, रेशम, त्रिलोक, ग्रोब्रियल आदि पुरुष पात्रहरू रहेका छन् । यस उपन्यासमा महारानी चन्द्रिका, सुजाता, प्रभाकर, आनी सुलक्षण, मुक्ति, गुरु कैवल्य, पराशर कुँवर आदि प्रमुख पात्रका रूपमा रहेका छन् भने माता उपासिका, रुबेल, यमन, शिवानी, माता प्रजापति, गौतमी, यमन, मदन स्वामी, आकाश, आलोक, शिरीष, अरविन्द, शङ्कर, पुरुष, बद्री, छोडेन रिन्पोछे, आदिको भूमिका सहायक रहेको पाइन्छ । ती प्रमुख पात्रहरूको छुट्टाछुट्टै चर्चा निम्नानुसार गरिएको छ :

### ४.२.१ महारानी चन्द्रिका

यस उपन्यासकी महारानी चन्द्रिका प्रमुख नारी पात्र हुन् । उनी श्री ३ महाराज वीरशमशेरका छोरा रुद्रशमशेर र उनकी कान्छी रानी डम्बरकुमारीका छोरा

शङ्करशमशेरकी छोरी हुन् । उनको जन्म शिमला भएको हो । उनी राजा परिवारकी छोरी भएकाले घरमै गुरुहरूबाट शिक्षा लिइ मेट्रिक गरेर पछि जिजुमुमाको मृत्युपश्चात् ब्याचलर स्थानीय कन्या कलेजबाट गरेकी हुन् । चन्द्रिकाको मुमाले उमेर छिप्पिएपछि छोरीको बिहे गर्न गाह्रो हुन्छ अब बिहे गर्नुपर्छ भन्दा उसले विद्रोह गरेर बेलायत मास्टर गर्न जान्छिन् । बेलायतमा सानी मुमा र सानो बुबाकोमा बस्दा सानो बुबाले यौनिक हिँसा गर्ने कोसिस गरेकाले ऊ त्यहाँबाट निस्किएर बाहिर डेरामा बस्छिन् । उसको भेट प्रभाकरसँग हुन्छ र उनीहरू बिचमा प्रेम भई वैवाहिक बन्धनमा बाँधिन्छन् । विवाहपश्चात् उनीहरू प्रभाकरको घर नेपाल आउँछन् । प्रभाकरले घरपरिवारमा टिक्न चन्द्रिकालाई निकै गाह्रो हुन्छ । उसको श्रीमान्ले पनि राम्रोसँग साथ नदिएकाले उनीहरूको सम्बन्ध बिच्छेद हुन्छ । चन्द्रिकाले एक्लैले छोरी सुजातालाई हुर्काउदै आईएनजीओमा काम गर्छे । धेरै लामो सङ्घर्षपश्चात् उसले काठमाडौँमा घर बनाउँछे । छोरीलाई मास्टर गर्न न्युयोर्क पढाउँछे । छोरी मास्टर सकेर आएपछि एक दिन डिस्कोबाट फर्कदा माओवादीको आरोपमा सेनाद्वारा पकडिन्छे र तिन महिनापश्चात् माओवादी नभएको थाहा भएपछि सेनाद्वारा बलात्कृत हुन्छे । छोरी हराएकाले आफूले सकेजति गरेर खोजी गर्दा समेत नभेटिएपछि निराश हुन्छे । कामका सिलसिलामा पनि चन्द्रिका एकल महिला भएकाले अन्य केही पुरुषहरूले यौनिकताको दृष्टिले नजिक हुन खोज्छन् । यो सांसारिक दुःखबाट छुट्कारा पाउनका लागि ऊ कैवल्य आश्रममा सन्यासी भई आध्यामिक ध्यान गरी बस्छे । मनमा केही शान्ति मिल्न थालेको अनुभव हुन थालेको हुन्छ । सुजाता मानसिक उपचार केन्द्रमा भएको थाहा पाउछिन् र भेट्न जान्छिन् । सुजाताले बाबुको हत्याराको आरोप लगाएर गाली गर्छे । सुजाताको स्थिति झन खराब हुन्छ र आमा भएर सन्तानका लागि केही गर्न नसकेको भन्दै रुदै आश्रम फर्कन्छे । आश्रम फर्केपछि आश्रममा फर्कन्छे । आश्रम फर्केपछि आश्रममा बिनाखबर गएको आरोपमा आश्रम छाड्न गुरुबाट निर्देश हुन्छ । जीवनमा पाइने दुःखबाट छुट्कारा पाउन आश्रम आएकी हुन्छे त्यो नपाएपछि त्यहाँबाट निस्किएर मुस्ताङको पिसाङ गाउँमा प्राइमरी स्कुलमा शिक्षिका भएर बस्छे त्यहाँ त्यस काम गर्दा भने उनलाई अन्त कतै नभेटेको सन्तुष्टि भेटेको अनुभव हुन्छ । समग्रमा भन्नुपर्दा उनी यस उपन्यासको प्रमुख पात्र, उच्च वर्गकी, शिक्षित गतिशील र संघर्षशील नारी पात्र हुन् ।

### ४.२.२ प्रभाकर

प्रभाकर यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ गम्भीर प्रकृतिको शान्त ठिटो, जेहेन्दार बेलायतको युनिभर्सिटीमा छात्रवृत्तिमा माइक्रोबायोलोजी विषयमा पीएचडी गर्दै गर्दा उसको भेट यस उपन्यासकी नायिका चन्द्रिकासँग भेट हुन्छ । ऊ मेहनती र मेधावी, शान्त स्वभाव भएको केटो भएकाले चन्द्रिका र प्रभाकरको प्रेम बस्छ र उनीहरू पारिवारिक पृष्ठभूमि र स्वभावमा धेरै अन्तर भएकाले चन्द्रिकाको सानोमामुको सल्लाहअनुसार उनीहरू एक वर्ष एउटै डेरामा बसेर राम्ररी चिनजान भई विवाह गर्दछन् । प्रभाकरको पीएचडी पनि सकियो । उनले आनुवंशिक विज्ञानमा थेसिस लेखेका थिए जुन यस क्षेत्रको कोसेढुङ्गा हो । क्यान्सरको उपचारमा यसबाट कल्पना नै नगरेको सफलता मिल्न सक्छ भनी उनलाई उनका शोधनिर्देशक प्रोफेसर फ्रिडम्यानले आफ्नो असोसियट प्रोफेसर हुन प्रस्ताव गरे तर उसले अस्वीकार गऱ्यो । उनले भन्यो - हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक ?" सोचेर ऊ चन्द्रिकालाई लिएर नेपाल आयो । नेपाल आउँदा चन्द्रिकाको पाँच महिनाको गर्भ थियो । नेपाल आएपछि प्रभाकर निक्कै बदलिएको जस्तो लागिरहेथ्यो चन्द्रिकालाई ऊ मध्यम परिवारको बाबु सानैमा बितेकाले आमाले नै हुर्काउनु भएकाले आमालाई साह्रै आदर, सम्मान र माया गर्थियो । उसको घर सानो र सदस्य सङ्ख्या बढी भएकाले चन्द्रिकालाई त्यहाँ बस्न असहज थियो तर पनि यो प्रभाकरको घर हो भनी ऊ खुशी नै थिई । बच्चा जन्मिसकेपछि श्रीमतीले आईएनजीओमा काम गर्न थाली तर प्रभाकर भने आफ्नो क्षमता र योग्यताअनुसारको उपयुक्त काम नभेटेर चिन्तित हुन्छ । उनीहरूको घरायसी समस्या बढ्दै गएपछि उनीहरू बिचमा मनमुटाव सुरु हुन थाल्यो । उनीहरूको समस्या निकै चर्केपछि उनीहरूले छुट्टिएर बस्ने निर्णय गर्छन् र दुवै बिच सम्बन्ध विच्छेद हुन्छ । त्यसपछि प्रभाकर बेलायतै फर्कन्छ र पछि अर्को विवाह गर्छ र आमाको मृत्यु हुँदा पनि नेपाल फर्कदैन् ।

समग्रमा भन्नुपर्दा प्रभाकर कथानको सुरुमा असल, इमान्दार, जेहेन्दार, राष्ट्रियताप्रति मोह राख्ने, आमाको सम्मान गर्ने एक असल चरित्रको मान्छे देखिएको छ भने अन्त्यतिर उसको भूमिकामा परिवर्तन भएको छ । तसर्थ ऊ मध्यम वर्गीय, शिक्षित, देशभक्तिको भावना भएको तर परिस्थितिले गर्दा विदेशिनु बाध्य भएको र आफ्ना कर्तव्य र जिम्मेवारी

वहन गर्न नसक्ने र अर्थ विवाह गरेकाले पितृसत्तात्मक सोच भएको व्यक्तिको रूपमा चित्रित भएको छ ।

### ४.२.३ सुजाता

सुजाता चन्द्रिका र प्रभाकरकी छोरी हो । ऊ जन्मन साथ बाबुले छाडेर बेलायत गएपछि आमाले उसलाई हुर्काएकी हुन् । सुजाता तीक्ष्ण बुद्धि भएकी केटी हो । उसले क्यालिफोर्नियाको स्ट्यानफोर्ड युनिभर्सिटीबाट दर्शनशास्त्रमा मास्टर्स गरेकी छ । ऊ उसको ब्याचकी युनिभर्सिटी टपर हो । उसले मास्टर्स पढ्दा आफै काम गर्दै पढेकी हो । अमेरिकाको जीवनशैलीदेखि ऊ वाक्क भएर मास्टर्स सकेर नेपाल फर्किन्छे उसले एउटा प्राइभेट युनिभर्सिटीमा पढाउन थाल्छे । त्यहाँ उसको आलोक सरसँग माया बस्छ । आलोकको आमाले आलोकलाई बिहे गर्न कर गर्नुहुन्छ तर सुजाता अहिले नै बिहे नगर्ने सोच बताएपछि आलोकले अर्कै केटीसँग बिहे गर्छ । आलोकको बिहेपश्चात् उनले युनिभर्सिटीमा पढाउन छोडेर घरमै बस्छिन् । आमाको करले उसले मानव अधिकारसम्बन्धी आईएनजीओमा काम गर्न थाल्छिन् । त्यहाँ पनि ब्रेकअप हुन्छ । त्यसपछि सुजातालाई जीवन दुःख रहेछ भन्ने लाग्न थाल्यो । उसलाई आफ्नो बाबुसँग बस्ने, भेट्ने हकबाट वञ्चित गरेको आमाले हो भन्ने लागेर आमासँग सधै झगडा गर्ने, जे मनमा लाग्यो त्यही गर्ने, आमाको कुरा नसुन्ने गर्ने गर्थी । ऊ सधै जसो राती अबेलासम्म डिस्को, पब जाने, रेन्टुरेन्टमा केटाहरूसँग जाने, रक्सी खाने गर्थी । एक दिन उसको ब्याचलर पढ्दाको साथी मुक्तिसँग भेट हुन्छ । मुक्ति माओवादीबाट भागेर आएको हुन्छ । उसँग डिस्कोबाट राती फर्कदा लाजिम्पाटमा सेनाले समाउछ र माओवादी भनेर तिन महिनासम्म सुजातालाई थुनामा राख्छ र पछि सुजाता निर्दोष भएको थाहा पाएपछि सुजातालाई आँखामा पट्टी बाँधेर जङ्गलमा लगेर चार जना सेनाले बलात्कार गरी बेहोसी अवस्थामा छाडिदिन्छन् । उसलाई बौद्ध धर्मावलम्वीहरूले भेटाएर उपचार गर्छन् । उसलाई भेट्न आमा आउँदा उसको स्थिति झन् बिग्रन्छ । उसले आमालाई बाबुको हत्यारा भन्छे । उसको अवस्थामा अलिक सुधार भएपछि ऊ गुम्बामा भिक्षुणी भएर सामान्य जीवन बिताउने कोशिस गर्दैछे । उसलाई यस उपन्यासमा एक उच्च वर्गकी शिक्षित छोरी परिवारबाट उचित माया, हेरचाह र रेखदेख नपाउँदा र आफूले समयको ख्याल नगर्दा कसरी दुःख र पीडादायक जीवन बिताउन बाध्य हुनुपर्छ भन्ने सन्देशका रूपमा चित्रित गरिएको छ ।

### ४.२.४ मुक्ति

मुक्ति सुजाताको कलेजको साथी हो । उसको घर चितवन हो । उसले काठमाडौँमा डेरा गरी पार्ट टाइम काम गरेर दुःख गरेर ब्याचलरसम्म पढेको थियो । मुक्तिको बाबु हाइस्कुलमा गणित विषयको शिक्षक हुनुहुन्थ्यो । मुक्तिको ब्याचलरमा राम्रो अङ्क थियो । ऊ निम्न मध्यवर्गीय परिवारको केटो मास्टर्स पढ्न खर्च नभएर केही अमेरिकी विश्वविद्यालयमा छात्रवृत्तिको लागि निवेदन हालेको थियो । उसको एक बहिनी, आमा र बुबा थिए । बुबा कुनै पार्टीको सदस्य नभएपनि प्रजातन्त्रको वकालत गर्नु हुन्थ्यो । दुःखी, गरिब, निमुखाका पक्षमा आफ्नो मत जाहेर गर्ने चेतनशील शिक्षकमा गनिनुहुन्थ्यो । त्यस बेला द्वन्द्वकालीन समयमा सरकार र माओवादी बिच वार्ता भङ्ग भएको थियो । वार्ता भङ्ग भएपछि माओवादीले सेनाको ब्यारेकमै आक्रमण गरेको हुँदा त्यतिखेर शाही सेना पागल भएको थियो । सङ्कटकालमा सेनाले गरेका कुरामा कुनै सुनुवाइ हुँदैनथ्यो । जनता माओवादी र सेनाको चेपुवामा थियो । एउटासँग अर्को डराउनु पर्ने अवस्था भएकाले गाउँका सबैले झैँ मुक्तिका परिवार पनि समसाँझै भात खाएर सुते पनि नसुते पनि बत्ती निभाउँथे । एक दिन बेलुका सेनाहरू उसका घरका ढोका ढकढकाउँछन्  र बाबुलाई सानो सोधपुछ गर्नु छ भनी लिएर जान्छन् तर बाबु फर्कदैनन् । पर्सिपल्ट समाचारमा सेनासँग मुठभेडमा मारिएको माओवादी मास्टर भनेर बाबुको नाम सुनेपछि उसका परिवार एकैपटक आश्चर्य, शोक र क्रोधमा चुर्लुम्म डुब्छन् । आमाको कुनै सुद्धी थिएन । बहिनी केटाकेटी नै भएकाले परिवारको जान्नेसुन्ने भनेको ऊ नै थियो । ऊ आफू थाम्न नसकेर अत्याचारका विरोध गर्छ र आफ्नो बाबुलाई मध्यरातमा बेपत्ता बनाएका, गलत आरोप लगाएर मारेको कुरा सबैलाई भन्छ र पत्रिका छापिन्छ । बाबुको तेह्र दिनको काम नसकिँदै फेरी एउटा रात उसको घरमा अर्को चट्याङ पर्छ । सिपाइहरू राती आएर उसलाई र आमालाई लात्ताले भक्कुर्न र बन्दुकका कुन्द्राले हान्छन् र बहिनीलाई बलात्कार गर्छन् । त्यसपछि आमा जडभरत हुनुभएको र बहिनी टोलाएर घरभित्रै बस्थी । यस्तो अवस्थामा उसले सोच्थ्यो- के अर्थ यो कायर जीवनको, अब आत्महत्या गर्छु । त्यसबेला माओवादी आएर सान्त्वना दिदै प्रतिशोध लिन उक्साउँथे र आत्महत्या गरेर जीवन समाप्त गर्नुभन्दा अब दुश्मनहरूलाई समाप्त गरेर मात्रै मर्छु भन्ने कामना बोकेर बहिनी र ऊ दुवै जङ्गल पस्छन् । ऊ माओवादी बनेको एक महिनापछि उनीहरूले टोली सुन्दर चौधरीको छाप्रोमा साँझमा पुग्छन् । सुन्दरको छोरो

जनसेनामा हुन्छ । उनीहरूले छोरोलाई हामीलाई देकी सेनाको सुराकी हामीलाई बताउनु भनेका थिए । सुन्दरलाई सेनाको पक्ष लिएको भनेर राती खुकुरी हानी हत्या गर्छन र सेनासँग सधै आक्रमण भइरहने कयौं मानिस मरे । आक्रमणका क्रममा मुक्ति घाइते हुन्छ र उपचारको क्रममा उसले सोच्छ- कसको वर्गशत्रु को हो ? जतातिर जुन छोरो मरे पनि शोक बार्ने आमाबाबु एउटै छन् र माओवादी छोडेर भागेर काठमाडौं पुग्छ र त्यहाँ सुजातालाई मन पराएको हुन्छ तर भन्न सकेको हुँदैन् । सुजाताको दयनीय अवस्था देख्न नसकेर अन्त्यमा आत्महत्या गर्छ ।

माओवादी द्वन्द्वकालीन समयमा सर्वसाधारण जनताले भोग्न बाध्य भएका दर्दनाक परिस्थितिको सचित्रण उसको जीवनबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

### ४.२.५ गुरु कैवल्य

कैवल्य आश्रमका मूल गुरु हुन् । उनी गहुँगोरो वर्णको, अग्लो, छरितो, स्वस्थ युवक, उच्च ललाटका थिए । कैवल्यको मूल घर स्याङ्जा हो । जसले काठमाडौं आएर आईएसी गरेपछि छात्रवृत्तिमा दिल्ली गए । ऊ त्यहाँ रहदा धेरै सन्तमहन्त, गुरुहरूको सङ्गतमा परे । पढाइ सकेपछि केही वर्षसम्म एक साधुको साथ लागेर ऋषिकेशमा उनैको आश्रममा पनि बसे । उसमा संसारप्रति वैराग्य भाव त्यसै बेलादेखि नै रहेछ । शिवपुरी बाबाको आश्रामममा कैवल्य बस्थ्यो । त्यहाँ उसको भेट उपासिकासँग हुन्छ । कैवल्य र उपासिका एक अर्कालाई प्रेम गर्न थाल्छन् । कैवल्य पैंतीस वर्षको र उपासिका अठार वर्षकी भएकाले उपासिकाको बाबुले उपासिकालाई सम्झाउनुभएको थियो । उपासिका, तिम्रो र कैवल्यको बिहे भयो भने पनि यो एकदम असमान व्यक्तिहरू बिचको विहे हुनेछ । बिहेको सम्पूर्ण बोझ कमजोर र कम शक्तिशाली भएकी कारणले तिमीले नै बेहोर्नुपर्छ । उहाँको आध्यामिक यात्रा तिमी पहिलासम्म साथै हिँड्न सकौली-नसकौली छोरी भनी सम्झाउँदा पनि उनीहरू एकअर्काका प्रेममा अन्धा भएका थिए । उनीहरू लुकेर अन्तरङ्ग सम्बन्धको भार विसर्जन हुने गर्थ्यो । उपासिकाले कैवल्य, यो पाप हैन ? भन्दा कैवल्यले भन्थ "उपासिका, जन्मजन्मान्तर देखिकी प्रेमिका हौ तिमी मेरी । उसले प्रेमको सम्बन्ध सधै पवित्र हुन्छ । प्रेमकै रूप हो ईश्वर पनि । त्यसपछि तिमीलाई मैले पत्नी स्वीकारि सकेको छु । प्यारी, म तिम्रो पति हुँ ।" यही क्षणदेखि उनीहरू अद्वैत भए । एकपल्ट कैवल्य निकै विरामी भए त्यसबेला उपासिकाले उसको स्याहारसुसार गरेर बस्थी त्यसपछि उनीहरूको विवाह हुन्छ । बिहेपछि उनीहरू

ऋषिकेश आश्रममा बस्न थाले । कैवल्य र उपासिका बिच घनिष्ट प्रेम थियो । उनीहरूको चन्द्रागिरिको फेदीमा नयाँ आश्रम बनाउँछन् । त्यस आश्रममा ध्यानक्रम पनि बनाइएको थियो । संसारभर, प्रचलित ध्यानविधि सिकाउने र त्यसका निम्ति विभिन्न ठाउँबाट विज्ञ गुरु र साधकहरूलाई बोलाउने उनीहरूको योजना थियो । उनीहरू धेरै नै खुसी थिए । आश्रम बनेपछि कैवल्यले हाम्रो शयन कक्ष अलग हुने छ भने । उपासिकाले किन स्वामीभन्दा जुन यात्रामा हामी छौँ, त्यहाँ शरीर सम्बन्ध बाधा बन्ने गर्छ भनी उनको बेग्लै कक्ष तयार हुन्छ । कैवल्य अध्यात्मकको यात्रामा अघि बढ्छन् । उनले अब गुरु भएपछि आफ्नी श्रीमतीसँग बोल्न, बस्न छोडेको छ । उसले बिरामी हुँदासम्म वास्ता गर्दैन । अध्यात्मलाई उत्कर्षमा पुऱ्याउने लक्ष्यमा आफ्नो आचरण, मन, वचन र कर्मद्वारा आफू शुद्ध हुनु आवश्यक ठानी आफ्नी पत्नीलाई उपेक्षा गर्छन् । शरीरका इच्छाको कुनै सीमा हुँदैन, ध्यानमा चित्त लगाउ दुःखको निवारण हुन्छ यो नै तिम्रो र मेरो मुक्तिको द्वार हो भनी उपासिकालाई भन्छन् । कैवल्य आफू गुरु भएकाले ऊ बाहिर जाँदा छुट्टै बेवास्था हुन्थ्यो उसको निर्णय नै सबैका स्वीकार्य हुन्थ्यो । उसको पत्नीले आफ्नो अधिकार खोज्दा उसलाई ध्यानमा लाग बेकारमा यस्तो इच्छा नराख भन्थे तर सत्य त के हो भने करिब पैसट्ठी वर्षको उमेरमा पनि कामभावनाका सर्पले बारम्बार उसभित्र टाउको उठाउँथे । आफ्ना सुन्दर साधिकाहरू देख्दा मन विचलित हुन खाजेकोले ऊ आश्चर्यचकित हुन्छ । राती ऊ बारम्बार स्खलित हुन्छ यो कुरा आफ्नी श्रीमतीलाई भन्न सक्दैन । उनले अरूलाई साधनामा लीन होऊ पीडाबाट छुट्कारा पाउन सकिन्छ भन्थे तर आफ्नी पत्नीको पीडालाई बुझ्न सक्दैनन् । कयौँ व्यक्तिहरू अध्यात्ममा लागेर आफ्नो इच्छाविपरीत समाजको डरले आफ्नो इच्छाहरूलाई कुण्ठित गरी झुटा आस्वासन दिई शान्तिको नाममा ठगी रहेका हुन्छ । मानसिक मनभित्र सुषुप्त चाहनाहरू हुन्छन् । त्यो चाहनालाई रोक्न जति नै कोशिस गरेपछि कतै न कतै कुनै रूपमा प्रस्फुटित हुन्छ भन्ने कुरा कैवल्यको जीवनबाट देखाइएको छ ।

## ४.३ लैङ्गिक अवस्था

ताप उपन्यासको परिवेश नेपाली समाज नै हो । *ताप* उपन्यासमा चित्रित पात्रहरू नेपाली समाजको पितृसत्तात्मक पुरुषवादी हैकम चलाउने, महिला पुरुषको अत्याचारमा पिल्सिनु पर्ने, देशमा प्रजातन्त्र आएको भनिए पनि सुशासन नभएको देशमा हिंसा, चोरी, ठगी र महिला हिंसा बढेको कुरा उपन्यासमा वर्णित छ । उपन्यासमा केही पात्रहरूमा

पुरुषशासित मानसिकताको छाप परेको पाइन्छ । यस उपन्यासमा आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूको आध्यात्मिक - सामाजिक आकाङ्क्षा र यौन सिर्जनाका तरङ्ग भेट्न सकिन्छ । उपन्यासमा वर्णित घटनाको आधारमा हेर्दा राम्रो समाजले नारीप्रति ठूलो विभेद, हिंसा र अत्याचार गरेको पाउन सकिन्छ । उपन्यासकी प्रमुख नारी पात्र चन्द्रिकाले सामान्य जीजिविषाको इच्छा राख्दा पनि पुरा हुन नसकेर विभिन्न खालका तापबाट ग्रसित हुन पुग्दछे । "बाहुनकी बुहारी ! दुलहीले रातो धोती, चुरापोते लाएर बस्नुपर्छ । खोइ सिन्दुर होलेकी (पृ. १६८) ?"

माथिको वाक्यमा जातीयताको नाममा परम्परागत कुसंस्कारले महिलामाथि अन्याय र अत्याचार गरी महिलाको स्वतन्त्रताको हनन् गरेको छ । कुन ऐन कानुनमा उल्लेख गरिएको छ बाहुनको बुहारीले रातो धोती, चुरापोते, सिन्दुर अनिवार्य लाउनै पर्छ र अन्य जातका बुहारीले लाउन आवश्यक छैन । यस वाक्यमा महिलालाई जातीय कुसंस्कारको जनजीरले बाँधी आफ्नो स्वतन्त्रतालाई त्याग्न बाध्य भएका छन् भने कुरा प्रष्ट पारिएको देखिन्छ ।

अति भएपछि मैले प्रभाकरलाई भने, "तिमी पनि सुन र तिम्रो घरका मान्छेलाई पनि भनिदेऊ, म तिम्रो घरमा काम गर्न आएकी नोकर्नी होइन, तिम्रो पत्नी हुँ, तिमीसरहकै हुँ । त्यसमाथि यस्तो अवस्थामा छु, मलाई भोक लाग्यो कि भनेरसम्म यहाँ कसैले सोध्दैन (पृ. १७०) ।"

माथिको भनाइबाट महिलामाथि अत्याचार भएर सहन नसक्ने भएपछि महिलामा सशक्तीकरणको भावना जागृत भएको छ । चन्द्रिकामाथि अन्याय, अत्याचारको सीमा नाघेपछि उसले त्यसको विरोध गर्दै आफ्ना पतिलाई आफू घरमा काम गर्न आएकी नोकर्नी नभएर उसको पत्नी भएको र ऊ सरहकै भएको कुरा बताएकी छिन् । आफू दुई जिउकी अवस्थामा हुँदा पनि भोक लाग्यो तिमीलाई भनेर कसैले नसोधेको भन्दै उठाएको देखिन्छ ।

"यो अमेरिका होइन सुजाता । सानो ठाउँ, ठूलो हल्ला हुन्छ । मान्छे चाहिने-नचाहिने अनुमान गर्छन् । टोल छिमेकले के भन्लान् भनेर पनि सोच्नुपर्छ । यस्ता कुरामा केटीमान्छेले नै धेरै मूल्य चुकाउनुपर्ने हुन्छ (पृ १८३) ।"

माथिको वाक्य चन्द्रिकाले आफ्नी छोरी सुजातालाई भनेको हो । यस वाक्यमा पितृसत्तात्मक सोच रहेको देख्न सकिन्छ । यो अमेरिका होइन, सानो ठाउँ ठूलो हल्ला हुने, मान्छेले अनावश्यक कुरा काट्ने, समाजको डरले नारीहरू संवेदनशील हुनुपर्ने अवस्थाबाट प्रस्ट रूपमा पितृसत्तात्मक सोचले महिलाहरू ग्रसित हुनुपरेको समाजको चित्र प्रस्तुत गरेको छ ।

"छोरीमान्छे, चोटपटक लाग्यो, अङ्गभङ्ग भयो भने बिहे गर्न गाह्रो हुन्छ (पृ. १९५) ।"

माथिको वाक्य चन्द्रिकाको मुमाले चन्द्रिकालाई भन्नुभएको हो । शिमलामा हिउँ परेको बेला स्केटिङ खेल्न कहाँकहाँदेखि मान्छे आउँथे । मुमाले चन्द्रिकाको दादालाई हिउँमा खेल्न दिए पनि उनलाई कहिल्यै अनुमति दिनुभएन । उहाँमा छोरीमान्छेले खेल्नु हुँदैन । चोटपटक लागेर अङ्गभङ्ग भयो भने बिहे गर्न गाह्रो हुन्छ भन्ने पितृसत्तात्मक सोच भएकाले उहाँले छोरीलाई पनि यहीँ सोचले नियन्त्रण गर्न खोज्नु भएको देखाइएको छ ।

"उमेर छिपिएपछि छोरीको बिहे हुन गाह्रो हुन्छ । बीस वर्षकी भइसकी चन्द्रिका । यत्रो पढी सकी । म स्कुल नगएरै पनि त भएको छ । अब ढिलो गर्न हुन्न" (१४१) ।

माथि उल्लिखित वाक्य चन्द्रिकाको आमाले बाबुसँग भनेकी हुन् । यस वाक्यमार्फत् पितृसत्तात्मक सोच प्रस्तुत भएको देख्न सकिन्छ । छोरी बीस वर्ष हुने बित्तिकै बिहे गर्नै पर्ने नगरे पछि बिहे हुन गाह्रो हुने, आफू स्कुल नभएकाले छोरीले पनि यति पढे त भैहाल्यो नि भन्ने मुमाको सोचबाट पितृसत्तात्मक सोच प्रस्तुत भएको छ ।

## ४.४ लैङ्गिक भूमिका

लिङ्गको आधारमा विद्यमान महिला र पुरुषको भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ । समाजमा महिला र पुरुष विभिन्न क्षेत्रमा संलग्न हुन्छन् । उनीहरूले आफ्नो कार्यक्षेत्रअनुसार फरक फरक भूमिका निर्वाह गर्दछन् । यसरी लिङ्गका आधारमा महिला र पुरुषको फरक फरक भूमिकालाई नै लैङ्गिक भूमिका भनिन्छ ।

वर्तमानमा हाम्रो समाज पितृसत्तात्मक रहेको छ । महिलालाई जहिले पनि आफ्नो अधिकारमा राख्नुपर्ने सोच पुरुष मानसिकतामा रहेको पाइन्छ । यहाँ पुरुषहरूको हेर्ने दृष्टिकोण दोष छ, यस दोषी आँखालाई न्यायसँग बनाइ महिला र पुरुषलाई समान रूपमा हेर्ने बनाउनु लैङ्गिकता अध्ययनको उद्देश्य हो ।

ताप उपन्यासमा लैङ्गिकता भूमिकापरक अध्ययन गर्दा महिला र पुरुषले गर्ने कार्यहरूका आधारमा विश्लेषण गरिन्छ । यस उपन्यासमा प्रमुख पात्रको रूपमा चन्द्रिका, प्रभाकर, सुजाता, मुक्ति, कैवल्य आदि देखापरेका छन् भने यमन, पराशर कुँवर, आकाश, आलोक, रमेश, रुबेल, सुलक्षणा, बद्री आदि गौण पात्रहरू रहेका छन् । यस आधारमा उत्पादक, पुनरुत्पादक र सामाजिक भूमिकाको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.४.१ उत्पादक भूमिका

उत्पादनशील भूमिका भनेको आय, आम्दानीका लागि गरिने भूमिका हो । विशेष गरी यस किसिमको भूमिका हाम्रो समाजका परम्परा देखि नै महिलाको तुलनामा पुरुष सहभागिता बढी रहेको पाइन्छ । *ताप* उपन्यासको आधारमा उत्पादक भूमिका चन्द्रिका, सुजाता, आलोक पराशर कुँबर आदि देखापरेका छन् । *ताप* उपन्यासमा उत्पादन भूमिकामा महिलाको सहभागिता पुरुषको तुलनामा बढी रहेको पाइन्छ । चन्द्रिकाले बच्चा जन्मिसकेपछि आफ्ना निम्ति त एउटा आईएनजीओमा काम गर्ने व्यवस्था मिलाएँ, प्रभाकरका निम्ति चाहिँ उपयुक्त काम मिलिरहेको थिएन (पृ. १६६) । यस उपन्यासमा चन्द्रिकाले छोरीलाई हुर्काउने, पढाउने काम एक्लैले गरेकी छे र सुजाताले पनि पढाइ सकेर प्राइभेट युनिभर्सिटीमा पढाउने गर्थिन् र पछि मानव अधिकारसम्बन्धी आईएनजीओमा काम गर्दछिन् । त्यस्तै आलोक, पराशर कुँवरले पनि आफ्नो आवश्यकता पूरा गर्न उत्पादक भूमिका निर्वाह गरेका छन् ।

यस उपन्यासमा उत्पादक भूमिकाको रूपमा हेर्दा पुरुष र महिला दुवै संलग्न रहेको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने महिलाहरू पनि आफ्नो जिविका चलाउन पुरुषसरह नै सशक्त हुन्छन् । लैङ्गिक दृष्टिले उक्त उपन्यासमा समाविष्ट पात्रहरूको विश्लेषण गर्दा उत्पादक भूमिकाअन्तर्गत लैङ्गिक समानता रहेको पाइन्छ ।

### ४.४.२ पुनरुत्पादक भूमिका

पुनरुत्पादक भूमिकाका आधारमा हेर्दा विशेष गरी महिलाहरूको सहभागिता बढी पाइन्छ । बच्चा जन्माउनु, दुध चुसाउनु, गर्भधारण गर्नु, घरभित्रका कामहरू यस भूमिकाअन्तर्गत पर्दछन् भने सामाजिक पुनरुत्पादन भूमिकाअन्तर्गत खाना बनाउने, बच्चाहरूको स्याहार सुसार गर्ने दैनिक रूपमा महत्त्वपूर्ण मानिने कार्यहरू पर्दछन् । यस्तो

कार्यमा महिलाहरूको सहभागिता लगभग अधिक रहेको पाइन्छ । यस *ताप* उपन्यासमा चन्द्रिकाले घरको सबै काम गर्नु, छोरी सुजातालाई जन्म दिनु, उसको पालन पोषण गर्नु, पढाउनुले पनि अनुत्पादक भूमिका रहेको देखिन्छ । यस उपन्यासमा चन्द्रिकाले घरको काम गरेकी छ । सासु अरूले छोएको नखाने हुनाले मैले बिहानै नुहाएर चोखो लुगा फेरेर चुलो ठिक्क पारिदिनुपर्थ्यो । बेलुका सासू लगायत भान्जीहरूको खुट्टामा तेल लगाएर मालिस गर्नुपर्थ्यो (पृ.१६८) । यस वाक्यबाट पनि महिलाहरू अनुत्पादक भूमिका बढी रहेको पाइन्छ । त्यस्तै चन्द्रिका उत्पादक र अनुत्पादक दुवै भूमिकामा देखिएकी छिन् । पुरुषको पुनरुत्पादक भूमिका खासै रहेको देखिदैन । यसरी अनुत्पादक भूमिकामा पुरुषको दाँजोमा महिलाको भूमिका धेरै पाइनुले यस उपन्यास लैङ्गिक दृष्टिले असमान रहेको देखिन्छ ।

### ४.४.३ सामुदायिक भूमिका

समाजमा महिला र पुरुष विभिन्न भूमिकामा संलग्न रहेका हुन्छन् । उनीहरूले आफ्नो कार्य क्षेत्रअनुसार फरक भूमिका निर्वाह गर्दछन् । समुदायमा सांस्कृतिक एकाइहरूले यी कार्यहरू पुरुषले गर्ने, यी कार्यहरू महिलाले गर्ने भनी निर्धारण गरेका कार्य तथा भूमिका नै सामुदायिक भूमिका हो । सामुदायिक भूमिका भन्नाले उपन्यासले देखाएको समुदायभित्र गरिएको कार्यसँग सम्बन्धित छ । प्रस्तुत उपन्यासमा प्रयुक्त सामुदायिक भूमिका उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

"पुरुष भिक्षु दश वर्ष गुम्बाको जीवन बिताएपछि स्थाविर हुन्छन्, बीस वर्ष बिताएपछि महास्थविर हुन्छन् । बुद्ध धर्मले दिएको ठूलो मान हो यो । हामी त सधैं आनी मात्रै हुन्छौं । त्यसैले पनि मलाई यी साना बच्चीहरूलाई धेरै कडिकडाउ गर्न मन लाग्दैन । जति माथि उठे पनि कहाँ नै पुग्छन् र यी बिचराहरू (पृ. ४२) !"

मुख्य चाहिँ भिक्षुणीहरूले आफूभन्दा कान्छा भए पनि भिक्षुहरूको आदर गर्नुपर्ने, तिनबाट उपदेश लिनुपर्ने र उनीहरूको संरक्षणमा बस्नुपर्ने कुरा छन् (पृ.७२) ।"

"सुजाता आफैंलाई पनि सपना जस्तो लाग्दै छ । आज ऊ यस गुम्बाकी प्रथम भिक्षुणी मूल गुरुमा बन्दै छे । यो जिम्मेवारी निर्वाह गर्न ऊ किन योग्य छे कुन्नि, उसैलाई थाहा छैन (पृ.४) ।"

"बुबा कुनै पार्टीको सदस्य नभए पनि प्रजातन्त्रको वकालत गर्नुहुन्थ्यो । दुःखी, गरिब, निमुखाका पक्ष आफ्नो मत जाहेर गर्ने चेतनशील शिक्षकमा गनिनुहुन्थ्यो उहाँ (पृ. १२४) ।"

केही दिनपछि उसैले भन्यो, "हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक ? मैले नेपालै फर्कने निर्णय गरे चन्द्रिका, तयारी गर अब (पृ. १६५) ।"

"उपासिका, यो आश्रम हो । यसका मर्यादा छन् ; नियम छन् । तिमी मन परी गरेर हिँड्न पाउन्नौ (पृ.२९०) ।"

यस *ताप* उपन्यासमा सामुदायिक भूमिका हेर्दा महिलाभन्दा पुरुषको बढी सहभागिता रहेकाले लैङ्गिक असमानता रहेको पाइयो ।

## ४.५ लैङ्गिक समस्या

प्रस्तुत *ताप* उपन्यास एउटा लैङ्गिक उपन्यास हो । यसमा समाजमा महिलामाथि गरिने भेदभाव, महिला हिंसा, अत्याचार, पितृसत्तात्मक समाजको यथार्थ चित्रण पाइन्छ । महिलाले पुरुषशासित समाजमा डराएर वा दानवीय प्रवृत्तिबाट मुक्त हुनका लागि सङ्घर्ष गर्नुपर्ने त्यस कार्यमा महिला आफै अग्रसर भएर अगाडि बढ्नु पर्ने भाव व्यक्त भएको पाइन्छ । समानतामूलक समाज निर्माणको लागि अगाडि बढ्नुपर्ने कुरा समेत पाइनुले उपन्यासको लैङ्गिक समस्यासम्बन्धी यस शोधपत्रमा प्रशस्त मात्रामा लैङ्गिक समस्या रहेको देखिन्छ । *ताप* उपन्यासमा यौनिकता, हिँसा, अधिनता, विभेदजस्ता समस्याहरू रहेका छन् ।

### ४.५.१ यौनिकता

ताप उपन्यासमा यौनिकतासम्बन्धी समस्या रहेको पाइन्छ । महिलाहरूप्रति पुरुषको कुदृष्टि रहेको छ ।

"केही छिन फेरि घिच्याउँदै हिँडाए । केही सिँढी पढेको जस्तो लाग्छ । त्यसपछि आँखाको पट्टी खोलिदिएका थिए । देखेँ- छानो नभएको भत्केको पार्टीभित्र छु, बाहिर चारैतिर घना जङ्गल छ । साँझ परेको छ । अघिल्तिर बाटो छेकेर उभिएर राक्षस जस्ता चारजना सिपाही छन् । ती बर्दीमै छन् । तिनका आँखाको उग्र जङ्गली भोक देखेपछि आतङ्क भएर

कराउँदै बाहिर निस्कने बाटो खोज्दै दौडेकी मलाई समातेर भुँइमा लडाएकोसम्म थाहा छ । केही बेर लडखडाउँदै रुँदै हिँडेको जस्तो पनि लाग्छ (पृ.११४) ।"

माथिका वाक्यमा सुजातालाई सुनशान जङ्गलमा लगि चारजना पुरुषहरूले जबर्जस्ती उसको अस्मिता लुटेर जङ्गली भोक मेट्ने कोशिस गर्दा ऊ भाग्न खोज्दा खोज्दै पनि उनीहरूको सिकार बन्न बाध्य हुनुपरेको अवस्थाले यहाँ ती पुरुषहरूभित्र राक्षसी यौन प्रवृत्ति जागृत भएको देख्न सकिन्छ ।

"लिमोजिनको त्यत्रो फराकिलो सिटमा अरविन्द एक दिन भने मसँग एकदम ढेप्पिन आइपुगे । थाहा नपाए झैँ गरी गर्दन पछाडिबाट ल्याएको देब्रे हातले कस्सिदा म उनको काखैमा पुगेकी थिएँ । उनको मतिर झुकेको मुखबाट ह्वास्स् रक्सीको गन्ध आयो ; आँखामा अचम्मको भाव थियो । तर्सेकी थिएँ म, अचानक नसोचेको स्थिति पैदा हुँदा भ्रमित थिएँ । आफूलाई जबरजस्ती उनीबाट छुट्याएर गाडीको ढोकैमा टाँसिन पुगेँ ।

माथिको उदाहरणमा हाम्रो समाजका नारीहरू पुरुषहरूबाट जहाँसुकै पनि असुरक्षित छन् भन्ने प्रस्ट हुन्छ । सडकमा हिड्दा गाडी भिड भएको बेलामा जसरी पुरुषहरूले महिला माथि दुर्व्यवहार गर्ने मौका खोज्दछन् त्यस्तै यहाँ पनि अरिविन्दले चन्द्रिलाई गाडीमा एक्लै भएको अवस्थामा मौकाको फाइदा उठाउन थाहा नपाए जस्तो नक्कल गरी चन्द्रिकामाथि यौन दुर्व्यवहार गर्ने कोसिश गरेको छ । यसबाट यौन प्रवृत्तिगत व्यवहार अरविन्दको प्रकटीकरण भएको छ ।

"सुतेको कति बरेपछि हो कुन्नि, निद्रामै लाग्यो, मेरो खुट्टामाथि केही सगबगाइरहेछ । त्यो अनुभव विस्तारै माथि पिँडुलासम्म आयो, कमिला हिँडे जस्तो । अवचेतमै लाग्यो सपना होला । त्यो स्पर्श माथि सर्दै सर्दै तिघ्रासम्म आयो । त्यहाँबाट पनि माथि सर्न थालेपछि भने म झसङ्ग हुँदै ब्यूँझे । आँखा खुल्दा एउटा कालो छायाँ आफूमाथि झुकिरहेको थियो । अत्तालिएर बेस्सरी चिच्याएछु । कोठा अँध्यारो थियो । मेरो मुख बन्द गर्न आइपुगेको हातलाई बेहोशीमै बेस्सरी टोकिदिएपछि, सानो स्वर निकालेर करायो त्यो मान्छे (पृ. १५७) ।"

नारीहरू कति असहायक छन् की आफ्नै कोठामा राती सुत्दासम्म भयमुक्त भएर आनन्दसँग सुत्न पाउदैनन् । पुरुषहरूको गिद्धे नजर हरबखत नारीहरूमाथि सलबलाइरहन्छन् कति खेर मौका मिल्छ भनेर । मौका मिल्नासाथ नारी अस्तित्वको हनन गर्न तत्पर हुन्छन् ।

नारीको जीवनको के अस्तित्व जब की ऊ आफ्नै घरको कोठामा पनि सुरक्षित छैन् भन्ने कुरा माथिको उदाहरणबाट प्रस्ट हुन्छ ।

यस समाजमा महिलालाई भोगविलासको रूपमा लिइएको पाइन्छ । यसै सन्दर्भमा पराशरले फोनमा भन्छ- अझै भर्जिन छ्यौ चन्द्रिका ! कसैद्वारा नबिथोलिएकी, बन्द कोपिला जस्तै ! तिमीभित्र कुनै भ्रमरले प्रवेश पाएको छैन । भर्जिनिटीको स्पर्शनिम्ति लोग्नेमान्छे बौलाउने गर्ने अनुमति पाउँछु ? म तिमीसँग सम्भोग गर्न चाहन्छु (पृ. २२३) ।"

माथिको वाक्यबाट प्रस्ट हुन्छ की पराशरको व्यवहारमा लोभी र कामुक प्रवृत्तिको प्रकटीकरण भएको छ । चन्द्रिकालाई बन्द कोपिलासँग तुलना गरी त्यस कोपिलाको रस ऊ भमराले जस्तै चुस्न चाहन्छ । पुरुषहरू नारीको कौमार्य भङ्ग गर्न कतिसम्म लालाहित हुन्छन् भन्ने कुरा यस उदाहरणबाट देखिएकाले यहाँ यौनिक प्रवृत्ति झल्किएको देखिन्छ ।

यस उपन्यासमा पुरुषलाई मात्र नभई नारीलाई पनि यौनिकताको दृष्टिले हेरिएको देखिन्छ । उपासिकाको प्रवृत्तिबाट पनि यौनिकताको भावना प्रकटीकरण भएको छ ।

"कैवल्यको अँगालोमा म संसार बिर्सन्थे; आफूलाई बिर्सन्थेँ । मान्छेले हामीलाई गर्ने विरोध, गाली, आक्षेप सबै बिर्सन्थेँ । कोठाको कुनामा भएको सानो साँघुरो भूइँ ओछ्यानमा हाम्रो अन्तरङ्ग सम्बन्धको भार विसर्जन हुने गर्थ्यो । सेतो तन्नामा पोखिएका प्रेमका गाढा टाटाहरू धुँदै गर्दा म सधैँ मिठो काउकुती अनुभव गर्थे (पृ.२७९) ।"

कैवल्यको अँगालोमा बाँधिन पाउदा उपासिका आफूलाई बिर्सिन्छे । मान्छेले विरोध, गाली, आक्षेप जे सुकै गरुन कुनै मतलब नराखी कोठाको कुनामा साँघुरो भुइँ ओछ्यानमा एकअर्का बिचको अन्तरङ्ग सम्बन्धको भार विसर्जन गरी सेतो तन्नामा पोखिएको प्रेमका गाढा टाटाहरू धुँदा आफूमा मिठो काउकुती अनुभव गर्नुले उपासिकामा पनि यौन इच्छा प्रकट भएको देखिन्छ ।

### ४.५.२ हिंसा

अरूको इच्छाविना आफ्नो स्वार्थलाई पूर्णता दिन गरिने दुर्व्यवहार नै हिंसा हो । शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक दुर्व्यवहार हो । अरूको स्वतन्त्रता बाधा पुराउनु, अरूलाई कुनै न कुनै ढङ्गबाट दुःख दिने प्रयास गर्नु । अरूबाट केही लुट्न खोज्नु नै हिंसा हो (अर्याल, २०६८ : ३४३) । समग्रमा हिंसा आफ्नो शक्तिलाई सार्थक तुल्याउँदै

अरूको कमजोरीबाट फाइदा लुट्ने प्रयास हो । यस उपन्यासमा हिंसात्मक समस्या रहेको देखिन्छ ।

"खै तेरो बाबु ?" आकाशले केटीलाई कपाल तानेर लतार्‍यो (पृ. ११९)

माओवादी कमरेड आकाश सुन्दर चौधरीको छाप्रोमा जबरजस्ती ढोका फोडी बसेर सुन्दरकी छोरीको कपाल तानेर लतार्दै बाबु खै भन्दै महिला हिंसा गरेको पाइन्छ ।

"हामी एउटै हौँ, उस्तै दुःखी ! नमार मेरो बाबुलाई !" टुकी हातमा लिएकी केटी रुँदै बाबुलाई छेक्न आई । "चुप लाग् छौँडी ! कोही नबोल्नु, नचल्नु ! नत्र सबलाई गोली ठोक्दिन्छु !" कमरेड आकाश चिच्यायो (पृ.१२०) ।

उल्लिखित वाक्यमा एउटी असहाय छोरी आफ्नो बाबुलाई माओवादीले मार्न खोज्दा बाबुलाई नमार्नु भनी बिन्ती गर्दै छेक्दा कमरेड आकाशले चुप लाग छौँडी ! कोही बोल्यौ वा चल्यौ भने गोली ठोक्दिन्छु भन्दै धम्की दिँदा महिला हिंसा गरेको पाइन्छ ।

"ए मास्टर्नी, चुप लाग्छेस् कि तँलाई पनि तेरो लोग्ने कहाँ पुर्‍याइदिउँ ? गणतन्त्र ल्याउने भन्थ्यो हैन तेरो पोइले ? देख्यो साला !" अट्टहास सुनियो (पृ.१२६) ।

उल्लिखित वाक्य मुक्तिको बाबु (मास्टर) मरेर काममा बसेको बेला सेनाहरू आउँदा आमाले रुन, कराउन थाल्दा सेनाले मास्टर्नीलाई उसको पीडामाथि झन् आघात पुग्ने गरी मानसिक यातना दिने गरी धम्की दिएकाले यहाँ लैङ्गिक हिंसा भएको पाइन्छ ।

"बिन्ती बाबु, जानोस् तपाइँहरू ! यो नादान केटो केही जान्दैन । मेरो घर यसै बर्बाद भइसक्यो । छोडिदिनोस् हामीलाई । त्यसको तर्फबाट म क्षमा माग्छु बाबु !" आमाले रुँदै तिनका खुट्टा समात्नुभयो । मलाई असह्य भयो । तिनले आमालाई पनि लात्तले भक्कुर्न थाले, बन्दुकका कुन्द्राले हाने (पृ.१२६) ।

उल्लिखित वाक्यमा सङ्कटकालमा सर्वसाधारण जनताको घरमा गएर सेना तथा माओवादीले दुःख, पीडा दिने गरेको र उक्त पिडाको भागीदार मास्टरको परिवारमा उसको मृत्युपश्चात् उसको छोराले पत्रकारलाई बाबु निर्दोष भएका, र सेनाले बाबुलाई मारेको भनेर खबर छापिएपछि सेनाहरू आई निर्ममतापूर्वक उनीहरू पिट्नु लैङ्गिक हिंसा गरेको पाइन्छ ।

बहिनी भित्र सुतेकी थिई, के भयो भनेर आत्तिदै ढोका खोलेर बाहिर निस्की । त्यही दुर्भाग्यपूर्ण रातमा तटी राक्षसहरूले हाम्रा अधिल्तिरै बहिनीलाई बलात्कार गरे ! ओहो, कस्तो भयावह दृश्य थियो त्यो ! मैले केही गर्न सकिनँ । बहिनी सकुन्जेल चिच्याइरहेकी थिई । टोलछिमेकका कसैले झ्यालसम्म खोलेर हेर्ने आँट गरेनन् (पृ.१२६) ।

उल्लिखित वाक्यमा बहिनीमाथि राक्षसहरूले (सेनाले) जबरजस्ती गर्दा समेत दाजु लाचार भएर यस्तो भयावह दृश्य हेर्न बाध्य हुनुपरेको छ । अस्मिता लुटिदै गर्दा ऊ सहयोगका लागि चिच्याइरहँदा डरका कारणले टोलछिमेकका कसैले बचाउन त परै जाहोस् झ्याल खोलेर हेर्ने समेत आँट नगर्नुबाट यहाँ महिलामाथि शारीरिक हिँसा भएको देखिन्छ ।

### ४.५.३ अधीनता

अधीनता भन्नाले निम्न अवस्थामा रहन वा कसैको निगरानीमा रहनु बुझिन्छ । यसले समाजमा कसैको हैसियत निम्न रहनु वा कुनै व्यक्ति विशेषभन्दा निम्न महत्त्व रहनुलाई समेत जनाउँछ । महिला अधीनता भन्नाले समाजमा पुरुषले तुलनामा महिलाको स्थान निम्न रहेको अवस्थालाई बुझिन्छ । यस उपन्यासमा पनि महिला अधीनता समस्याको रूपमा रहेको छ ।

“सुजाता, के लुगा लगाएकी यो ? अलि ग्रेसफुल भएर हिँड्नुपर्छ, हाम्रो परिवारकी छोरी । यस बेला राति कता, कोसँग ?” ढोकाबाट मलाई हेरेर सधै झैँ आफ्नो बेखुशी जनाइबक्यो (पृ. ९५) ।

उल्लिखित वाक्यमा सुजाता बाहिर जान तयार हुँदै गर्दा उसकी आमा आएर उसको पहिरन ठिक नभएको, राति कहाँ कोसँग जान लागेको भनेर सुजाता माथि अधीन जमाएको देखिएको छ ।

हिउँमा स्केटिङ खेल्दा कहाँ कहाँदेखि आउँथे मान्छे । मुमाले दादालाई  हिउँमा खेल्न दिए पनि मलाई कहिल्यै अनुमति बक्सेन (पृ. १९५) ।

उल्लिखित बाक्यमा चन्द्रिकाको मुमाले हिउँमा स्केटिङ खेल्न छोरालाई अनुमति दिनुभयो तर छोरीलाई चोटपटक लाग्यो, अङ्गभङ्ग भयो भने बिहे गर्न गाह्रो हुन्छ भन्दै छोरीलाई कहिल्यै खेल्ने अनुमति नदिएकाले छोरीलाई अधीनमा राखेको देखिन्छ ।

“पुरानो सत्ताको कुतिया, छोरा बोलाउँछस् कि छोरी लैजाऊँ (पृ.१९८) ?”

उल्लिखित वाक्यमा रघुवा थारुले आफ्ना छोराहरूलाई माओवादीको हातमा दिनुभन्दा सीमापारि पठाइदिनु उचित ठानी पठाउँछ र माओवादी आएर रघुवालाई छोरा बोलाउँछन् कि छोरी लैजाऊ भनी अधीनमा राख्न खोजीएको छ ।

"तँ नालायक भइस्, मेरा साथीका छोराहरूले कत्रो उन्नति गरिसके, कहाँ कहाँ कत्रोकत्रो पदमा पुगिसके, तेरो कारणले मेरो बेइज्जती भयो भनिबक्सिन्छ सधैँ (पृ.२०४) !"

उल्लिखित वाक्य पराशरका बाबुले पराशरलाई नालायक भइस् भन्दै आफ्ना साथीका छोराहरूको उन्नति र पदसँग तुलना गरी छोरा त्यहाँ पुग्न नसकेर बेइज्जत भयो भन्दै अधीनमा राखेको छ ।

"बाहुनकी बुहारी ! दुलहीले रातो धोती, चुरापोते लाएर बस्नुपर्छ । खोइ सिन्दुर हालेकी (पृ. १६८) ?"

उल्लिखित वाक्य चन्द्रिकालाई उसकी सासुले भनेकी हुन् । बाहुनकी बुहारीले रातो धोती, चुरापोते, सिन्दुर लाएर बस्नुपर्छ भन्दै बुहारीलाई अधीन राख्न खोजेको देखिन्छ ।

**४.५.४ विभेद**

विभेद भन्नाले पुरुष र महिला बिच गरिने फरक फरक व्यवहारलाई बुझिन्छ । पुरुष वा महिलामध्ये कुनै एकलाई प्रोत्साहित र अर्कोलाई निरुत्साहित गर्नु विभेद हो । पितृसत्तात्मक एवम् अन्य मूल्य मान्यतामा आधारित रहेर महिला विरुद्ध गरिने व्यवहार नै विभेद हो । *ताप* उपन्यासमा पितृसत्तात्मक सोचले महिलाहरूलाई जताजतै विभेद गरेको पाइन्छ ।

"भिक्षुले २२७ शील पालना गर्नुपर्छ । भिक्षुणीको निम्ति ३११ शील हुन् तिनको पालना गर्न सकेन भने भिक्षुबाट च्युत हुनुपर्छ (पृ. ४२) ।"

उल्लिखित वाक्यमा महिला र पुरुषले एउटै बौद्ध धर्म मानेपनि भिक्षुले २२७ शील पालना गर्नुपर्ने र भिक्षुणी ले ३११ शील पालना गर्नुपर्ने यति गर्न नसके भिक्षुबाट च्युत हुनुपर्ने भन्दै लैङ्गिक विभेद भएको देखिन्छ ।

"पुरुष भिक्षु दश वर्ष गुम्बाको जीवन बिताएपछि स्थाविर हुन्छन्, बीस वर्ष बिताएपछि महास्थाविर हुन्छन् । बुद्ध धर्मले दिएको ठूलो मान हो यो । हामी त सधैं आनी मात्रै हुन्छौं ।

त्यसैले पनि मलाई यी साना बच्चीहरूलाई धेरै कडिकडाउ गर्न मन लाग्दैन । जति माथि उठे पनि कहाँ नै पुग्छन् र यी बिचराहरू (पृ. ४२) !"

उल्लिखित वाक्यमा पुरुष भिक्षु दश वर्ष गुम्बाको जीवन बिताएपछि स्थाविर र बीस वर्ष बिताएपछि महास्थाविर हुने, जुन बुद्ध धर्मले दिएको ठूलो मान हो भने महिलाहरू चाहीँ जति वर्ष गुम्बामा जीवन बिताएपनि सधैँ आनी मात्रै हुन्छन् भनी लैङ्गिक विभेद गरिएको देखिन्छ ।

"भगवान्ले नारीलाई पनि प्रव्रज्या दिने स्थिति बसाल्दा बुद्ध धर्मको शुद्धताको आयु एक हजार वर्षबाट घटेर पाँच सय वर्ष पुग्ने छ भनेर किन भन्नु भएको होला (पृ. ७२) ?"

उल्लिखित वाक्यमा पनि लैङ्गिक विभेद देख्न सकिन्छ । भगवान्ले नारीलाई प्रव्रज्या दिने स्थिति बसाल्दा बुद्ध धर्मको शुद्धताको आयु एक हजार वर्षबाट घटेर पाँच सय पुग्ने र पुरुषलाई प्रव्रज्या दिने स्थिति बसाल्दा चाँही आयु नघट्ने हुन्छ र ? यहाँ लैङ्गिक विभेद भएको छ ।

"जीवनको भोग नै गर्न नपाएका मान्छेलाई तुष्णामुक्त गर्न कसरी सम्भव छ गुरु ? प्रव्रज्या लिन वैराग्य उत्पत्ति हुनुपर्ने होइन ? मान्छेलाई केही बुझ्दै नबुझी बालकमै भिक्षु बनाइदिनु अन्याय होइन गुरुदेव (पृ. ७५) ?"

उल्लिखित वाक्यमा मान्छेमा जीवनको भोग गर्ने तृष्णा हुन्छ जुन प्रव्रज्या लिदा गर्न पाइदैन । गुरुले मान्छेलाई केही बुझ्दै नबुझी बालकमै भिक्षु बनाइदिँदा ऊ माथि अन्याय हुने कुराबाट विभेदको सिर्जना भएको छ ।

"क्षेत्रीको छोरीले पकाएकै त के खानु (पृ. १६८) ?"

उल्लिखित वाक्य चन्द्रिकाको सासुले भनेकी हुन् । उनी बाहुनी भएकाले आफू उच्च जातको ठानी बुहारी चन्द्रिका क्षेत्री भएकाले उसले पकाएको त के खानु भनी विभेद गरेको देखिन्छ ।

## अध्याय पाँच

# उपन्यासमा रहेको लैङ्गिक चेतना

पुरुषप्रधान समाजभित्र युगौँ युगदेखि उत्पीडनले पिल्सिएका नारी जातिको पूर्ण स्वतन्त्रता र मुक्तिको खोजीका लागि महिलाहरू आफै सचेत भई विद्रोह गर्न गरिने कार्यहरूलाई लैङ्गिक चेतना भनिन्छ । मानव सभ्यताको प्रारम्भमा सूक्ष्म अवस्थामा रहेका महिलाहरू वर्तमान अवस्थामा आइसक्दा पितृसत्तात्मक दमन र शोषणका बिच असमान अवस्थामा रहेका छन् । पितृसत्तात्मक समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कला, साहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको हुँदैन । यस्तो समाजको वैकल्पिक रूप प्राप्त गर्नका लागि महिलाहरू जागृत भएको देखिन्छ ।

## ५.१ लैङ्गिक समानता

उपन्यासकार शारदा शर्माको *ताप* उपन्यासमा पितृसत्ताले महिलामाथि के कस्तो दमन शोषण गरिएको छ भन्ने कुरा देखाइएको छ । पुरुषकेन्द्रित मान्यता बोकेको समाजमा महिलाहरू शोषित र उपेक्षित बनेका हुन्छन् । आफ्नो शासन र आधिपत्य लाद्नका लागि महिलामाथि गरिने विविध अन्याय अत्यचारलाई सधैँभरी सहेर बस्न नहुने आफ्नो अधिकार र इच्छाको उपभोग आफैले गर्न पाउनु पर्ने लैङ्गिक चेतनालाई यस उपन्यासमा उतारिएको छ । प्रस्तुत उपन्यासमा समाजमा पितृसत्तात्मक सोच, महिलामाथिको अन्याय, नारी विद्रोह, महिला अधिकार, स्वतन्त्रता, स्वाभिमान र अस्तित्वलाई मूल रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रमुख पात्र चन्द्रिकाले पितृसत्तात्मक परम्पराप्रति कडा असन्तुष्टि जाहेर गरेकी, समाजमा छोरीको पनि आफ्नो अस्तित्व रहन्छ, सबै समान हुनुपर्छ भनेर विद्रोह गरेकी छ । प्रभाकर र कैवल्य उपन्यासमा पितृसत्तात्मक सोच भएको व्यक्ति हो । पितृसत्तात्मक समाजमा महिलाहरूलाई धर्ममा, आध्यात्मिक, सामाजिक आदि सबै पक्षमा विभेद गरेकाले त्यसको विद्रोह गरेको देखिन्छ ।

“भगवान् बुद्धले आठ ओटा शर्तमा माता प्रजापति गौतमी लगायतका महिलालाई प्रव्रज्या दिन स्वीकार गर्नु भएको थियो । तीमध्ये एउटा शर्त थियो । ‘आजदेखि भिक्षुणीका तर्फबाट भिक्षुतिर बग्ने वचनहरू बन्द हुनेछन्, केवल भिक्षुका तर्फबाट भिक्षुणीका तर्फ मात्रै वचन प्रवाह हुनेछन् (पृ.८) ।”

उल्लिखित वाक्यमा भगवान् बुद्धले आठ ओटा शर्त प्रजापति गौतमी लगायतका महिलालाई प्रव्रज्या दिन स्वीकार गर्नु लैङ्गिक समानतातिर अग्रसर रहेको देखिन्छ तर त्यसै समयदेखि भिक्षुणीका तर्फबाट भिक्षुतिर बग्ने वचनहरू बन्द हुने र केवल भिक्षुका तर्फबाट भिक्षुणीका तर्फ मात्र वचन प्रवाह हुने छन् भन्ने शर्तबाट यहाँ लैङ्गिक असमानता रहेको पाइन्छ ।

"तिमी अरू लोग्ने मान्छेभन्दा फरक, फराकिलो छौ जस्तो लागेको थियो । तिमीले ममाथि अहिल्यैदेखि अङ्कुश लगाउने कुरा पो गऱ्यौ । तिमीसँग बिहे नै गरे भने, त्यसपछि झन् के गरौँला भन्ने सम्झेर चिन्ता लागेको छ । हाम्रो बिहे भएकै खण्डमा पनि म तिमीले आफूलाई निर्देशित गरेको मन पराउने छैन । मेरो निम्ति मेरो स्वतन्त्रता सबैभन्दा मूल्यवान् छ आलोक ! तिमी मेरो कुरासँग सहमत हुन सक्दैनौ भने आफ्नो खुशी गर, तिमीले मलाई सोधिरहन पर्दैन (पृ. ३४) ।"

उक्त वाक्य सुजाताले उसको प्रेमी आलोकलाई भनेकी हुन् । आलोकले सुजाता अरूसँग बोलेको, हिडेको मन नपराएर सुजातालाई बिहे गर मलाई तिम्रो बेफिक्रि आचरणले तनावग्रस्त बनाएको छ भन्दा त्यसको जवाफको रूपमा सुजाताले आलोकलाई अरू लोग्ने मान्छेभन्दा फरक र फराकिलो सोच भएको मान्छे ठानेकी थिई तर उसमा पितृसत्तात्मक सोच भएको देखेर उसले आफ्नो जीवन आफ्नो इच्छाअनुसार बाँच्न पाउनुपर्छ, तिमीले अहिल्यैदेखि यस्तो अङ्कुश लगाउछौ भने बिहेपछि के गर्छौ, म तिम्रो नियन्त्रणमा बस्न सक्दिन भन्छे । सुजाताका निम्ति आफ्नो स्वतन्त्रता सबैभन्दा मूल्यवान् भएको यति आलोक उसको कुरामा सहमत हुन नसके जे सकु गर भनी नारीहरू पनि वर्तमान युगमा आफ्नो इच्छाअनुसारको व्यवहार नभए जबरजस्ती बन्धनमा बाँधिनुभन्दा छुटिनु नै राम्रो हुन्छ भन्ने लैङ्गिक चेतना प्रस्तुत गरिएको छ ।

"स्कुल सकेपछि दादा कलेज पढ्न बेलायत गयो । मलाई भने घरबाहिर पढ्ने अनुमति थिएन । मेट्रिक दिँदासम्म त स्कुल पनि जान पाइनँ । घरमै गुरुहरू आउँथे (पृ. १४०) ।"

माथि प्रस्तुत वाक्य चन्द्रिका राजा परिवारकी छोरी भएकाले राजाका छोरीचेली सडकमा हिँड्दैनन् भन्दै उसका जिजुमुमाले उसलाई घरबाहिर पढ्ने अनुमति थिएनन् । चन्द्रिकाको दाजु स्कुल सकेपछि कलेज पढ्न बेलायत जान्छ तर ऊ चाँही छोरी भएकाले

घरबाहिर पढ्ने अनुमति मिल्दैन र मेट्रिक दिँदासम्म स्कुल पनि जान नपाइँ घरमै गुरुहरूसँग शिक्षा लिनुपर्ने अवस्थाले यहाँ पितृसत्तात्मक सोचले छोरा र छोरीमा समान व्यवहार गरेको देखिदैन ।

"उमेर छिप्पिएपछि छोरीको बिहे हुन गाह्रो हुन्छ । बीस वर्षकी भइसकी चन्द्रिका यत्रो पढिसकी । म स्कुल नगएरै पनि त भएको छ । अब ढिलो गर्न हुन्न (पृ.१४१) ।"

चन्द्रिकाको मुमाको माइतीमार्फत् मसुरीको कुनै भारतीय रजौटा खलकमा चन्द्रिकाको बिहेको कुरा चल्दा उसकी मुमाले बुबासँग चन्द्रिका बीस वर्ष भइसकी यत्रो पढिसकी, अब बिहे गर्नु पर्छ फेरी उमेर छिप्पिएपछि छोरीको बिहे गर्न गाह्रो हुन्छ भन्नुहुन्छ र आफू स्कुल नगएरै पनि त भएको छ अब ढिलो नगरी बिहे गर्नुपर्छ भन्दा उहाँको कुरामा पितृसत्तात्मक सोचले जरा गाडेको देखिन्छ । छोराले चाँही पढ्न हुने छोरीले चाँही बढी पढ्न नहुने, कहिले बीस वर्ष पुग्छे र कानुनी रूपमा बिहे गर्न योग्य हुन्छ भन्ने ठानी छोरीको इच्छाविपरीत बिहे गर्न खोज्नु लैङ्गिक असमानता भएको पाइन्छ ।

"अहिले नै किन बिहे गर्छ्यौ ? केही समय सँगै बसेर हेर । यता यस्तै चलन छ । पछिसम्म कुरा मिलिरह्यो भने बिहे गरे भइहाल्यो । हुन्न (पृ. १६३) ?"

माथिको वाक्यमा चन्द्रिकाले सानो मुमालाई प्रभाकर र ऊ एकअर्कालाई मन पराएको र अब बिहे गर्ने कुरा गर्दा सानोमुमाले अहिले नै नबुझी किन बिहे गर्छ्यौ ? केही समयसँगै बसेर हेर, एकअर्कालाई राम्ररी बुझीसकेपछि बिहे गरे भइहाल्छ भनी चन्द्रिकालाई सल्लाह दिनुभएको छ । यस वाक्यमा नारीले पनि आफ्नो इच्छाअनुसार राम्ररी जानेर, बुझेर मात्र बिहे गर्नु उपयोगी हुन्छ भन्दै लैङ्गिक समानता कायम गर्न खोजिएको छ ।

"म सक्दिन प्रभाकर अब । बाहिर डेरा खोज । बच्चा जन्मेपछि म काम थालिहाल्छु । हामी सजिलै धानिन सक्छौं । यसरी त म मर्छु (पृ. १६९) ।"

माथिको वाक्य चन्द्रिकाले उसको पति प्रभाकरलाई भनेकी हो । चन्द्रिका पारिवारिक समस्याबाट संघर्ष गर्दागर्दै अब सहन नसक्ने अवस्था भएपछि आफ्नो पतिलाई घर छोडी बाहिर डेरामा बस्न अनुरोध गर्छे । आफू गर्भवती अवस्थामा भएकाले बच्चा जन्मेपछि काम गर्ने र घरव्यवहार धान्ने भन्ने कुरा गर्छे । नारीलाई सहनशील, संघर्षशील ठानिन्छ जब

सहन सक्ने सीमा तोडिन्छ त्यसपछि नारीमा पनि विद्रोह भाव सिर्जना भई आफू पनि संघर्ष गरेर आफ्नो इच्छाअनुसार बाँच्न सक्छन् भन्ने भावबाट लैङ्गिक चेतना प्रस्तुत भएको छ ।

"तिमी पनि सुन र तिम्रो घरका मान्छेलाई पनि भनिदेऊ, म तिम्रो घरमा काम गर्न आएकी नोकर्नी होइन, तिम्रो पत्नी हुँ । तिमी सरहकै हुँ । त्यसमाथि यस्तो अवस्थामा छु , मलाई भोक लाग्यो कि भनेरसम्म यहाँ कसैले सोध्दैन (पृ. १७०) ।"

माथिको वाक्यमा चन्द्रिकाले आफू गर्भवती भएकाले सबै काम एक्लैले गर्न नसकेर काम सघाउने मान्छे राख्ने कुरा गर्दा आफ्नो काम गरेर कोही सानो हुँदैन बुहारी ! काम गर्ने मान्छेको पछाडि लाग्नुभन्दा आफैँ गर्नु बेस । सफा, चोखोनितो हुन्छ भनी सासूले भनेपछि अति भएर आफ्नो पति प्रभाकरलाई आफू काम गर्न आएकी नोकर्नी होइन, तिम्रो पत्नी हुँ, तिमीहरूकै हुँ । त्यसमाथि गर्भवती भएको बेला पनि उसलाई काम सघाउन के भोक लाग्यो कि भनेरसम्म कसैले नसोध्दा मन दुखेर मनमा लागेका कुराहरू प्रभाकरलाई भनी आफ्नो समानताको हक कायम गर्न खोजेकी छ । त्यस्तै यस उपन्यासमा लैङ्गिक समानता कमै भएको पाए पनि विस्तारै उपन्यासमा केही पात्रहरूको माध्यमबाट लैङ्गिक समानता कायम गर्न अग्रसर भएको तर लैङ्गिक समानता नभएको पाइयो ।

## ५.२ वैचारिक परिवर्तन

"जीवनको भोग नै गर्न नपाएका मान्छेलाई तृष्णामुक्त गर्न कसरी सम्भव छ गुरु ? प्रव्रज्या लिन वैराग्य उत्पत्ति हुनुपर्ने होइन ? मान्छेलाई केही बुझ्दै नबुझी बालकैमा भिक्षु बनाइदिनु अन्याय होइन गुरुदेव (पृ.७५) ?"

माथिको वाक्यमा सुजाताले भिक्षु जीवनमा प्रवेश गर्नु अघि आफ्ना जिज्ञासा गुरुदेव सामु राख्दै जीवनको भोग नै गर्न नपाएका मान्छेलाई तृष्णामुक्त गर्न कसरी सम्भव हुन्छ, प्रव्रज्या लिन बैराग्य उत्पत्ति हुनुपर्ने त । मान्छेलाई यसबारे केही नबुझी बालकैमा भिक्षु बनाइदिनु अन्याय हुने भन्दै भिक्षुणी सुधारको आवश्यकता देखाइरहेकी हुनाले यहाँ वैचारिक परिवर्तन ल्याउन खोजेको देखिन्छ ।

"एक बारको मान्छेको जुनी ! कति हेपिएर बस्नु ! घरको गरिबी, सधैँको दाउरा-घाँस, पानी बोकिनसक्नु कामको बोझ, सधैँ समाजको छिः छिः दूरदूर । लाग्यो-माओवादीमा गयो भने कम से कम यो भन्दा गतिलै जिन्दगी बाँचिन्छ । कसैले हेप्दैन, सबै डराउँछन् !

यस्तै सोचेर एक दिन म तिनैसँग हिँडे सोह्र वर्षकी थिएँ त्यतिखेर । पहिलोपल्ट कम्ब्याट लगाएर बन्दुक बोकेर आफूलाई ऐनामा हेर्दा लागेको थियो- संसार मेरो खुट्टामुन्तिर छ ! मैले हावामा मुठी उज्याएर भनेकी थिएँ म पनि जनताको मुक्तिको लडाइँमा सामेल भएँ (पृ. १०७) !"

माथिका प्रस्तुत वाक्य मायाले सुजातालाई आफ्नो विचार सुनाएकी हो । माया दलित र गरिब परिवारको छोरी हो । घरको आर्थिक स्थिति कमजोर रहेको, सधैं घाँस, दाउरा, पानी गर्नुपर्ने, कामको बोझ बढी हुने र समाजमा दलित भनेर सबैले छिः छिः र दूरदूर गर्ने गरेकाले माया मनमा यस्तो जिन्दगी भन्दा त मान्छेको एक बारको जुनी आफ्नो स्वतन्त्रताका साथ स्वाभिमानी भएर बाँच्नुपर्छ, पितृसत्तात्मक परम्पराले थिचिनु भन्दा त्यसको दमनविरुद्ध आवाज उठाउछु भन्ने धारणा राखी जनमुक्ति सङ्घर्षमा लागेकी छे । जीवनमा मान्छेसँग कहिलेकाहीँ कति निर्दयी छनोटहरू बाँकी रहन्छन् । जतातिर फर्के पनि भीर ! जतातिर हेरे पनि आगो ! तर पनि मान्छे आफ्नो स्वाभिमानको लागि लड्न त्यस्तो भीर, आगोमा पनि होमिन सक्छन् भन्ने वैचारिक परिवर्तन देखाइएको छ ।

"हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक ? मैले नेपालै फर्कने निर्णय गरेँ चन्द्रिका तयार गर अब (पृ. १६५) ।"

माथिको वाक्य प्रभाकरले बेलायतमा पीएचडी सकेर बिहेपश्चात् नेपाल फर्कने विचार गरी आफ्नी श्रीमती चन्द्रिकालाई भनेको हो । अहिले लाखौँ युवाहरू अध्ययनका लागि, रोजगारका लागि विदेश गइरहेको अवस्थामा प्रभाकर बेलायतमा पीएचडी सकेर त्यही कामको लागि राम्रो अवसर आउँदा पनि हामी जस्ता युवा भनेको देशको कर्णधार हौँ । हामी युवाहरू बाहिरै बस्ने हो भने हाम्रो मुलुक कसले बनाउँछ भन्ने देशभक्ति भावना युक्त भई आफ्नो मुलुक फर्कने निर्णयले वैचारिक परिवर्तन भएको देखिन्छ ।

"हजुर र मेरो उमेरको अन्तर त छदै छ, त्योभन्दा पनि हामी बाँचेको समयमा मूल्य र मान्यतामा झन् धेरै अन्तर छन् मुमा । म जुन युगमा बाँचिरहेकी छु मेरो जुनीका स्वास्नी मान्छेको लागि समयकै सबैभन्दा महत्त्वपूर्ण समय हो । मेरो उमेर पुग्यो, मेरो जीवन म जसरी चाहन्छु उसरी बिताउन खोज्दा हजुरलाई किन टाउको दुख्ने ? मेरो स्वतन्त्रता मेरो हो नि मुमा, किन बुझिबक्सन्न हजुर (पृ. १७६) ?"

माथिको वाक्यमा सुजाताले आफ्नो रुचि, इच्छाअनुसारको पहिरन लगाउने, बाहिर हिड्ने गरेकाले उसकी मुमाले उसलाई गाली गर्दै समयमा घर आउनु, शिष्ट देखिने लुगा लगाएर हिँड्नु, समाजमा हाम्रो प्रतिष्ठा छ ख्याल गर्नु, अरूलाई कुरा काट्ने बाटो नबनाउनु भन्दा सुजाताले अहिले युग पहिलेको जस्तो पितृसत्तात्मक युग नभएको भन्दै मुमा र उसको उमेरको अन्तरका साथै पहिले र अहिलेको मूल्य मान्यताका बारेमा बहस गरेकी छ । ऊ भन्छे मानिस समयअनुरूप चल्न सक्नु पर्छ । मेरा लागि समय महत्त्वपूर्ण छ, म आफ्नो इच्छाअनुसार आफ्नो जीवन स्वतन्त्र ढङ्गबाट बिताउन चाहन्छु, अब म आफै सक्षम छु हजुरले चिन्ता लिनुपर्दैन भन्दै अहिलेका नारीहरू समयअनुरूप सक्षम भै आत्मनिर्भर हुनसक्छन् भन्ने वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।

## ५.३ सशक्तीकरण

“म बेलायत गएर दाइसँग पढ्छु । अहिले कुनै हालतमा बिहे गर्दिन (पृ. १४२) ।”

माथिको वाक्य चन्द्रिकाले उसका बुबा र मुमालाई भनेकी हो । उसको दाइलाई भने कलेज पढ्न बेलायत पठाउछन् तर उसलाई छोरी भएकाले घरबाहिर जानु हुँदैन भन्दै अब पढ्नु पर्दैन, उमेर छिप्पिएपछि छोरीको बिहे हुन गाह्रो हुन्छ भन्दै घरमा बिहेको कुरा चल्दा चन्द्रिकाले यसको विद्रोह गर्दै आफू पनि दाइसँग बेलायत गएर पढ्ने र अहिले कुनै हालतमा बिहे नगर्ने भन्दै चन्द्रिकाले सशक्तीकरणको स्वर निकालेकी छिन् ।

“तिमी पनि सुन र तिम्रो घरका मान्छेलाई पनि भनिदेऊ म तिम्रो घरमा काम गर्न आएकी नोकर्नी होइन, तिम्री पत्नी हुँ, तिमीसरहकै हुँ । त्यसमाथि यस्तो अवस्थामा छु, मलाई भोक लाग्यो कि भनेरसम्म यहाँ कसैले सोध्दैन (पृ.१७०) ।”

माथिको वाक्य चन्द्रिकाले आफ्नो पति प्रभाकरलाई भनेकी हो । चन्द्रिका गर्भवती भएको बेला पनि घरको सम्पूर्ण काम एक्लैले गर्नुपरेको र काम सघाउने मान्छे राख्ने कुरा गर्दा पनि सासुले आफ्नो काम गरेर सानो हुँदैन बुहारी ! काम गर्ने मान्छे खोज्नुभन्दा आफू गर्नुपर्छ, चोखोनितो हुन्छ भनेपछि चन्द्रिकालाई सही नसक्नु भएर प्रभाकरलाई भनेकी हो । तिम्रो पत्नी हुँ, तिमीसरहकै हुँ, म यस्तो अवस्थामा हुँदा पनि काम सघाउने त के कुरा मलाई भोक लाग्यो कि भनेरसम्म कसैले सोध्दैनन् । अब म यस्तो अन्याय सहन सक्दिन भन्दै चन्द्रिकाले सशक्तीकरणका लागि आवाज निकालेकी छिन् ।

“हाम्री छोरी कुनै अशिष्ट गाउँलेको परिवारकी नोकर्नी जस्ती भएर एक मिनेट पनि बस्न सक्दिन। यो सम्बन्ध कुनै हालतमा चल्दैन अब (पृ. १७१)।”

माथिको वाक्य चन्द्रिकाको मुमाले भन्नु भएको हो । छोरीले प्रभाकरलाई मन पराएपछि छोरीको इच्छाको लागि गरिब परिवारको छोरासँग बिहे गरिदिएको तर त्यहाँ छोरीलाई असभ्य व्यवहार गरेको, नोकर्नी जस्तै गरी काम मात्र गर्नुपर्ने, ऊ गर्भवती भएको बेलामा समेत ख्याल नगरेकाले चन्द्रिकाको मुमाले यस्तो अशिष्ट परिवारमा हाम्रो छोरी नोकनी जस्ती भएर बस्नुभन्दा सम्बन्ध विच्छेद गर्नु राम्रो भन्दै जुन घरमा नारीलाई अपमान गरिन्छ त्यो घरमा बस्नुभन्दा छोड्नु नै राम्रो हुन्छ भन्ने सशक्तीकरणको भावना जागृत गर्नु भएको छ।

“ मलाई बिहे गर्नु छैन। हजुरले बिहे गरेर कुन उपलब्धि हात पारिवक्स्यो ? मलाई बिहेको बन्धनमा बस्नु छैन। कसैलाई दुखाउनु पनि छैन र आफू दुख्नु पनि छैन (पृ. १८०)।”

माथिको वाक्य सुजाताले आफ्नी मुमालाई भनेकी हो। मुमाले सुजातालाई बिहे गरेर एउटा दायित्वमा बाँधिएपछि अलि सम्हालिन्छे कि भनेर बिहेको सल्लाह दिँदा सुजाताले माथिको वाक्य भनेकी हो । सुजातालाई आफ्नी मुमालाई बाबुले धोका दिएर छाडेको र आफूलाई समेत बास्ता नगरेको थाहा थियो।

त्यसैले मुमालाई हजुरले बिवाह गरेर कुन उपलब्धि हात पारिबक्स्यो भन्ने प्रश्न गर्दै आफू बिहेको बन्धनमा नबस्ने, अरूको मन पनि नदुखाउने र आफू दुःखी नहुने भन्दै आफ्नो स्वतन्त्रताको वकालत गर्दै सशक्तीकरणको आवाज उठाएकी छ।

“डिभोर्स गरेर, लोग्ने छोडेर बसेकी स्वास्नीमान्छे भन्ने बित्तिकै मान्छे शायद मलाई सहजै उपलब्ध भन्ठान्छन् । सम्भवतः तिमीले पनि यसै भन्ठान्यौ । आफूलाई यस्ता मान्छेबाट सुरक्षा गर्नु मेरो पहिलो प्राथमिकता हुने गर्छ भन्ने कुरा तिमीलाई भन्दा बढी मलाई थाहा छ पराशर (पृ. २२७/२२८) !”

माथिको वाक्य चन्द्रिकाले पराशरलाई भनेकी हो। पुरुषहरू नारीहरू लोग्ने छाडेर एकल जीवन बिताएको थाहा पाउने बित्तिकै त्यस नारी सहजै उपलब्ध हुन्छन् भन्ने परम्परागत सोचले ग्रसित छन् । यस्तो परम्पराको विद्रोह गर्दै चन्द्रिकाले यस्तो पितृसत्तात्मक सोच भएका मानिसबाट आफ्नो सुरक्षा आफै गर्नु आफ्नो पहिलो प्राथमिकता भएको भन्दै नारी आफ्नो जीवनको रक्षा आफैले गर्न सक्छे त्यसका लागि पुरुषको साथको जरुरत छैन भन्दै नारी सशक्तीकरणको भूमिका निर्वाह गरेकी छ।

अध्याय छ

# उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषा

शारदा शर्माद्वारा लिखित *ताप* उपन्यासमा प्रयुक्त भाषा सरल, सहज र बोधगम्य रहेको छ । उपन्यासमा परिवेश अनुकूल भाषाको प्रयोग भएको छ । यस उपन्यासमा प्रयुक्त पात्रहरूका बिचको पारस्पारिक वार्तालाप, मनोद्वन्द्वको वर्णन र घटनाको प्रस्तुति, शिक्षित, स्थानीय भाषिकाको सरल शब्दको प्राचुर्य नेपाली समाजलाई प्रतिबिम्बित गर्ने र भाषालाई मिठास, सान्दर्भिक बनाउन चलनचल्तीका उखान टुक्को स्वभाविक प्रयोगले उपन्यासमा थप आकर्षण थपेको पाइन्छ ।

ताप उपन्यासले भाषाको अध्ययन गर्दा शैक्षिक र सामान्य भाषाको प्रशस्तै प्रयोग भएको छ । नेपाली समाजमा बोलिने भाषाका साथै अङ्ग्रेजी भाषाको समेत प्रयोगका साथै बौद्ध धर्म र हिन्दू धर्मसँग सम्बन्धित भाषाको प्रयोग उपन्यासमा गरिएको छ । शर्माले अनुकरणात्मक शब्द, आगन्तुक शब्द, झर्रा शब्द तथा उखानटुक्काको कलात्मक रूपमा प्रयोग गरेकी छिन् । उपन्यासमा संस्कृत, बौद्ध, हिन्दी, अङ्ग्रेजी तथा अन्य भाषाको कतिपय शब्दहरूसमेत प्रयोग हुन पुगेका छन् । उपन्यासमा स्थानीय कथ्य भाषाका साथै शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषाको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ । उपन्यासकारले त्यहाँका मानिसका बोलीलवज अनुरूपको भाषा उपन्यासमा उतारेकी छिन् । त्यहाँको स्थानीय कथ्य भाषा जस्तै : धोती, चौबन्दी, खास्टो, बन्दाकोपी, पसारैं, चकटी, वान्ता, खसम, चिर्पट आदि वाक्यका रूपमा 'नोकरचाकर लामा चिर्पटमा मट्टीतेल चोपेका कपडा बालेर कराउँदै घुम्थे' (पृ. १९५) । उपन्यासमा संस्कृत भाषा जस्तैः प्रार्थना, शरणगत, हनुमान चालिसा, कीर्तन, घूप आदि शब्दको प्रयोग भएको छ भने बौद्ध भाषा जस्तै : बुद्ध, गुम्बा, भिक्षु, आनी, शील, ओम मानि पेमे हुन् । चिवर, उपासक, लामा, अष्टशील, प्रव्रज्या, भिक्षुदेव, चैत्य आदि शब्दको प्रयोग भएको छ भने अङ्ग्रेजी शब्दमा अप्रेशन, स्टाइल, टाइम, बेबी, हाई, डिसिजन, स्ट्यान्ड, ब्रेकफास्ट, डिजे, नाइस टु मिस यु, हग आदि शब्दको प्रयोग भएको पाइन्छ ।

## ६.१ लिङ्गका आधारमा भाषा

भाषा प्रयोगमा विविधता सिर्जना गर्ने लिङ्गगत आधार पनि एक प्रमुख कारण हो । एउटै संवादमा पनि महिला र पुरुषबिच विविधता आउँछ । मौखिकभन्दा लिखित भाषामा भाषाको प्रयोग कसले गरेको हो । सजिलै छुट्याउन सकिन्छ । *ताप* उपन्यासमा पनि लिङ्गका आधारमा विविधता पाउन सकिन्छ । यसमा प्रयुक्त पुरुष र नारी पात्रको भाषिक पक्षको विश्लेषण गरिएको छ । लैङ्गिक पक्षका आधारमा भएको भाषिक भेदलाई स्पष्ट देखाउने प्रयास यस अध्ययनमा गरिएको छ :

**ताप उपन्यासमा रहेका पात्रहरूको लिङ्गका आधारमा वर्गीकरण**

| **पुरुष पात्रहरू** | **महिला पात्रहरू** |
|---|---|
| प्रभाकर | महारानी चन्द्रिका |
| मुक्ति | सुजाता |
| यमन | माता उपासिका |
| पराशर कुँवर | रुबेल |
| गुरु कैवल्य | चम्पा |
| मदन स्वामी | शिवानी |
| आकाश | आकृति |
| आलोक | हिमाली |
| छोडेन रिन्पोछे | माया |
| बद्री | |

### ६.१.१ पुरुष पात्रहरूले प्रयोग गरेको भाषा

प्रस्तुत उपन्यासमा भाषिक संवादका क्रममा पुरुष पात्रहरूको प्रयोग गरेका संवादका केही नमुनाहरू यसप्रकार रहेका छन् :

- “बोल्ने हैन ! नखरा पार्छे साली, आतङ्ककारी (पृ.१००) !”

- "ए नखरमाउली, कहिलेदेखि चिनेकी होस् तैँले मुक्तिलाई (पृ. १०३) ?"
- "यो आर्मी क्याम्प हो बैनी, भैरब गण (पृ.१०३) ।"
- "चुप लाग् छौडी ! कोही नबोल्नू, नचल्नू ! नत्र सबलाई गोली ठोक्दिन्छु (पृ. १२०) !"
- "मैले उपासिकाबाट अलग हुने अत्यन्तै कटु निर्णय गरेको थिएँ (पृ. २९९) ।"
- "चन्द्रिकालाई आश्रमबाट बिदा गर्ने निर्णय मैले क्रोधमा सुनाएको थिएँ (पृ. ३००) ।"

माथिका संवादहरू प्रस्तुत उपन्यासमा पुरुष पात्रहरूले प्रयोग गरेका हुन् । पुरुष पात्रको संवादलाई अध्ययन गर्दा उनीहरूले बोल्ने बोली कर्कशपन, रुखो स्वभाव, सम्बोधनहीन शब्द चयनको प्रयोग र निम्न आदरको प्रयोग गरेको कुरा उनीहरूको संवादबाट प्रस्ट हुन्छ । जस्तैः नखरा पार्छे साली, आतङ्ककारी, ए नखरमाउली, कहिलेदेखि चिनेको होस् तैले मुक्तिलाई, चुप लाग् छौँडी, अत्यन्तै कटु निर्णय गरेका थिएँ जस्ता असभ्य किसिमका भाषाको प्रयोग प्रस्तुत उपन्यासमा पुरुष पात्रले प्रयोग गरेका छन् ।

### ६.१.२ महिला पात्रहरूले प्रयोग गरेको भाषा

प्रस्तुत उपन्यासमा चन्द्रिका, मुमा, माया, सुजाताहरू जस्ता महिला पात्रहरूले प्रयोग गरेका भाषिक संवादका केही नमुनाहरू यसप्रकार छन् :

- "मलाई मारे पनि मेरो कोखको बच्चालाई नमार्नोस् दाइ ! मेरो गर्भ छ, जनी गर्नुहोस् (पृ.१०५) !"
- "उमेर छिप्पिएपछि छोरीको बिहे हुन गाह्रो हुन्छ (पृ. १४१) ।"
- "हामी आइमाईहरूका पोशाक, पहिरन त हेर्नुकै हुन्थे चन्द्रिका (पृ. १४५) !
- "छोरी र आमासँग गाँसिएर अनन्त दुखेपछि मात्रै जीवनमा आइमाईको भोकपूर्ण हुने रहेछ । मैले त्यो पूर्णता आज प्राप्त गरेकी छु (पृ. २६४) ।"
- "गङ्गामा स्नान गरेँ ; काली मन्दिर गएर भगवतीको दर्शन गरेँ (पृ. २७६) ।"
- "तिनका फुटेका पोक्चे गालाहरूमा म्वाइँ खाँदा मेरो मातृत्व छोइन्छ (पृ. ३१७) ।"

माथिको संवादहरू प्रस्तुत उपन्यासमा चन्द्रिका, मुमा, सुजाताहरूले विभिन्न परिवेश सन्दर्भमा प्रयोग गरेका भाषिक संवादहरू हुन् । यिनीहरूले प्रयोग गरेको भाषिक

संवादहरूलाई अध्ययन गर्दा महिलाहरूले बोल्ने भाषामा नरम स्वर, कोमलता, व्यावहारिक, श्रृङ्गार, मठ मन्दिरको दर्शन, पूजा, बिन्ती, अनुरोध र मातृत्व जस्ता विविध पक्षले युक्त भाषाको प्रयोग गरेका छन् । समग्रमा सरल, सहज साथै मानक सभ्य भाषाको प्रयोग गरेको पाइन्छ ।

## ६.२ शैक्षिक अवस्थामा आधारमा भाषा

भाषिक भेद सिर्जना गर्ने एक प्रमुख कारण शिक्षा पनि हो । समाजमा भाषालाई स्तरीय र शुद्ध बनाउन शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाका कारणले समाजमा बोलिने भाषा पनि स्तरीय हुँदै जान्छ । समाजमा रहेका शिक्षित व्यक्तिहरूले उच्च स्तरको मानक र शुद्ध भाषाको प्रयोग गर्दछन् त्यस्तै व्यक्ति वा समाज अशिक्षित छ भने निम्न स्तरको अमानक र अशुद्ध भाषाको प्रयोग गर्ने गर्दछन् । शैक्षिक दृष्टिकोणबाट हेर्दा उपन्यासमा धेरै पढे, लेखेका शिक्षित पात्रको चयन गरिएको छ । उपन्यासमा प्रयोग भएको भाषाका आधारमा शिक्षित र अशिक्षित व्यक्ति छुट्याइन्छ । चन्द्रिका, सुजाता, मुक्ति, कैवल्य, प्रभाकर, यमन, पराशर कुँवर आदि शिक्षित पात्रको रूपमा रहेका छन् भने प्रभाकरकी आमा, रुबेल, माया, चम्पा आदि अशिक्षित पात्रका रूपमा रहेका छन् ।

### ६.२.१ शिक्षित वर्गले प्रयोग गर्ने भाषा

*ताप* उपन्यासमा शिक्षित वर्गले प्रयोग गरेका भाषाका केही उदाहरणहरू निम्नानुसार छन् :

- "त्यही युनिभर्सिटीमा आईएस्सी पनि सँगै पढेका हौ (पृ. ३२) ।"
- "मास्टर्स ज्वाइन गरेपछि मैले मुमासँग पैसा लिइन । आफै कमाएर पढाइको खर्च जोड्ने कोसिस गरें (पृ. २६) ।"
- "मुमालाई इमेल गरें - म ग्र्याजुएसनपछि फर्कदै छु (पृ. २५) ।"
- "आश्रममा सात दिने ध्यान शिविर आजदेखि शुर भएको छ । यतिखेर हामी सबै डाइनिङ् हलमा छौं (पृ. ११६) ।"
- "मास्टर्स पढ्न केही अमेरिकी विश्वविद्यालयमा निवेदन हालेको थिएँ (पृ. १२४) ।"
- म बेलायत गएर दाइसँग पढ्छु । अहिले कुनै हालतमा बिहे गर्दिन (पृ.१४२) ।"

- मैले आफ्ना निम्ति एउटा आईएनजीओमा काम गर्ने व्यवस्था मिलाएँ (पृ. १६६) ।"
- "सानो कोर्स नै थियो करिब दुई महिनाको म टोकियोको जाइकाको ट्रेनिङ सेन्टरमा बस्थे (पृ. २४३) ।"
- "आइएम यमन (पृ. २५७) ।"
- "यु लाइक सङ्स ! आई एम अ सिङ्गर (पृ. २५७) । "
- "चन्द्रिमा म बडो ब्लन्ट मान्छे हुँ (पृ. २५५) ।"
- "क्वालिफाइड मान्छेको देशलाई पनि त आवश्यकता छ । सधैँ कति बाहिरबाहिरै घुम्छ्यौँ (पृ. २११) ?"
- "हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक ? मैले नेपालै फर्कने निर्णय गरेँ चन्द्रिका, तयारी गर अब (पृ. १६५) ।"
- "बीए पास गरे लगत्तै मुमाले मेरो बिहे गरिदिने कुरा गरिबक्स्यो (पृ. १४१) ।

माथिका संवादहरू प्रस्तुत उपन्यासमा शिक्षित वर्गले प्रयोग गरेका हुन् । शिक्षित वर्गको संवादलाई अध्ययन गर्दा अङ्ग्रेजी भाषाको बढी प्रयोग, उच्च आदरार्थीको प्रयोग, औपचारिक अध्ययन, सूचना प्रविधिको प्रयोग, जीवनको स्वतन्त्रता र आत्म निर्भर हुन चाहने खालका सोच, सम्मानमा विशेष ख्याल गरेको, व्यवहारिकता, औपचारिक र स्तरीय भाषाको प्रयोग गरेको पाइन्छ । साथै उपन्यासमा शिक्षित वर्गका पात्रहरूले अङ्ग्रेजी भाषाका साथै कोड मिश्रणलाई प्रयोगमा ल्याएर भाषिक संवाद गरेको पनि पाइन्छ । समग्रमा औपचारिकका साथै काव्यात्मक भाषाको प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ ।

### ६.२.२ अशिक्षित वर्गले प्रयोग गर्ने भाषा

प्रस्तुत उपन्यासमा शैक्षिक अवस्थाका आधारमा भाषिक अध्ययन गर्दा अशिक्षित वर्गले प्रयोग गर्ने भाषाका उदाहरणहरू निम्नानुसार छन् :

- "छेत्रीको छोरीले पकाएकै त के खानु (पृ. १६८) ।"
- " आफ्नो खसमलाई हजुर भन्नुपर्छ (पृ. १६८) ।"
- "बाबै साच्चिकै जस्तो हवैजाज (पृ. २०) ।"

- “बाहुनकी बुहारी ! दुलहीले रातो धोती, चुरापोते, लगाएर बस्नुपर्छ । खोइ सिन्दूर हालेकी (पृ. १६८) ?”
- “उमेर छिप्पिएपछि छोरीको बिहे गर्न गाह्रो हुन्छ (पृ. १४१) ।”
- “बोल्ने हैन ! नखरा पार्छे साली, आतङ्कारी (पृ. १००) ।”
- “ठोक्, ठोक् रन्डीलाई ! माओवादीको छाउरोलाई झराल (पृ. १०५) !”

माथि प्रस्तुत गरिएका भाषिक संवादहरू अशिक्षित पात्रहरूले संवादका क्रममा प्रयोग भएका भाषिक रूपहरू हुन् । उक्त भाषिक प्रयोगमा मानक रूपको प्रयोग र परिष्कारमा कमजोरी रहेको देखिन्छ । अव्याकरणिक वाक्यहरूको प्रयोग गर्नुका साथै पदक्रम विचलनयुक्त अपूर्ण भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । समग्रमा यिनीहरूले प्रयोग गर्ने भाषामा पितृसत्तात्मक सोच, अमानकीय, असभ्य र निम्न स्तरीय भाषाको प्रयोग भएको पाइन्छ ।

## ६.३ हिंसाजन्य भाषा

“बोल्ने हैन ! नखरा पार्छे साली, आतङ्कारी (पृ. १००) !”

माथिको वाक्य सिपाहीले सुजतालाई भनेको हो । सुजता र मुक्ति राति पार्टीबाट फर्कदा सिपाहीले उनीहरुको मोटरसाइकल रोकी केही सोधपुछ गर्नु छ । एकछिन हामीसँग आउनुहोस् भनी उनीहरुलाई जिपभित्र जबरजस्ती हुलेर ढोका लगाई आँखामा पट्टी बाँध्न खोज्दा सुजताले यो के गर्नुभएको हामी त एक छिन कुरा गर्ने भनेर पो आएको भन्दा सिपाहीले उल्लिखित वाक्य भनेर हिंसाजन्य भाषाको प्रयोग गरेको छ ।

“कारको फुर्ती दिन्छेस् ? रातिराति होटलमा गएर कस्तो रमाइलो गरिस् ए रन्डी ? मुक्तिलाई मात्रै किन, हामीलाई पनि गरा न रमाइलो (पृ. १०४) !”

माथिको वाक्य सिपाहीले सुजतालाई भनेको हो । सुजता र मुक्ति राति डिक्सोबाट फर्कदा सिपाहीले समातेर सोधपुछ गर्दा मुक्तिलाई कहिलेदेखि चिनेकी होस् भन्दा सुजताले ऊ मेरो साथी हो । मेरो कार सर्भिसिङमा दिइएकोले ऊ सँग पार्टीमा गएको भन्दा सिपाहीले उल्लिखित वाक्यको प्रयोग गर्दै हिंसाजन्य भाषाको प्रयोग गरिएको देखिन्छ ।

“ठोक्, ठोक् रन्डीलाई ! माओवादीको छाउरोलाई झराल् (पृ. १०५) !”

माथिको वाक्य सिपाहीहरुले मायालाई प्रयोग गरेका हुन् । माया माओवादी हो भनेर सिपाहीहरुले यातना दिदा मायाले मलाई मारे पनि कोखको बच्चालाई नमार्नोस् दाइ ! मेरो गर्भ छ, मैले माआवादी छोडिसकेँ भन्दा सिपाहीहरुले उल्लिखित वाक्य भनेका हुन् । यो वाक्यमा हिंसाजन्य भाषाको प्रयोग गरिएको छ ।

"चुप लाग् छौंडी ! कोही नबोल्नू, नचल्नू ! नत्र सबलाई गोली ठोक्दिन्छु (पृ. १२०) !"

माथिको वाक्यमा एउटी असहाय छोरी आफ्नो बाबुलाई माआवादीले मार्न खोज्दा बाबुलाई नमार्नु भनी बिन्ती गर्दै छेक्दा कमरेड आकाशले उल्लिखित वाक्य भन्दै धम्की दिदा महिला हिंसाजन्य भाषाको प्रयोग गरेको छ ।

"ए मास्टर्नी, चुप लाग्छेस् कि तँलाई पनि तेरो लोग्नेकहाँ पुऱ्याइदिऊँ ? गणतन्त्र ल्याउने भन्थ्यो हैन तेरो पोइले ? देख्यो साला (पृ. १२६) !"

उल्लिखित वाक्य मुक्तिको बाबु (मास्टर) मरेर काममा बसेका बोला सेनाहरु आउँदा आमा रुन, कराउन थाल्दा सेनाले आमाको पीडामाथि झन् आघात पुग्ने गरी मानसिक यातना दिने गरी उल्लिखित वाक्य प्रयोग गरेको हो । जसमा लैङ्गिक हिंसाजन्य भाषाको प्रयोग भएको छ ।

## ६.४ चेतनशील भाषा

"जीवनको भोग नै गर्न नपाएका मान्छेलाई तृष्णामुक्त गर्न कसरी सम्भव छ गुरु ? प्रव्रज्या लिन वैराग्य उत्पत्ति हुनुपर्ने होइन ? मान्छेलाई केही बुझ्दै नबुझी बालकैमा भिक्षु बनाइदिनु अन्याय होइन गुरुदेव (पृ.७५) ?"

माथिको वाक्यमा सुजाताले भिक्षु जीवनमा प्रवेश गर्नुअघि आफ्ना जिज्ञासा गुरुदेव सामु राख्दै जीवनको भोग नै गर्न नपाएका मान्छेलाई तृष्णामुक्त गर्न कसरी सम्भव हुन्छ, प्रव्रज्या लिन बैराग्य उत्पत्ति हुनुपर्ने त । मान्छेलाई यसबारे केही नबुझी बालकैमा भिक्षु बनाइदिनु अन्याय हुने भन्दै चेतनशील भाषाको प्रयोग गरेकी छ ।

"एक बारको मान्छेको जुनी ! कति हेपिएर बस्नु ! घरको गरिबी, सधैँको दाउरा-घाँस, पानी बोकिनसक्नु कामको बोझ, सधैँ समाजको छिः छिः दूरदूर । लाग्यो-माओवादीमा गयो भने कम से कम यो भन्दा गतिलै जिन्दगी बाँचिन्छ । कसैले हेप्दैन, सबै डराउँछन् !

यस्तै सोचेर एक दिन म तिनैसँग हिँडे सोह्र वर्षकी थिएँ त्यतिखेर । पहिलोपल्ट कम्ब्याट लगाएर बन्दुक बोकेर आफूलाई ऐनामा हेर्दा लागेको थियो- संसार मेरो खुट्टामुन्तिर छ ! मैले हावामा मुठी उज्याएर भनेकी थिएँ म पनि जनताको मुक्तिको लडाइँमा सामेल भएँ (पृ. १०७) !"

माथिका प्रस्तुत वाक्य मायाले सुजातालाई आफ्नो विचार सुनाएकी हो । माया दलित र गरिब परिवारको छोरी हो । घरको आर्थिक स्थिति कमजोर रहेको, सधैं घाँस, दाउरा, पानी गर्नुपर्ने, कामको बोझ बढी हुने र समाजमा दलित भनेर सबैले छिः छिः र दूरदूर गर्ने गरेकाले मायाको मनमा यस्तो जिन्दगी भन्दा त मान्छेको एक बारको जुनी आफ्नो स्वतन्त्रताका साथ स्वाभिमानी भएर बाँच्नुपर्छ, पितृसत्तात्मक परम्पराले थिचिनु भन्दा त्यसको दमनविरुद्ध आवाज उठाउछु भन्ने धारणा राखी जनमुक्ति सङ्घर्षमा लागेकी छ । जीवनमा मान्छेसँग कहिलेकाहीँ कति निर्दयी छनोटहरू बाँकी रहन्छन् । जतातिर फर्के पनि भीर ! जतातिर हेरे पनि आगो ! तर पनि मान्छे आफ्नो स्वाभिमानको लागि लड्न त्यस्तो भीर, आगोमा पनि होमिन सक्छन् भन्ने चेतनशील भाषाको प्रयोग भएको छ ।

"हामी जस्ता युवाहरू बाहिरै बस्ने हो भने कसले बनाइदिन्छ हाम्रो मुलुक ? मैले नेपालै फर्कने निर्णय गरेँ चन्द्रिका तयार गर अब (पृ. १६५) ।"

माथिको वाक्य प्रभाकरले बेलायतमा पीएचडी सकेर बिहेपश्चात् नेपाल फर्कने विचार गरी आफ्नी श्रीमती चन्द्रिकालाई भनेको हो । अहिले लाखौँ युवाहरू अध्ययनका लागि, रोजगारका लागि विदेश गइरहेको अवस्थामा प्रभाकर बेलायतमा पीएचडी सकेर त्यही कामको लागि राम्रो अवसर आउँदा पनि हामी जस्ता युवा भनेको देशको कर्णधार हौँ । हामी युवाहरू बाहिरै बस्ने हो भने हाम्रो मुलुक कसले बनाउँछ भन्ने देशप्रेमको भावना जागृत भई चेतनशील भाषाको प्रयोग भएको छ ।

"हजुर र मेरो उमेरको अन्तर त छँदै छ, त्योभन्दा पनि हामी बाँचेको समयमा मूल्य र मान्यतामा झन् धेरै अन्तर छन् मुमा । म जुन युगमा बाँचिरहेकी छु मेरो जुनीका स्वास्नी मान्छेको लागि समयकै सबैभन्दा महत्त्वपूर्ण समय हो । मेरो उमेर पुग्यो, मेरो जीवन म जसरी चाहन्छु उसरी बिताउन खोज्दा हजुरलाई किन टाउको दुख्ने ? मेरो स्वतन्त्रता मेरो हो नि मुमा, किन बुझिबक्सन्न हजुर (पृ. १७६) ?"

माथिको वाक्यमा सुजाताले आफ्नो रुचि, इच्छाअनुसारको पहिरन लगाउने, बाहिर हिड्ने गरेकाले उसकी मुमाले उसलाई गाली गर्दै समयमा घर आउनु, शिष्ट देखिने लुगा लगाएर हिँड्नु, समाजमा हाम्रो प्रतिष्ठा छ ख्याल गर्नु, अरूलाई कुरा काट्ने बाटो नबनाउनु भन्दा सुजाताले अहिले युग पहिलेको जस्तो पितृसत्तात्मक युग नभएको भन्दै मुमा र उसको उमेरको अन्तरका साथै पहिले र अहिलेको मूल्य मान्यताका बारेमा बहस गरेकी छ । ऊ भन्छे मानिस समयअनुरूप चल्न सक्नुपर्छ । मेरा लागि समय महत्त्वपूर्ण छ, म आफ्नो इच्छाअनुसार आफ्नो जीवन स्वतन्त्र ढङ्गबाट बिताउन चाहन्छु, अब म आफै सक्षम छु हजुरले चिन्ता लिनुपर्दैन भन्दै अहिलेका नारीहरू समयअनुरूप सक्षम भै आत्मनिर्भर हुनसक्छन् भन्ने चेतनशील भाषाको प्रयोग भएको छ ।

"यो आर्मी क्याम्प हो बैनी, भैरव गण । हल्दार साप आउँदै हुनुहुन्छ बयान लिन, बिस्तारै बोल्नुहोला, नत्र धेरै दुःख दिन्छन् । अहिले म गएँ (पृ. १०३) !"

माथिको वाक्य सुजतालाई सिपाहीले सोधपुछ गर्न भनी आँखामा पट्टी बाँधेर लगी एउटा पालभित्र लगेर चिसो प्लास्टिकको मेचमा बस्न लगाएपछि एउटा सिपाहीले उल्लिखित वाक्य भनेको हो । उक्त वाक्यमा सुजातालाई बैनी भनी सभ्य भाषामा हल्दार साप बयान लिन आउँदै हुनुहुन्छ, बिस्तारै बोल्नुहोला, नत्र दुःख दिन्छन् भनी पूर्वजानकारी गराएकाले यहाँ चेतनशील भाषाको प्रयोग भएको छ ।

## ६.५ समानताकेन्द्री भाषा

"छोरीमान्छे, चोटपटक लाग्यो, अङ्गभङ्ग भयो भने बिहे गर्न गाह्रो हुन्छ (पृ. १९५) !"

माथिको वाक्य चन्द्रिकाको मुमाले चन्द्रिकालाई भनेकी हो । शिमलामा हिउँ परेको बेला हिउँमा स्केटिङ खेल्न जाने कुरा गर्दा चन्द्रिकाको दाजुलाई हिउँमा खेल्न अनुमति दिनुहुन्छ तर चन्द्रिकालाई भने छोरीमान्छे, चोटपटक लाग्यो, अङ्गभङ्ग भयो भने बिहे गर्न गाह्रो हुन्छ भन्दै खेल्न अनुमति दिनु भएन । यहाँ छोरालाई हिउँ खेल्न अनुमित दिएको र छोरीलाई नदिएकाले समानताकेन्द्री भाषाको प्रयोग भएको पाइएन ।

"भगवान् बुद्धले आठ ओटा शर्तमा माता प्रजापति गौतमीलगायतका महिलालाई प्रव्रज्या दिन स्वीकार गर्नु भएको थियो । तीमध्ये एउटा शर्त थियो । 'आजदेखि भिक्षुणीका तर्फबाट

भिक्षुतिर बग्ने वचनहरू बन्द हुनेछन्, केवल भिक्षुका तर्फबाट भिक्षुणीका तर्फ मात्रै वचन प्रवाह हुनेछन् (पृ. ८) ।"

उल्लिखित वाक्यमा भगवान् बुद्धले आठ ओटा शर्त प्रजापति गौतमीलगायतका महिलालाई प्रव्रज्या दिन स्वीकार गर्नु लैङ्गिक समानतातिर अग्रसर रहेको देखिन्छ तर त्यसै समयदेखि भिक्षुणीका तर्फबाट भिक्षुतिर बग्ने वचनहरू बन्द हुने र केवल भिक्षुका तर्फबाट भिक्षुणीका तर्फ मात्र वचन प्रवाह हुनेछन् भन्ने शर्तबाट यहाँ लैङ्गिक असमानता देखिएकाले समानताकेन्द्री भाषाको प्रयोग भएको पाइएन ।

"स्कुल सकेपछि दादा कलेज पढ्न बेलायत गयो । मलाई भने घरबाहिर पढ्ने अनुमति थिएन । मेट्रिक दिँदासम्म त स्कुल पनि जान पाइनँ । घरमै गुरुहरू आउँथे (पृ. १४०) ।"

माथि प्रस्तुत वाक्य चन्द्रिका राजा परिवारकी छोरी भएकाले राजाका छोरीचेली सडकमा हिँड्दैनन् भन्दै उसका जिजुमुमाले उसलाई घरबाहिर पढ्ने अनुमति थिएनन् । चन्द्रिकाको दाजु स्कुल सकेपछि कलेज पढ्न बेलायत जान्छ तर ऊ चाँही छोरी भएकाले घरबाहिर पढ्ने अनुमति मिल्दैन र मेट्रिक दिँदासम्म स्कुल पनि जान नपाइँ घरमै गुरुहरूसँग शिक्षा लिनुपर्ने अवस्थाले यहाँ पितृसत्तात्मक सोचले छोरा र छोरीमा समान व्यवहार गरेको देखिदैन । त्यसैले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइदैन ।

"उमेर छिप्पिएपछि छोरीको बिहे हुन गाह्रो हुन्छ । बीस वर्षकी भइसकी चन्द्रिका यत्रो पढिसकी । म स्कुल नगएरै पनि त भएको छ । अब ढिलो गर्न हुन्न  (पृ. १४१) ।"

चन्द्रिकाको मुमाको माइतीमार्फत् मसुरीको कुनै भारतीय रजौटा खलकमा चन्द्रिकाको बिहेको कुरा चल्दा उसकी मुमाले बुबासँग चन्द्रिका बीस वर्ष भइसकी यत्रो पढिसकी, अब बिहे गर्नु पर्छ फेरी उमेर छिप्पिएपछि छोरीको बिहे गर्न गाह्रो हुन्छ भन्नुहुन्छ र आफू स्कुल नगएरै पनि त भएको छ अब ढिलो नगरी बिहे गर्नुपर्छ भन्दा उहाँको कुरामा पितृसत्तात्मक सोचले जरा गाडेको देखिन्छ । छोराले चाँही पढ्न हुने छोरीले चाँही बढी पढ्न नहुने, कहिले बीस वर्ष पुग्छे र कानुनी रूपमा बिहे गर्न योग्य हुन्छ भन्ने ठानी छोरीको इच्छाविपरीत बिहे गर्न खोज्नु लैङ्गिक असमानता भएको पाइन्छ । त्यसैले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइदैन ।

"अहिले नै किन बिहे गर्छ्यौ ? केही समय सँगै बसेर हेर । यता यस्तै चलन छ । पछिसम्म कुरा मिलिरह्यो भने बिहे गरे भइहाल्यो । हुन्न (पृ. १६३) ?"

माथिको वाक्यमा चन्द्रिकाले सानो मुमालाई प्रभाकर र ऊ एकअर्कालाई मन पराएको र अब बिहे गर्ने कुरा गर्दा सानोमुमाले अहिले नै नबुझी किन बिहे गर्छ्यौ ? केही समयसँगै बसेर हेर, एकअर्कालाई राम्ररी बुझीसकेपछि बिहे गरे भइहाल्छ भनी चन्द्रिकालाई सल्लाह दिनुभएको छ । यस वाक्यमा नारीले पनि आफ्नो इच्छाअनुसार राम्ररी जानेर, बुझेर मात्र बिहे गर्नु उपयोगी हुन्छ भन्दै लैङ्गिक समानता कायम गर्न खोजिएको छ । त्यसैले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइन्छ ।

"तिमी पनि सुन र तिम्रो घरका मान्छेलाई पनि भनिदेऊ, म तिम्रो घरमा काम गर्न आएकी नोकर्नी होइन, तिम्रो पत्नी हुँ । तिमी सरहकै हुँ । त्यसमाथि यस्तो अवस्थामा छु , मलाई भोक लाग्यो कि भनेरसम्म यहाँ कसैले सोध्दैन (पृ. १७०) ।"

माथिको वाक्यमा चन्द्रिकाले आफू गर्भवती भएकाले सबै काम एक्लैले गर्न नसकेर काम सघाउने मान्छे राख्ने कुरा गर्दा आफ्नो काम गरेर कोही सानो हुँदैन बुहारी ! काम गर्ने मान्छेको पछाडि लाग्नुभन्दा आफैं गर्नु बेस । सफा, चोखोनितो हुन्छ भनी सासूले भनेपछि अति भएर आफ्नो पति प्रभाकरलाई आफू काम गर्न आएकी नोकर्नी होइन, तिम्रो पत्नी हुँ, तिमीहरूकै हुँ । त्यसमाथि गर्भवती भएको बेला पनि उसलाई काम सघाउन त के भोक लाग्यो कि भनेरसम्म कसैले नसोध्दा मन दुखेर मनमा लागेका कुराहरू प्रभाकरलाई भनी आफ्नो समानताको हक कायम गर्न खोजेकी छ । त्यस्तै यस उपन्यासमा लैङ्गिक समानता कमै भएको पाए पनि विस्तारै उपन्यासमा केही पात्रहरूको माध्यमबाट लैङ्गिक समानता कायम गर्न अग्रसर भएको तर लैङ्गिक समानता नभएको पाइयो । त्यसैले यहाँ समानताकेन्द्री भाषाको प्रयोग भएको पाइदैन ।

समग्रमा *ताप* उपान्यासमा शर्माले स्थानीय भाषाको प्रयोगका साथै शिक्षित समाजले प्रयोग गर्ने भाषाको पनि प्रयोग गरेकी छन् । यस उपन्यासमा उखानटुक्काको पनि प्रयोग पाइन्छ । जस्तै : भाइ फुटे गँवार लुटे, घिउ कहाँ पऱ्यो भागैमा आदि उखानटुक्काको प्रयोग भएको छ । साथै उपन्यासको भाषामा बिम्ब, अलङ्कार, विचलन आदिको पनि प्रयोग सरल ढङ्गमा गरिएको छ । उपन्यासको भाषाशैली पात्र र परिवेशको अनुरूप सरल, सहज र प्रसङ्गअनुकूल प्रयोग भएको पाइन्छ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

वि.सं. २०७० को *'पद्माश्री साहित्य'* पुरस्कार प्राप्त गर्न सफल शारदा शर्माद्वारा लिखित *ताप* (२०६९) को लैङ्गिक अध्ययनमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधपरिचय समावेश गरिएको छ । पहिलो अध्यायमा लैङ्गिक अध्ययनको पृष्ठभूमि राखिएको छ । *ताप* उपन्यासमा के कस्तो लैङ्गिक चेतनाको प्रयोग भएको छ ? उक्त उपन्यासमा लैङ्गिक अवस्था कस्तो रहेको छ ? उक्त उपन्यासमा प्रयुक्त भाषा लैङ्गिक दृष्टिले कस्तो रहेको छ ? भन्ने जस्ता समस्यालाई लिई *ताप* उपन्यासमा प्रयुक्त लैङ्गिक अवस्थाको पहिचान गर्नु, उक्त उपन्यासमा लैङ्गिक चेतनाको विश्लेषण गर्नु, उक्त उपन्यासमा लैङ्गिक दृष्टिले प्रयुक्त भाषाको मूल्याङ्कन गर्नु उद्देश्य निर्धारण गरिएको छ । त्यसैगरी लैङ्गिक अध्ययनको औचित्य दर्शाउँदै शोधकार्य कुन कुन पक्षको अध्ययनमा केन्द्रित रहन्छ भनी त्यसको सीमाक्षेत्र निर्धारण गरी शोधपत्रको रूपरेखालाई निश्चित आकार दिइएको छ ।

प्रस्तुत शोधपत्रमा अध्याय दुईअन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप प्रस्तुत गरिएको छ । सम्बद्ध कार्यको समीक्षाअन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका र अगाडि गरिएका सम्बन्धित शोधकार्यको समीक्षा गरिएको छ । सैद्धान्तिक अवधारणामा लैङ्गिकताको परिचय, लिङ्ग र जेन्डरको परिचय, लैङ्गिक अध्ययनको क्षेत्र, लैङ्गिक अध्ययनका आधारभूत मान्यताहरू, लैङ्गिक भूमिका, पितृसत्ता, लैङ्गिक चेतना, लैङ्गिक समानता र समता, लैङ्गिक भेदभाव, सशक्तीकरण, जेन्डरको भाषाको चर्चा गरिएको छ ।

अध्याय तिनअन्तर्गत प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अपनाइएका विधि तथा प्रक्रियालाई समावेश गरिएको छ । जसमा अधययनको विधि, सामग्रीको स्रोत, सामग्री सङ्कलन प्रक्रिया र विश्लेषण प्रक्रियाबारे चर्चा गरिएको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय अध्ययन प्रक्रिया तथा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी *ताप* उपन्यासलाई प्राथमिक स्रोत तथा यससँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, अप्रकाशित विभिन्न शोधपत्रहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको कुरा यस अध्यायमा समावेश गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो अध्यायमा *ताप* उपन्यासमा रहेको लैङ्गिक अवस्थाको विश्लेषण गरिएको छ । जसअन्तर्गत कथानक, चरित्रपरक अध्ययन, लैङ्गिक अवस्था, लैङ्गिक भूमिका, लैङ्गिक समस्याको चर्चा गरिएको छ ।

प्रस्तुत शोधपत्रका पाँचौ अध्यायमा *ताप* उपन्यासमा रहेको लैङ्गिक चेतनालाई प्रस्तुत गरिएको छ । जसअन्तर्गत लैङ्गिक समानता, वैचारिक परिवर्तन, सशक्तीकरण जस्ता पक्षहरू जसले नारीलाई माथि उठ्न सहयोग पुऱ्याउँछ त्यस्ता कुराहरूलाई वकालत गरिएको छ ।

प्रस्तुत शोधपत्रको छ अध्यायमा *ताप* उपन्यासमा प्रयुक्त लैङ्गिकताको भाषाको चर्चा गरिएको छ । जसअन्तर्गत लिङ्गको आधारमा महिला र पुरुषले प्रयोग गर्ने भाषा र शैक्षिक अवस्थाका आधारमा शिक्षित वर्ग र अशिक्षित वर्गले प्रयोग गर्ने भाषाको तुलनात्मक अध्ययन हिंसाजन्य भाषा, चेतनशील भाषा, समानताकेन्द्री भाषाको चर्चा गरिएको छ ।

अन्तिम सात अध्यायमा सम्पूर्ण शोधकार्यको सारांश, निष्कर्ष तथा उपयोगितालाई समेटिएको छ । सारांशअन्तर्गत सम्पूर्ण संक्षिप्त चर्चा गरिएको छ भने निष्कर्षअन्तर्गत अध्याय चार, पाँच र छको व्याख्या विश्लेषणको निष्कर्ष र उपयोगिताअन्तर्गत प्रस्तुत शोधकार्यले नीतिगत तथा प्रयोगात्मक तहमा पुऱ्याउने फाइदालाई समेटिएको छ ।

## ७.२ निष्कर्ष

*ताप* उपन्यासको लैङ्गिक अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

क) *ताप* उपन्यासलाई लैङ्गिक भूमिकाको आधारमा हेर्दा उत्पादक भूमिकामा समानता पाइए तापनि अनुत्पादक, सामाजिक, आध्यात्मिक, धार्मिक, राजनीतिक भूमिकामा महिलाको सहभागिता कम भएकाले असमानता पाइयो ।

ख) पात्रगत दृष्टिले तुलना गर्दा पुरुष र महिलामा पुरुष पात्र बढी रहेको पाइयो ।

ग) समानताका दृष्टिले हेर्दा पुरुष पात्रभन्दा महिला पात्र बढी स्वतन्त्रता र आत्मनिर्भर भएको पाइयो ।

घ) उपन्यासमा अधिकांश पात्रहरू पितृसत्तात्मक मानसिकताबाट ग्रसित भएको पाइयो ।

ङ) परम्परावादी रुढीग्रस्त समाजभन्दा नितान्त बेग्लै समाजको प्रस्तुत गरी परम्परावादी दृष्टिले महिला र पुरुषका हरेक पक्षहरूलाई हेर्न नहुने विचार अघि सारिएको पाइयो ।

च) सशक्तीकरणका दृष्टिकोणबाट हेर्दा उचित तवरले महिलालाई प्रोत्साहन दिइएको पाइयो ।

छ) लैङ्गिक चेतनाको आधारमा हेर्दा पुरुष पात्रलाई भन्दा महिला पात्रलाई बढी चेतनशील बनाइए तापनि पितृसत्तात्मक सोचमा रहेका पुरुषहरूलाई पनि केही हदसम्म सचेत गराइएको पाइयो ।

ज) लैङ्गिक दृष्टिकोणबाट हेर्दा उपन्यासमा महिला र पुरुषलाई समान तवरबाट हेरिएको पाइयो ।

झ) यस उपन्यासमा अन्य उपन्यासहरूमा भन्दा महिलालाई बढी मात्रामा स्वतन्त्र निर्णय गर्न दिई त्यसबाट तापको सिर्जना भएको देखिन्छ ।

ञ) परम्परावादी मान्यता र आदर्शवादी सोचाइ नभएका व्यक्तिहरूबाट महिलामाथि हिंसा भएको पाइयो ।

ट) उपन्यासमा सरल, सहज, बोधगम्य तथा पात्र परिवेश अनुकूलको भाषाको प्रयोगका साथै अनुकरणात्मक शब्द, आगन्तुक शब्द र ठेट नेपाली शब्द प्रयोग गरेको पाइयो ।

ठ) *ताप* उपन्यासमा वर्तमान समाजमा रहेको सामाजिक, सांस्कृतिक, राजनीतिक, द्वन्द्व, अन्याय, अत्याचार, धर्म, अधर्मका झलक तथा भविष्यको जिम्मामा छाडिएका सम्भावनाहरूलाई विभिन्न तहतप्का वर्ग र स्तरका पात्रको प्रयोग गरी छर्लङ्ग पारेको पाइन्छ ।

ड) शैक्षिक स्तरका आधारमा उपन्यासमा धेरै शिक्षित पात्र रहेका छन् । उनीहरूले प्रयोग गरेको संवादमा स्वतन्त्रताका कुरा तथा शब्दहरूमा आधुनिकताको आभाष पाउन सकिन्छ र आगन्तुक शब्दको प्रयोग गरेको पाइन्छ भने अशिक्षित पात्रले प्रयोग गरेको भाषामा भाषिकाको प्रभावका साथै झर्रा शब्दको प्रयोग गरेको पाइन्छ ।

ढ) वर्गीय आधारमा भाषालाई हेर्दा उच्च वर्गले प्रयोग गरेको भाषामा उच्च आदरार्थीको प्रयोग प्रचुर मात्रामा रहेको पाइन्छ भने मध्यम वर्गले प्रयोग गरेको भाषामा सामान्य आदरार्थीको प्रयोग भएको पाइन्छ ।

ण) यसमा इतिहास र वर्तमानको समय-त्रासदीका प्रहार भेटिन्छन् । आफ्नै वरिपरि रहेका जस्ता लाग्ने पात्रहरूको आध्यामिक-सामाजिक आकाङ्क्षा र यौन तिर्सनाका तरङ्ग फेला पर्दछन् ।

त) यस उपन्यासमा विभिन्न प्रकारका तापहरूबाट बच्न मानिसहरूले गर्ने सफल तथा असफल प्रयासहरू देख्न सकिन्छ ।

थ) यस उपन्यासमा विविध विषयवस्तुहरू इतिहास, वर्तमान, युद्धकालीन, सङ्कटकालीन, राजनीतिक, बौद्ध धर्म, आश्रम, सन्यासी जीवन आदिलाई सिलसिलाबद्ध ढङ्गबाट एकीकृत गरी प्रस्तुत गरिएको पाइन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययनपश्चात् निम्न तहमा उपयोगी हुन सक्ने देखिन्छ :

### ७.३.१ नीतिगत तह

- लैङ्गिक समानताको अवस्थाको बारेमा जानकारी लिन ।
- लैङ्गिक समानता स्थापनार्थ सरकारी तथा गैरसरकारी कार्यक्रमको विश्लेषण गर्न सहयोग पुऱ्याउने ।
- लैङ्गिक अवस्थाको विश्लेषण गरी सुधारात्मक उपायको खोजी गर्न सहयोग पुऱ्याउने ।
- महिला र पुरुषलाई समान अधिकारको सुनिश्चितता गर्न पहल गर्ने ।
- लैङ्गिक समानताको बारेमा जान्न चाहने व्यक्ति, संस्था, शोधकर्ता, सरकारी र गैरसरकारी क्षेत्रलाई जानकारी मिल्ने ।

### ७.३.२ प्रयोगात्मक तह

- परम्परागत पितृसत्तात्मक धारणामा परिवर्तन गरी सामाजिक, सांस्कृतिक अन्धविश्वासको निराकरण गराउन सहयोग मिल्ने ।
- समाज परिवर्तनका लागि महिला र पुरुषको समान भूमिका भएकाले महिलाहरूलाई पनि मानवीय व्यवहारले हेर्न सहयोग पुऱ्याउने ।

- भाषिक दृष्टिकोणबाट महिला र पुरुषलाई भेदभाव नगरी विकासमा सहयोग पुऱ्याउने ।
- *ताप* उपन्यासमा रहेको लैङ्गिकताको अध्ययनले लैङ्गिक समानता, समता र सशक्तीकरणको जानकारी पाई लैङ्गिक विभेदबाट मुक्ति दिलाउने ।
- *ताप* उपन्यासको लैङ्गिक अध्ययन हालसम्म नभएकाले यो अध्ययनीय विषयको रूपमा रहने ।
- लैङ्गिक चेतना र दृष्टिकोणबाट अतिरिक्त भाषिक प्रयोगबाट सिर्जित *ताप* उपन्यासको नवीन सौन्दर्य शिल्प उद्घाटन र मूल्याङ्कन गर्नको लागि प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहने छ ।